# पहिलो–परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको **शीर्षक पुण्यप्रसाद सुवेदीका कविताको विश्लेषण** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र सङ्कायअन्तर्गत् नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

पुण्यप्रसाद सुवेदी (१९९०-२०४२) नेपाली साहित्यका क्षेत्रमा एक अग्रणी व्यक्तित्व हुन् । नेपाली साहित्यका क्षेत्रमा उनको उल्लेखनीय योगदान रहेको छ । नेपाली साहित्यका कथा, कविता, गीत र समालोचनाजस्ता विभिन्न विधामा देखाएको साहित्यिक क्रियाशीलताका कारण नेपाली साहित्यका क्षेत्रमा उनको व्यक्तित्व गरिमामय बन्न पुगेको छ । जीवनको लामो समयसम्म राजनीतिमा क्रियाशील सुवेदीका साहित्यको क्षेत्रमा थोरैमात्र पुस्तकाकार कृति प्रकाशित भएका छन् ।

२०४१ सालमा **डाँफेचरी** पत्रिकामा **सङ्गिनी** शीर्षकको समालोचनात्मक लेख प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेका सुवेदीको पहिलो प्रकाशित कृति **धुँवाका चक्काहरू** (२०२८) हो । साझा प्रकाशनबाट प्रकाशित यस पुस्तकमा उनका नौवटा कथाहरू प्रकाशित छन् । उनको निधन भएको २० वर्ष पछाडि **पुण्यप्रसाद सुवेदी स्मृति समिति**ले २०६१ सालमा **पुण्यप्रसाद सुवेदीका कविता** प्रकाशित गराएको छ । यस सङ्ग्रहमा ४५ वटा कविताहरू र ४ वटा गीतहरू सङ्गृहीत रहेका छन् ।

यिनै दुईवटा पुस्तकाकार कृतिका अतिरिक्त विभिन्न विधाका फुटकार लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । यी कृतिहरूको नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय महत्त्व रहेको छ । यसरी साहित्यका विभिन्न क्षेत्रमा संलग्न पुण्यप्रसाद सुवेदीका कविताहरूको विश्लेषण प्रस्तुत शोत्रपत्रमा गरिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रको मूल समस्या पुण्यप्रसाद सुवेदीको कविताको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ । उनका कविताहरूको विश्लेषण र मूल्याङ्कन गर्नका लाीग प्रस्तुत शोत्रपत्रमा निम्नलिखित समस्याहरू रहेका छन् :

१) पुण्यप्रसाद सुवेदीको जीवनी र व्यक्तित्व केकस्तो छ ?

२) उनका कविताहरू केकस्ता रहेका छन् ?

३) उनका गीतहरू केकस्ता रहका छन् ?

४) नेपाली कविताको क्षेत्रमा उनका केकस्ता प्रवृत्ति छन् ?

उपर्युक्त समस्याहरूलाई नै यस शोधकार्यको मूल समस्याका रूपमा लिइएको छ । यिनै समस्याहरूको केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

पुण्यप्रसाद सुवेदीका कवितामा आधारित भई समस्याकथनमा उठेका समस्याहरूको ठोस, विस्तृत र तथ्यपरक अध्ययन विश्लेषण गर्नका लागि प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ ।

१) पुण्यप्रसाद सुवेदकिो जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ।

२) उनका कविताहरूको अध्ययन र विश्लेषण गर्नु ।

३) उनका गीतहरूको अध्ययन र विश्लेषण गर्नु ।

४) नेपाली कविताका क्षेत्रमा उनका प्रवृत्तिको चर्चा गर्नु ।

## १.६ पूर्वकायको समीक्षा

पुण्यप्रसाद सुवेदको जीवनी, व्यक्तित्व र उनका कविता कृतिका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरेका छन् । उनका बारेमा भएको अध्ययनको सारसङ्क्षेप कालक्रमिक ढङ्गमा निम्नानुसार प्रस्तुत गरिएको छः

राममणि रिसालले **काव्य र कविता** (२०५०) मा- १००७ सालपछि कविताका क्षेत्रमा उदाउने दरिलो कमल र आशाप्रद भविष्य भएका पुण्यप्रसाद सेवेदीका कविताहरू आधुनिक विचार, प्रबुद्ध चेतना, वर्तमान युगका असन्तोष र यथार्थ जागरणबाट ओतप्रोत भएका छन् भनेका छन् ।

रविमान लम्जेलले **कोशी अञ्चलको साहित्यिक इतिहास** (२०५०) मा पुण्यप्रासद सेवेदकि कथाहरू आर्थिक, मनोवैज्ञानिक तथा सामाजिक तहमा लेखिएका तर स्तरीयताका दृष्टिले माथि उठ्न नसकेका, तर उनका कवितामा कोमलता, लयात्मकता र हृदयस्पर्शीता रहेको कुरा प्रस्तुत गरेका छन् ।

शिव रेग्मीले, **अभिव्यजनका कवि पुण्यप्रसाद सुवेदी** शीर्षक लेख **मधुपर्क** २०५७,३३ :४ मा पुण्यप्रसाद सुवेदी वि.स. २००० सालपछि कवि भीमदर्शन रोक्काले सुरु गरेको रुमानी शैलीका कवितामा नजिक नजिक र कवि भूपि शेरचनका काव्यात्मक अभिव्यञ्जना शैलीसँग जोडिन पुगेको धारणा राखेका छन् ।

हिरण्य भोजपुरेद्वारा सम्पादित **लेकाली सङ्गीतयात्रा** (२०५८) मा सिर्जनशील, परिपक्व, प्रभावशाली र प्रबुद्ध सङ्गीतमा आधारित गीतहरूको उचाई थप्दै लगेर उत्कर्षसम्म उठ्ने स्व. पुण्यप्रसाद सुवेदीको कोठे लोक गीतमा नेपालीपनको सङ्गीत, गरिमा, शब्द, भाव, भाका र स्वरले एउटा चुली दिएको कोठे लोकगीत पनि स्तरीय हुन सक्छन् भन्ने गीतको नमुनामा उनको **शितलुमाथि** गीतको उदाहरण दिएका छन् ।

रोशन सुवेदीले **कान्तिपुर,** (२०५८ बैशाख १५) मा **बिर्सिका कवि पुण्यप्रसाद सेवेदी एक शब्दचित्र** शीर्षकमा पुण्यप्रसाद सुवेदीका परिचायात्मक चर्चा गर्दै उनका समकालीन् कवि भूपि शेरचन, मदन रेग्मी, द्वारिका श्रेष्ठ आदिका कवितासँग तादात्म्य राखी थोरै शब्द, व्यङ्ग्य र प्रतीक प्रयोग गरी कविता लेख्ने कविका रूपमा चिनाएका छन् ।

अभि सुवेदीले **कान्तिपुर** (२०५९ असोज १५) **नयाँ सडक रश्मि र साहित्य** शीर्षक लेखमा पुण्यप्रसाद सुवेदीमा आजको जटिल साहित्य सिद्धान्तमा उठेका साहित्यका मूल मुद्दाका कुरालाई एउटा सरल पद्धतिमा राखेर हेर्ने बानी थियो, भनेर चिनाएका छन् ।

देवीमाया सिवाकोटीले **पुण्यप्रसाद सुवेदीको जीवन, व्यक्तित्व र कृतित्व,** (२०६१) मा पुण्यप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वबारे चर्चा गरिएको छ ।

पुरुषोत्तम सुवेदीले **पुण्यप्रसाद सुवेदीका कविता** नामक कविता सङ्ग्रहको **'धन्यवाद'** शीर्षकको भूमिकामा थोरै शब्द, राम्रो व्यङ्ग्य संयोजन, बिम्बप्रधान रुमानी शैली उनको कविता सिर्जनाको विशेषता हो, भनेर चिनाएका छन् ।

पुण्यप्रसाद सुवेदीले आफ्नो जीवनमा गरेका कार्यहरूलाई प्रकाशमा ल्याउन **पुण्यप्रसाद सुवेदी स्मृति समितिले पुण्यप्रसाद सुवेदी स्मृति ग्रन्थ** (२०६१) प्रकाशन गरेको छ । यस ग्रन्थभित्र विभिन्न विद्वान्ले पुण्यप्रसाद सुवेदीको योगदानबारे चर्चा गरेको छन् । ती लेखहरूमा पुण्यप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको विभिन्न आयामलाई प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा पुण्यप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कविता कृतिको सामान्य चर्चा परिचर्चाका क्रममा एकपक्षीय र सङ्क्षिप्तरूपमा फाटफुट अध्ययन भएको देखिन्छ । तर उनका कविताकृतिको अध्ययन र विश्लेषण अहिलेसम्म भएको छैन । यसर्थ प्रस्तुत शोधपत्रमा उनका कविताकृतिका बारेमा विस्तृत चर्चा गरिएको छ ।

साथै प्रयुक्त अध्ययन विश्लेषणका निष्कर्षबाट समेत प्रस्तुत शोधकार्यमा सहयोग लिइएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

पुण्यप्रसाद सुवेदी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनका कविता कृतिको नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण स्थान रहेको छ । उनका कविता कृतिको बारेमा विस्तृत अध्ययन अनुसन्धान नगरिएकाले पुण्यप्रसाद सुवेदीका कविताको विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको औचित्य, महत्व र उपयोगिता हो । उनले गरेका कार्यका आधारमा विभिन्न कोणबाट व्याख्या गरिएका उनका कविताका बारेमा जिज्ञासा राख्ने जो सुकैका लागि प्रेरणा र शोधार्थीका लागि मार्गनिर्देशन हुनेछ । साथै नेपाली अनुसन्धान परम्परामा थप योगदान पुग्ने भएकाले पनि प्रस्तुत शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

पुण्यप्रसाद सुवेदी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । यिनले केही कथा र समालोचनाका साथै कविताहरू लेखेका छन् । यसमा उनका कथा, समालोचना, जीवनी र व्यक्तित्वको सामान्य विश्लेषण गरिएको छ भने प्रस्तुत शोधपत्रचाहिँ उनका कविताको अध्ययन, विश्लेणमा विशेष केन्द्रित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यका लागि मूलतः पुस्तकालयीय अध्ययन पद्धतिका आधारमा आवश्यक पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेखहरू सङ्कलन गरिएको छ । यसका अतिरिक्त सम्बद्ध क्षेत्रका विशेषज्ञहरू तथा आफन्त, नातेदार, साथीसङ्गी र विद्यार्थीहरूसँग पनि विविध प्रश्नावली र अन्तर्वार्ताद्वारा शोधपुछ गरी सामग्री सङ्कलन गर्ने तथा आवश्यक सुझाव एवम् सल्लाह लिने कार्य गरिएको छ । प्राप्त

सामग्रीलाई जीवनीपरक, प्रभावपरक, कृतिपरक, संरचनावादी तथा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रलाई निम्नलिखित 'छ' परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | पुष्यप्रसाद सुवेदीको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद | : | पुण्यप्रसाद सुवदीका कविताको विश्लेषण |
| चौथो परिच्छेद | : | पुण्यप्रसाद सुवेदीका गीतको विश्लेषण |
| पाँचौ परिच्छेद | : | पुण्यप्रसाद सुवेदीका काव्यप्रवृत्ति |
| छैठौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष । |

उपर्युक्त छ परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शाीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

## पुण्यप्रसाद सुवेदीको संक्षिप्त परिचय

### २.१ जीवनी

#### २.१.१ जन्म र जन्मस्थान

पुण्यप्रसाद सुवेदीको जन्म तेह्रथुम जिल्ला, साब्ला गाउँ विकास समिति वडा नं. ४ निवासी रामप्रसाद सुवेदी र विष्णुमाया सुवेदीका जेष्ठ सुपुत्रका रूपमा वि.स. १९९० साल फागुन २० गतेका दिन भएको हो ।[ज्ञ]

#### २.१.२ बाल्यकाल र स्वभाव

रामप्रसाद सुवेदीका दुईजना पत्नीहरू विष्णुमायाा सुवेदी र जगमाया सुवेदी मध्ये जेठी पत्नी विष्णुमाया सुवेदीका पुण्यप्रसाद सुवेदी जेठा सन्तान थिए ।[द्द] सुवेदी परिवारकै जेठा सन्तान भएको कारण हजुरबुबा तथा बाबु आमाको माया उनले स्वाभाविक रूपमा पाएका थिए । साब्ला गाउँका जमिन्दार सुवेदी परिवारमा उनको जन्म भएको कारण बाल्यकालमा कुनै पनि आर्थिक तथा सामाजिक असर उनमा परेन ।[घ] उनलाई चाहिएका आवश्यकीय वस्तुहरू सजिलै उपलब्ध हुन सक्थ्यो । उनले सानै उमेरमा **रामायण** तथा **लघु कौमुदी**का पाठ कण्ठ गरेका थिए ।[द्ध] उनको बाल्यकालको स्वभाव भने उनी सजिलै कण्ठ गर्न सक्थे । पढ्नको लागि विद्यालयको अभावका कारण उनको बाल्यकाल हजुरबुवासँग गोठालो जाँदा र खेल्दा नै बितेको

---

[ज्ञ] सूर्य सुवेदी, सम्पा, **पुण्यप्रसाद सुवेदी स्मृति ग्रन्थ,** (मोरङः पुण्यप्रसाद सुवेदी स्मृति समिति, २०६१), पृ. १५।

[द्द] देवीमाया सिवाकोटी, **पुण्यप्रसाद सुवेदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित एम्. ए. शोधपत्र, स्नातकोत्तर क्याम्पस विराटनगर, २०६०), पृ. ४५ ।

[घ] ऐजन ।

[द्ध] ऐजन ।

थियो । डन्डीवियो, पौडी र फुटबल खेल्न उनी मन पराउँथे ।[छ] साथीभाइसँग खेल्न र घुम्न मनपराउने उनी सानैदेखि केही गरौ भन्ने सोचका थिए ।[ट] आफूभन्दा ठूलालाई आदरसत्कार गर्ने र साथीभाइलाई माया गर्ने सुवेदी मान्यजनका कुराहरू ध्यान दिएर सुन्ने गर्दथे ।[ठ]

## २.१.३ उपनयन र विवाह संस्कार

पुण्यप्रसाद सुवेदीको उपनयन संस्कार वि.स.१९९९ सालको माघ महिनामा भएको थियो ।[ड] उपनयन सस्कार सम्पन्न भएको भोलिपल्ट नै उनको शुभविवाह सम्पन्न भएको थियो । तेह्रथुम जिल्लाको आठराई सङग्रान्ति गाउँका गंगाप्रसाद सिटौलाकी अन्तरी छोरी देवीमाया सिटौलासँग उनको विवाह भएको थियो ।[ढ] विवाह भएको समयमा उनी करिव नौ वर्षका मात्र थिए । उनको विवाह सानै उमेरमा भएको कारण उनकी श्रीमती केही वर्षसम्म माइतमा नै बसेकी थिइन् ।[ज्ञण]

## २.१.४ शिक्षा दीक्षा

पुण्यप्रसाद सुवेदीको अक्षरारम्भ वि.स. १९९६ सालमा श्रीपञ्चमीको दिन भएको थियो । उनलाई अक्षर सिकाउने गुरु गोपालमान भगवत थिए ।[ज्ञज्ञ] अनौपचारिक शिक्षाको रूपमा उनले सानैदेखि रामायण र कौमुदीका श्लोकहरू कण्ठ गरेका थिए । गाउँमा नजिकै विद्यालय नभएका कारण उनले विद्यालय तहको शिक्षा

---

[छ] ऐजन ।

[ट] ऐजन ।

[ठ] ऐजन ।

[ड] नारायण सुवेदीबाट प्राप्त जानकारी ।

[ढ] ऐजन ।

[ज्ञण] ऐजन ।

[ज्ञज्ञ] सूर्य सुवेदीबाट प्राप्त जानकारी ।

विवाह पश्चात् मात्र सुरु गरेका थिए । वि.स. २००४ सालमा सिंहवाहिनी मिडिल स्कुलको स्थापना भएपछि वि.स. २००६ सालमा उनी कक्षा दुईमा भर्ना भएका थिए ।[ज्ञद्द] सानै उमेरदेखि लगनशील र मेहनती भएको कारणले तीन वर्षको समयभित्र उनले कक्षा आठ उत्तीर्ण गरेका थिए ।[ज्ञघ] उनी वि.स. २००९ मा गोकुण्डेश्वर हाइस्कुल धनकुटामा कक्षा नौ मा भर्ना भएका थिए । सोही स्कुलबाट उनले वि.स. २०२१ मा प्रवेशिका परीक्षा तृतीय श्रेणीमा उत्तीर्ण भएका थिए ।[ज्ञद्ध] प्रवेशिका परीक्षा उत्तीर्ण गरे पछि उच्च शिक्षाको तयारीका लागि काठमाण्डौ प्रवेश गर्ने समयमा उनकी आमाको निधन भएपछि उनको उच्च शिक्षा अध्ययन गर्ने आकांक्षामा केही समय धक्का लाग्यो । घरबाट काठमाण्डौ आउने स्वीकृति नभएपछि २०११ सालको भदौ महिनामा दुई चार घोगा मकै बोकी घरबाट भागेर उनी काठमाण्डौ प्रवेश गरेका थिए ।[ज्ञछ] काठमाण्डौ प्रवेश गरे पछि उनी उच्च शिक्षाको लागि त्रिचन्द्र कलेजमा भर्ना भएका थिए । घरबाट भागेर आएको कारण आर्थिक अभाव भएकाले प्रमाणपत्रतहको पढाइलाई उनले सुचारु रूपमा अगाडि वढाउन सकेनन् । वि.स. २०१७ मा मात्र उनले प्रमाणपत्र तह तृतीय श्रेणीमा उत्तिर्ण गरेका थिए ।[ज्ञट] उनले वि.स. २०१९ मा सोही कलेजबाट स्नातक तह उत्तीर्ण गरेका थिए ।[ज्ञठ] वि.स. २०१९ मा नेपाली विषयमा उनी स्नातकोत्तर तहको अध्ययन गर्न त्रिभुवन विश्वविद्यालय, त्रिपुरेश्वरमा भर्ना भएका  थिए । वि.स. २०२१ मा उनले स्नातकोत्तर तह तृतीय श्रेणीमा उत्तीर्ण गरेका  थिए ।[ज्ञड] यसरी वि.स. २००६ देखि २०२१ सालसम्म उनको

---

[ज्ञद्द] ऐजन ।

[ज्ञघ] देवीमायाँ सिवाकोटी पूर्ववत ।

[ज्ञद्ध] ऐजन ।

[ज्ञछ] ऐजन  ।

[ज्ञट] ऐजन  ।

[ज्ञठ] ऐजन  ।

[ज्ञड] ऐजन  ।

अध्ययन कार्य अगाडि बढेको देखिन्छ । आफ्नो लगनशीलता र मेहनतको कारणले पढाइमा असफलता खासै भोग्नु परेन । तर प्रमाणपत्र तहको अध्ययनमा भने केही समय धक्का लगेको थियो । समग्रमा पढ्नमा उनी लगनशील र मेहनती थिए ।

### २.१.५ पेसा

पुण्यप्रसाद सुवेदी वि.स. २०१३ देखि शिक्षण पेसामा संलग्न भएका थिए । प्रमाणपत्र तहको अध्ययन पूरा गरेपछि उनले आफ्नै जिल्लाको सदरमुकाम म्याङलुङ बजारमा रहेको सिंहवाहिनी मिडिल स्कुलमा २०१३ सालदेखि २०१७ सालसम्म शिक्षण कार्य गरेका थिए ।[ज्ञढ] उनले वि.स. २०२० देखि महेन्द्र रत्न कलेजका संस्थापक प्राध्यापक भएर दुई वर्षसम्म प्राध्यापन कार्य गरेका थिए ।[द्दण] उनले २०२२ सालमा त्रिभुवन विश्वविद्यालयको निरीक्षक भएर एक वर्षसम्म काम गरेका थिए ।[द्दज्ञ] वि.स. २०२३ देखि २०२७ सालसम्म तत्कालीन मन्त्रिपरिषदका अध्यक्ष सूर्यबहादुर थापाको निजी सचिव भएर काम गरेका थिए ।[द्दद्द] यसरी आफ्नो जीवनको करिव १४ वर्षसम्म पेशा व्यवसायमा संलग्न रहेका पुण्यप्रसाद करिव ११ वर्ष शिक्षण पेसामा संलग्न भएका थिए ।

### २.१.६ आर्थिक अवस्था

पुण्यप्रसाद सुवेदी गाउँमा जन्मिएका भए पनि उनले सानो उमेरमा आर्थिक अभावको महसुस गर्नु परेन । साब्ला गाउँका जमिन्दार सुवेदी परिवारमा जन्मिएका सुवेदीको पुर्खाको सम्पत्ति राम्रै थियो ।[२३] उच्च शिक्षा अध्ययन गर्ने क्रममा घरबाट

---

[ज्ञढ] सूर्य सुवेदी पूर्ववत पृ. १६ ।

[द्दण] ऐजन, पृ. ७६ ।

[द्दज्ञ] ऐजन, पृ. १६ ।

[द्दद्द] ऐजन ।

[द्दघ] तेजमान तुम्वाहाङफेबाट प्राप्त जानकारी ।

कसैलाई थाहै नदिई भागेको समयमा भने उनले थुप्रै आर्थिक समस्या बेहोर्नु पऱ्यो ।[द्दध] पुर्खाको सम्पत्ति धेरै भए पनि दुई आमाका दाजुभाई धेरै भएको कारणले परिवारमा अंशवण्डा पछि उनी मोरङको बेलबारीमा जग्गा-जमिन किनेर बसेका थिए ।[द्दछ] त्यहाँ उनले एउटा चामल मिल पनि खोलेका थिए ।[द्दट] उनले त्यहाँको भगवती मा.वि.को स्थापनाका लागि जग्गादान पनि गरेका थिए ।[द्दठ] यसरी समग्ररूपमा हेर्दा सुरुमा पुण्यप्रसाद सुवेदीको आर्थिक अवस्था राम्रो थियो । अध्ययनका क्रममा केही आर्थिक अभाव महसुस गरे पनि जीवनको उत्तरार्धमा आर्थिक अवस्था राम्रो रहेको कुरा विद्यालयलाई जग्गादान गरेबाट पनि प्रष्ट हुन्छ ।

### २.१.७ दाम्पत्य जीवन र सन्तान

पुण्यप्रसाद सुवेदीको विवाह वि.स. १९९९ मा नौ वर्षको उमेरमा भएको थियो । २०४२ सालसम्म करिव ४३ वर्षसम्म उनको दाम्पत्य जीवन सुखसयलका साथ वितेको थियो । विवाह भएको केही समयसम्म श्रीमती माइतमा नै बसेकी थिइन् ।[द्दड] अध्ययनको क्रममा वि.स. २००९ देखि करिब ३,४ वर्ष सम्म पनि श्रीमान् श्रीमती बेग्ला बेग्लै बस्नु परेको थियो ।[द्दढ] त्यसपछि काठमाडौं र बेलवारीमा उनको दाम्पत्य जीवन सुख सयलका साथ वितेको थियो ।[घण] उनका तीन छोरा र एक छोरी रहेका छन् । उनका जम्मा ६ जना छोरा र दुई जना छोरी भएपनि तीन छोरा र एक छोरीको भने सानै उमेरमा मृत्यु भएको थियो । उनका तीन छोरामध्ये जेठा छोरा परशुराम सुवेदीको जन्म २०१६ सालमा भएको थियो । बी.एल.सम्मको अध्ययन गरेर

---

२४ अभि सुवेदीबाट प्राप्त जानकारी ।

२५ पुरुषोत्तम सुवेदीबाट प्राप्त जानकारी ।

२६ ऐजन ।

२७ ऐजन ।

२८ देवीमायाँ सिवाकोटी पूर्ववत पृ.।

२९ ऐजन ।

३० ऐजन ।

पेसाले उनी वकिल पेसामा संलग्न रहेका छन् । माहिला छोरा रबिन्द्र सुवेदीको जन्म २०२९ सालमा भएको थियो । उनी अहिले कृषि अधिकृतको रूपमा कृषि मन्त्रलयमा कार्यरत छन् । कान्छा छोरा कविन्द्र सुवेदीको जन्म २०३५ सालमा भएको थियो । उनी अहिले विज्ञान विषयमा स्नातकोत्तर तह पुरा गरेर शिक्षण पेसामा संलग्न छन् । उनकी जेठी छोरी कल्पना विवाह पश्चात भारतको सिक्किममा रहेको छन् ।[३१]

### २.१.८ सिर्जनाको प्रारम्भ र प्रकाशनको थालनि

पुण्यप्रसाद सुवेदी विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक कार्यक्रमहरूमा सहभागि हुन्थे । भित्ते पत्रिकाहरूको प्रकाशन र तिनै पत्रिकाहरूको माध्यमबाट उनी आफ्ना रचनाहरूलाई पाठक समक्ष पुऱ्याउथे ।[३२] उनले मूलरूपमा कथा, कविता र समालोचनाको क्षेत्रमा कलम चलाएका छन् । पुण्यप्रसाद सुवेदीका कथा, कविता, गीत र समालोचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । ती प्रकाशित रचनाहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छः-

| **कथा शीर्षक** | **प्रकाशन स्रोत** |
|---|---|
| दलमुखी | **मगज**, (हस्तलिखित पत्रिका, सिंहवाहिनी मा.वि)२०१५ । |
| चारचिठी दुई उत्तर | **रचना**, (वर्ष १, अङ्क २, पूर्णङ्क ७), २०२७ । |
| बौलाही | **सिंहनाद**, (वर्ष १, अङ्क ३, २०१९), पृ ३८-४२ । |
| धुवाँका चक्काहरू | **रचना** (वर्ष ६, अङ्क १), २०२७ । |

यी कथाहरूका अतिरिक्त अन्य कथाहरू समावेश गरेर **धुवाँका चक्काहरू** कथासङग्रह साभ्का प्रकाशनबाट २०२८ सालमा प्रकाशित भएको छ ।

---

[३१] ऐजन ।

[३२] ऐजन

| **कविता शीर्षक** | **प्रकाशन स्रोत** |
|---|---|
| स्मृतिः | **रूपरेखा,** (वर्ष ३, अङ्क ९, २०१९) । |
| कल्पनाः | **धौलागिरी,** (वर्ष १, अङ्क १, २०१८), पृ. ८ । |
| मोजाः | **प्रोत्साहन** (वर्ष ३, अङ्क १, २०१९) । |
| एउटा अधवैसे भोगटको रुख छेउमाः | **रचना,** (वर्ष ३, अङ्क १२, २०१९) । |
| चैते झरीमाः | **लता,** (वर्ष १, अङ्क १, २०१९) । |
| बग्दाबग्दै हराइरहेछुः | **द्यौराली,**(वर्ष २, अङ्क २, श्रावण, २०२०, असार , २०२१), पृ. ७५ । |
| अपुरा सपना अधुरा विपनाः | **कविता**, (वर्ष १, अङ्क ३, २०२१) । |
| आफ्नै नापः | **फूलपाति,** (अङ्क १, २०२१ वैसाक-जेठ) पृ. २८-२९ । |
| चङ्गाः | **हिमानी,** (वर्ष १, अङ्क २, २०२१) । |
| पाँच त्यान्द्रः | **मुकुट,** (वर्ष ३, अङ्क ३ पु. १२, २०२२) पृ.४९ । |
| भष्म कुण्डः | **मुकुट,** (वर्ष ३, अङ्क ३, पु. १२, २०२२) पृ.४९ । |
| मेरा रात मेरा दिनः | **मगज**, २०२२ पृ. ५४ । |
| प्रकम्पित छ वायुमण्डलः | **नयाँ कविता,** (वर्ष १, अङ्क २, २०२२) । |
| सिङ्गो मान्छेको टुक्रिएको जीवनः | **फूलपाति,** वर्ष ७, २०२३ जेठ), पृ. १७८ । |
| एक जीवन चार रङ्गः | **प्रतिविम्ब** ,(वर्ष २, अङ्क २, २०२३) । |

प्रेमको पहिलो संस्करणः **संङ्गमसुधा**, २०२४ ।

हिम शिखर चुमेर हिउँद आईः **मधुपर्क**, (वर्ष १, अङ्क ९, २०२५) ।

ओढाएर धरतीलाई तुषाराका लुगाहरूः**मधुपर्क**, (वर्ष २, अङ्क ९, २०२५) पृ. ३७ ।

व्यङ्गय चित्रः **धुपी** (अङ्क १, २०२७) ।

जीवन एउटा टोचा लागेको हुलाक टिकटः **मधुपर्क**, (वर्ष ३,अङ्क २, २०२७), पृ.६०-६१।

आजको दिन पनि त्यसै वित्यो **मधुपर्क**, (वर्ष ३, अङ्क ५, २०२७), पृ. ७४-७५ ।

एपोलो ११का छायाँमुनि बसेरः **क्षितिज सामुहिक सङ्कलन** ३, २०२८ ।

तीन कविताः **पहाड** (वर्ष १, अङ्क १, २०३८) ।

एक रात एकपागल एक प्रतापः **गरिमा** (वर्ष १२, अङ्क ३ २०५०), पृ. १३५ ।

निर्माणको भारी बोकेरः **गोरखापत्र**, (जेठ ७, २०५१) ।

काठमाडौः **नेपाली समकालीन कविता** (२०५५), पृ. १५६ ,

एउटा भयानक सपनाः **नेपाली समकालीन कविता** (२०५५), पृ. १५६ ।

यी कविताहरूका अतिरिक्त अन्य कविताहरू सङ्कलन गरेर 'पुण्यप्रसाद सुवेदीका कविता' (२०६१) स्मृति समितिबाट प्रकाशित भएको छ ।

**समालोचना**

**समालोचना शीर्षक** **प्रकाशन स्रोत**

साँगिनीः **डाँफेचरी**, (रुख ४, फूल १, २०१४, शरद), पृ. ५०-५३ ।

फाटफुट पुर्वेली रन्कोः **डाँफेचरी**, (**रुख** ४, फूल ३, २०१५) पृ.५६-६०

देवकोटाको छरिएका विशेषताः **कविता**, ( वर्ष २, अङ्क १, हिउँद २०२२)

**गीतहरू**

पुण्यप्रसाद सुवेदीका तीनवटा गीतहरू रेडियो नेपालबाट रेकर्ड भएका छन् । ती गीतहरु यसप्रकार छन्:

| **गीतहरू** | **गायक गायिकाको नाम** |
|---|---|
| साँगुरी वारिः | तारादेवी |
| शितलु माथि नि शितलु भयो निः | तारादेवी, पुष्प नेपाली |
| घुमाइमा चुमाई घुम बुन्ने दाजुः | तारादेवी, पुष्प नेपाली |

यी गीत तथा अर्को एक गीत 'यो मन' समावेस गरेर **पुण्यप्रसाद सुवेदीका कविता** (२०६१) कविता सङ्ग्रहमा सङ्ग्रहित गरिएको छ ।

समग्रमा हेर्दा उनका हालसम्म दुइवटा पुस्ताकाकार कृति प्रकाशित भएका छन् । ती पुस्तक हरूमाः

**धुवाँका चक्काहरू** (२०५८), साझा प्रकाशन, कथा सङ्ग्रह ।

**पुण्यप्रसाद सुवेदीका कविता** (२०६१) स्मृति समिति, कविता सङ्ग्रह ।

### २.१.९ भ्रमण

पुण्यप्रसाद सुवेदीले नेपालका विभिन्न भू-भाग तथा भारतका विभिन्न स्थानको भ्रमण गरेका थिए ।[३३]

### १.१.१० देहावसान

पुण्यप्रसाद सुवेदीको चुरोट खाने बानी थियो । त्यसकारण उनलाई फोक्सोको क्यान्सर भएको थियो । वि.स. २०३८ सालमा शिकार खेल्न जाँदा दाहिने पाखुरामा

[३३] पुरुषोत्तम सुवेदबिाट प्राप्त जानकारी ।

गोली लागेको थियो । यी दुवै समस्याबाट पीडित भएर २०४२ साल असोज ६ गते उनको निधन भएको थियो ।[३४]

## २.२ व्यक्तित्व

### २.२.१ शारीरिक व्यक्तित्व

पुण्यप्रसाद सुवेदी बाहिरबाट हेर्दा फराकिलो निदार, चौडा छाती र गोलो अनुहारका थिए । मिलेका दाँत, कपाल तालुमाथि केही झरेका पुण्यप्रसाद सुवेदी केही दुब्ला थिए । उनी सधैं नेपाली राष्ट्रिय पोशाक दौरा सुरुवाल र कोट लगाएर हिड्थे । उनको शारीरिक उचाई ६ फिटको थियो । उनी सामान्य नेपालीभन्दा केही अग्ला देखिन्थे । हाँसेर बोल्ने सुवेदी दारी सधैं काट्ने र जुँघा पाल्ने गर्दथे ।

पुण्यप्रसाद सुवेदीको स्वभाव गम्भीर, धीर र शिष्ट थियो । पढ्नका लागि सबैलाई प्रेरणा दिने पुण्यप्रसाद सुवेदी मान्यजनप्रति आदर र सत्कार गर्ने गर्दथे । आफूलाई मनमा लागेका कुरा निर्धक्कका साथ भन्ने गर्दथे । सधैं चुरोट खाने सुवेदी नैतिकताको पाठ सिकाउन पनि पछि पर्दैनथे । समग्रमा उनको आन्तरिक व्यक्तित्व शालीन, शिष्ट, भद्र र धीर प्रकृतिको थियो ।[३५]


### २.२.२ व्यक्तित्वका पाटाहरू

पुण्यप्रसाद सुवेदीको साहित्यिक क्षेत्रका साथै अन्य सामाजिक राजनीतिक र प्रशानिक क्षेत्रको संलग्नताका आधारमा उनको व्यक्तित्वका विभिन्न पाटाहरूको निर्माण भएको छ । उनको व्यक्तित्वका विभिन्न पाटाहरूलाई यसरी देखाइन्छ :

---

[३४] ऐजन ।

[३५] ऐजन ।




## २.२.२.१ साहित्यिक व्यक्तित्व

### १. कवि व्यक्तित्व

२०१८ सालमा **धौलागिरी** पत्रिकामा **कल्पना** शीर्षकको कविता प्रकाशित गरेर नेपाली कविताको क्षेत्रमा प्रवेश गरेका पुण्यप्रसाद सुवेदीका कविताहरू अन्य विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनले आफ्ना जीवनकालमा लेखेका विभिन्न कविताहरूलाई सङ्कलन गरेर उनको निधन भएको २० वर्ष पछि **पुण्यप्रसाद सुवेदी स्मृति समितिले पुण्यप्रसाद सुवेदीका कविता** (२०६१) प्रकाशित गरेको छ । यस कविता सङ्ग्रहभित्र ४५ वटा कविता र अन्य ४ वटा गीतहरू सङ्ग्रहीत गरिएका छन् । यस कवितासङ्ग्रहभित्र समावेश गरिएका कविता समयसापेक्ष, मार्मिक र हृदयस्पर्शी छन् । उनका कवितामा राजनैतिक र सामाजिक विकृतिप्रति विद्रोहको स्वर, प्रकृतिचित्रण, राष्ट्रप्रेमको भावना, कर्मप्रतिको विश्वास, मनवतावादी चेतना, जीवनप्रतिको निराशावादी दृष्टि पाइन्छ । यसै कवितासङ्ग्रहभित्र समावेश गरिएका कविता र गीतहरको बारेमा विस्तृतरूपमा पुण्यप्रसाद सुवेदीका कविताको विश्लेषण अध्यायमा गरिएको छ ।

## २. कथाकार व्यक्तित्व

पुण्यप्रसाद सुवेदीको पहिलो कथा **दलमुखी** हो । यो कथा सर्वप्रथम सिंहवाहिनी मिडिल स्कुल, म्याङलुङ, तेह्रथुमबाट २०१४ सालमा प्काशित हस्तलिखित पत्रिका **मगज**मा प्रकाशित भएको थियो । उनले विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा कथाहरू प्रकाशित गरेका थिए । पछि तिनै कथाहरूको सङ्ग्रह **धुवाँका चक्काहरू** साझा प्रकाशनबाट २०२८ सालमा प्रकाशित भयो । तिनै विभिन्न समयमा प्रकाशित कथाहरूको सूची कालक्रमका आधारमा यसप्रकार रहेको छ :

| **कथाको शीर्षक** | **प्रकाशन स्रोत** |
|---|---|
| दलमुखी | मगज, २०१५, सिंहबाहिनी मिडिल स्कुल । |
| बौलाहा | सिंहनाद, (वर्ष १, अङ्क ३, २०१९), पृ. ३८-४२ । |
| चार चिठी दुई उत्तर | रचना, (वर्ष १ अङ्क १) २०२१ । |
| धुवाँका चक्काहरू | रचना, (वर्ष ६१, अङ्क १ २०२७० । |
| डुकु र लाई | धुवाँका चक्काहरू, २०२८ पृ. १-८ । |
| स्वास्नी | धुवाँका चक्काहरू, २०२८, पृ. ३२-४० । |
| मखमली | धुवाँका चक्काहरू, २०२८, पृ. ४३-४८ । |
| अष्ट ग्रहमा थप ग्रह | धुवाँका चक्काहरू, २०२८, पृ. ४९-६५ । |
| छोरो | धुवाँका चक्काहरू, २०२८, पृ. १७-२६ । |

पुण्यप्रसाद सुवेदीका यी कथाहरूमा प्रायः ग्रामीण समाजमा घट्ने र घट्न सक्ने घटनालाई विषयवस्तु बनाइएको छ । आर्थिक अभावका कारण समाजमा विपन्नताको शिकार बन्न बाध्य नेपालीको कथालाई उनले प्रस्तुत गरेका छन् । उनले कथामा आफ्ना प्रत्यक्ष अनुभव, अनुभूति र देखे भोगेका घटनालाई यथार्थरूपमा

प्रस्तुत गरेका छन् । **'दलमुखी'** कथामा निम्नवर्गीय व्यक्तिका लागि विवाहलाई एउटा सामाजिक समस्याका रूपमा चित्रण गरेका छन् । **डुकु र लाई** कथामा निम्नवर्गीय परिवारको सानो काजीको कुलत र त्यसले थप्दै गएका समस्यालाई पनि प्रस्तुत गरेका छन् । **बौलाही** कथामा यौन पिपासु पुरुषहरूको पशुवत् चरित्रलाई प्रस्तुत गरेका छन् । त्यस्तै मखमली कथामा विपन्न मजदुर महिलाको वास्तविकतालाई प्रस्तुत गरेका छन् । यसरी समाजमा धनी वर्गले गरिब वर्गमाथि गर्ने शोषणलाई एकातिर प्रस्तुत गरेका छन् भने अर्कोतिर मनोवैज्ञानिक समस्या र तिनको निराकरणको उपाय खोज्ने प्रयास गरेका छन् । नारी हृदयमा पाइने मातृत्वको मनौवैज्ञानिक उद्‌घाटन **छोरो** कथामा प्रस्तुत गरिएको छ भने **डुकु र लाई** कथामा सानीको मनोवैज्ञानिक रोगलाई पत्ता लगाएका छन् । यस कथामा स्वभाविकरूपले नारीमा पाइने मनोवैज्ञानिक इर्ष्या प्रकट भएको छ । मनोवैज्ञानिक धरातलमा मनमा गुम्सिएर रहेका अवचेतन मनका कुण्ठलाई कथाकारले आफ्ना काव्यशिल्पका माध्यमले फुकाउने प्रयास गरेका छन् । त्यस्तै फ्रायडको यौन इच्छाहरूमा जब बाधा आइपर्दछ, त्यसलाई क्षतिपूर्ति सिद्धान्तअनुसार मान्छेले आफै पूरा गर्दछ भन्ने धारणा यस कथामा रहेको छ । काम शक्तिले मानवलाई पार्ने प्रभावलाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् ।

उनका कथामा विसङ्गतिवादी, अस्तित्ववादी जीवनदृष्टि पनि पाइन्छ । मान्छे नचाहेर जन्मन्छ र नचाहेरै मर्दछ । यो जन्म र मृत्युको सीमाभित्र मान्छेका क्रियाकलापहरू अर्थहीन र निसार हुने कुरालाई कथाकार सुवेदीले **धुँवाका चक्काहरू** कथामार्फत् देखाउन खोजेका छन् । उनको **चार चिठी र दुई उत्तर** कथामा पनि विसङ्गतिवादी जीवनदृष्टि पाइन्छ । उनले कथाको विषयमा नौलो प्रयोग पनि गरेका छन् । एउटै मान्छेले बेग्लाबेग्लै मान्छेलाई पठाएको चिठी र त्यसका जवाफलाई कथाकारले कथाको विषयवस्तु बनाएका छन् । आधुनिक नेपाली कथाको क्षेत्रमा यो नौलो प्रयोग हो ।

उनका सबै कथाहरू एक बसाइँमा पढेर सिध्याउन सकिन्छ । मानवतावादी जीवनदर्शनलाई अगाडि बढाएका उनका कथामा न्यून पात्रको प्रयोग गरिएको छ ।

पात्रानुकूल भाषाशैली, ठेट नेपाली भाषाको प्रयोगका साथै अनुकरणात्मक र निपात शब्दको प्रयोगले कथा उत्कृष्ट बनेका छन् । समग्रमा उनको कथाकार व्यक्तित्वलाई यसरी चिनाउन सकिन्छः

१. सामाजिक मनोवैज्ञानिक यथार्थवादी कथाकार ।

२. विसङ्गति  र अस्तित्ववादी कथाकार ।

३. प्रयोगवादी कथाकार ।

४. मानवतावादी कथाकार ।

५. सङ्क्षिप्तमा विषयवस्तु समेट्न सक्ने कथाकार ।

६. सरल, सहज र पात्रानुकूल भाषाशैलीको प्रयोग गर्ने कथाकार ।

समग्रमा पुण्यप्रसाद सुवेदी यथार्थवादी कथाकार हुन् ।

**३. गीतकार व्यक्तित्व**

पुण्यप्रसाद सुवेदी गीतकार व्यक्तित्व पनि हुन् । उनले २०२२ सालमा सङ्कलन गरेका ३ वटा गीतहरू रेडियो नेपालमा रेकर्ड भैसकेका छन् । उनले रचना गरेका गीतहरू र त्यसको प्रकाशन स्रोतलाई यस प्रकार प्रस्तुत गरिन्छ ः

| गीतको शीर्षक | प्रकाशन स्रोत |
|---|---|
| मेरो मन | पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ८१ |
| साँगुरी बारी नि | पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ८२ |
| शितलुमाथि नि | पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ८३ |
| घुमाईमा घुमाई | पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ८५ |

यी गीतहरूमध्ये यो मन शीर्षकको गीतबाहेक अन्य गीतहरू रेडियो नेपालबाट रेकर्ड भइसकेका छन् । उनका सबै गीतहरूमा प्रेमलाई नै विषयवस्तु बनाइएको छ । संयोग र वियोग दुवै किसिमका प्रेमको अभिव्यक्ति पाइने उनका गीतहरूमा एकालापीय र सम्वादात्मक दुवै शैलीको प्रयोग पाइन्छ । प्रायः पूर्वी पहाडी भू-भागको भाकालाई प्रस्तुत गरिएका उनका गीतहरू लयात्मक र गेयात्मक रहेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग गर्ने पुण्यप्रसाद सुवेदीलाई गीतकार व्यक्तित्वका रूपमा पनि चिनाउन सकिन्छ ।

### ४. समालोचक व्यक्तित्व

पुण्यप्रसाद सुवेदी २०१४ सालमा **सङ्गिनी** शीर्षकको समालोचनात्मक लेख **डाँफेचरी** पत्रिकामा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका हालसम्म ३ वटा समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । ती लेखहरूको प्रकाशन स्रोत र प्रकाशन वर्ष बारे कालक्रमअनुसार निम्नानुसार चर्चा गरिन्छ :

१. **सङ्गिनी, डाँफेचरी**, (रुख ४, २, २०४१०, पृ. ५० ।

२ फाटफुट पूर्वेली लोकगीतको रन्को, **डाँफेचरी** (रुख ४ फुल २,२०४१) पृ.४७-५३ ।

३. देवकोटाका छरिएका विशेषता, **कविता**, (वर्ष २, अङ्क १, २०२२), पृ. ९७-१०१ ।

यी समालोचनात्मक लेखहरूमध्ये **सङ्गिनी** र **फाटफुट पूर्वेली लोकगीतको रन्को** शीर्षकको लेखमा उनले नेपालको पुर्वी पहाडी-भूभागमा प्रचलित लोकगीतलाई सङ्कलन गर्दै तिनीहरूको गाउने र नाच्ने तरिकाबारे व्याख्या गरेका छन् । नेपालको पूर्व पहाडी भागमा केकस्ता भाकाहरू रहेका छन् ? ती भाकाहरू कुन-कुन समुदायमा प्रचलित छन् ? ती भाकाहरूले केकस्तो संस्कृतिलाई उजागर गरेको छ ? त्यसबारेमा सङ्क्षिप्तरूपमा जानाकारी दिएका छन् । **देवकोटाका छरिएका विशेषता** शीर्षकको समालोचनामा उनले देवकोटालाई विभिन्न आयामबाट चिनाउने प्रयास गरेका छन् । उनले देवकोटालाई कल्पनामा भावुक बन्ने बौद्धिक कविका रूपमा

चिनाएका छन् । देवकोटाका महाकाव्य, खण्डकाव्य र कविताह रूको चर्चा गर्ने क्रममा ती काव्यले आफूलाई पारेको प्रभावका बारेमा उनले प्रभावपरक समालोचना गर्ने प्रयास गरेका छन् । यसरी तीनवटा समालोचनात्मक लेखको आधारमा पुण्यप्रसाद सुवेदीलाई प्रभावपरक समालोचकको रूपमा चिन्न सकिन्छ । थोरै समालोचनात्मक लेखका आधारमा उनको समालोचनात्मक योगदान त्यति ज्यादा देखिदैन ।

## ५. सम्पादक व्यक्तित्व

पुण्यप्रसाद सुवेदी साहित्य सिर्जनाका अतिरिक्त विभिन्न पत्रपत्रिकाको सम्पादन गर्न पनि सक्रियताकासाथ अगाडि लाग्ने गर्दथे । २००४ सालमा सिंहवाहिनी मिडिल स्कुलको स्थापना भएपछि २००७ सालमा त्यहाँका शिक्षकहरू काजीमान कन्दङ्वा र नारायणमान श्रेष्ठको सम्पादनमा **मगज** पत्रिका प्रकाशन हुन्थ्यो तर त्यो पत्रिकाले निरन्तरता पाउन सकेको थिएन । २०१३ सालमा उनी त्यस विद्यालयको शिक्षक भएपछि उनकै सक्रियतामा उक्त पत्रिकाको प्रकाशन हुन थाल्यो । उनले हस्तलिखितरूपमा प्रकाशित हुने उक्त पत्रिकाको सम्पादक रहेर २०१७ सालमा पत्रिकाको प्रकाशन गरे । त्यस पत्रिकामा लघुकथा, कथा, कविता, निबन्ध र एकाङ्कीजस्ता साहित्यिक विधाहरू प्काशित हुन्थे । विद्यार्थी तथा शिक्षकहरूले पठाएका विभिन्न साहित्यिक विधाका रचनाहरूलाई उनी उत्कृष्टताका आधारमा क्रमैसँग प्रकाशित गर्दथे । त्यस्तै २०१९ सालमा त्रिभुवन विश्वविद्यालयमा प्रवेश गरेपछि उनकै सक्रियतमा **चौराली** पत्रिकाको प्रकाशन भयो । यस पत्रिकाको सम्पादक मण्डलका सदस्य भएर उनले दुई अङ्क प्रकाशित गरे । यो मूलतः विद्यार्थी युनियनको मुखपत्र थियो । यस पत्रिकामा राजनीतिक समाचार, युनियन गतिविधि र साहित्यका विभिन्न रचनाहरू प्रकाशित भएका छन् । नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित यस पत्रिकामा उनी नेपाली साहित्यसम्बन्धी विधालाई हर्ने गर्दथे । यसरी दुई अङ्कसम्म यो पत्रिकाको सम्पादक भइसकेका सुवेदी मूलतः सम्पादक र साहित्यिक पत्रकार व्यक्तित्व हुन् ।

## २.२.२.२ साहित्येतर व्यक्तित्व

### १. शिक्षक व्यक्तित्व

सानैदेखि आफूभन्दा सानालाई पढ्नका लागि प्रेरित गर्ने पुण्यप्रसाद सुवेदी २०१३ सालदेखि सिंहबाहिनी मिडिल स्कुलबाट शिक्षण पेसामा संलग्न भएका हुन् । उनले कक्षा आठसम्म अध्ययन गरेको उक्त स्कुलमा २०१७ सालसम्म शिक्षक भएर काम गरेका थिए । त्यस्तै २०२० सालमा स्नातकोत्तर तह अध्ययन गर्ने सिलसिलामा महेन्द्ररत्न क्याम्पस काडमाडौंको संस्थापक प्राध्यापक भएर दुई वर्षसम्म अध्ययन कार्य सम्पन्न गरेका थिए । विद्यार्थीहरूको भलो र उन्नति चाहने सुवेदी विद्यार्थीहरूका बीच समय समयमा अन्तर्क्रिया, वादविवाद र संवादजस्ता व्यक्तित्व विकासका कार्यक्रम सञ्चालन गर्ने गर्दथे । आफ्नो पेसाप्रति इमान्दार, लगनशील सुवेदीमा एक असल शिक्षकमा पाइने गुण पाइन्छ । नियमितरूपमा अध्ययनशील, चिन्तनशील र बौद्धिक व्यक्तित्वका कारण उनको शिक्षक व्यक्तित्व सबैका सामु आदर्श व्यक्तित्व बनेको छ ।

### २. राजनीतिक व्यक्तित्व

पुण्यप्रसाद सुवेदी विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रियाताका साथ संलग्न थिए । २०१९ सालमा विश्वविद्यालय क्याम्पसको युनियन सदस्यमा उनी नेपाली विभागको तर्फबाट निर्वाचित भएका थिए । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति आस्था राख्ने पुण्यप्रसाद सुवेदी विद्यार्थी जीवनमा नेपाली काङ्ग्रेस नजिकको विद्यार्थी सङ्गठनको राजनीतिमा संलग्न थिए तर २०२३ सालमा तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष सूर्यबहादुर थापाको निजी सचिव भएपछि भने उनको विचारमा केही परिवर्तन आयो । उनी पञ्चायती व्यवस्थाको समर्थक भए । पञ्चायती व्यवस्थाका सहयोगी पुण्यप्रसाद सुवेदीमा निरङ्कुश भावना भने पाइँदैन । पञ्चायती व्यवस्थाभित्र प्रगतिशील सोच भएका पुण्यप्रसाद सुवेदी २०३५ सालमा बेलबारी गाउँ

पञ्चायतको वडा सदस्य भएका थिए । जीवनको उत्तरार्द्धतिर पुनः उनी नेपाली काङ्ग्रेसमा नै प्रवेश गरेका थिए । यसरी उनको राजनैतिक विचारमा परिपक्वता र एकरूपता पाइँदैन । स्वार्थ र पदलोलुपताका कारण उनले राजनीतिक विचारमा परिवर्तन गरेको पाइन्छ । त्यसकारण पुण्यप्रसाद सुवेदीको राजनीतिक व्यक्तित्वलाई आदर्शयोग्य मान्न सकिँदैन ।

## ३. सामाजिक व्यक्तित्व

राजनीतिमा सक्रिय सहभागी पुण्यप्रसाद सुवेदी २०२८ सालदेखि पूर्णरूपमा समाज सेवामा संलग्न रहेका थिए । तेह्रथुमबाट मोरङ जिल्लाको बेलबारमा बसाई सरेर आएपछि त्यहाँ उनले धेरै सामाजिक कार्यहरू गरेका छन् :

१. २०२० सालमा महेन्द्ररत्न कलेज काठमाडौं स्थापनामा महत्वपूर्ण भूमिका ।

२.२०३७ सालमा भगवती माध्यमिक विद्यालय बेलबारी निर्माणको लागि जग्गा दान ।

३. सोही विद्यालयको संचालक समितिको अध्यक्ष, (२०३५ सालमा बेलबारी गाउँ पञ्चायत बडा नं. ३ बाट निर्विरोध वडा सदस्य निर्वाचित ।

४. २०३७ सालमा बेलबारीमा अतिरिक्त हुलाकको स्थापनामा महत्वपूर्ण योगदान ।

५. २०३९/४० मा बेलबारी राष्ट्रिय वाणिज्य वैंकको स्थापनामा सहयोग र अग्रणी भूमिका ।

६. २०४० मा बेलबारीमा प्रहरी ठाना स्थापनामा अग्रणी भूमिका ।

७. सुकुना बहुमुखी क्याम्पसको स्थापनामा सहयोग ।

गाउँमा विकास निर्माणमा सक्रियतापूर्वक सहभागी पुण्यप्रसाद सुवेदी सुधारवादी ग्रामीण कार्यकर्ता हुन् । उनको यो समाजसुधारको नेतृत्वदायी भूमिका अन्य व्यक्तिहरूका लागि पनि अनुकरण योग्य बन्छ । गाउँघर छरछिमेकसँग सामाजिक मेलमिलाप र समाजमा पुऱ्याएको सेवा सुविधाका कारण उनलाई समाज सुधारक र आदर्श व्यक्तित्वका रूपमा लिइएको पाइन्छ ।

# तेस्रो परिच्छेद

# पुण्यप्रसाद सुवेदीका  कविताको विश्लेषण

## ३. परिचय

२०१४ सालमा **दलमुखी** कथा **मगज** पत्रिकामा प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेका पुण्यप्रसाद सुवेदीको पहिलो कविता **कल्पना** हो । यो कविता २०१८ सालमा **धौलागिरि** पत्रिकामा प्रकाशित भएको छ । २०१८ सालदेखि २०६१ सालसम्म उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरू र पुस्तकहरूमा प्रकाशित भएका छन् । यी विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कविताहरू र अन्य उनका पाण्डुलिपि कविताहरू समावेश गरेर **पुण्यप्रसाद सुवेदीका कविता** २०६१ सालमा प्रकाशन गरेका छ । यस कविता सङ्ग्रहभित्र सङ्ग्रहीत कविताहरूको प्रकाशन स्रोत र प्रकाशन वर्षलाई कालक्रमिकरूपमा यसप्रकार प्रस्तुत गरिन्छ :

| **कविता शीर्षक** | **प्रकाशन स्रोत** |
|---|---|
| स्मृतिः | **रूपरेखा**, (वर्ष ३, अङ्क ९, २०१९) । |
| कल्पनाः | **धौलागिरी**, (वर्ष १, अङ्क १, २०१८), पृ. ८ । |
| मोजाः | **प्रोत्साहन** (वर्ष ३, अङ्क १, २०१९) । |
| एउटा अधवैसे भोगटको रुख छेउमाः | **रचना**, (वर्ष ३, अङ्क १२, २०१९) । |
| चैते झरीमाः | **लता**, (वर्ष १, अङ्क १, २०१९) । |
| बग्दाबग्दै हराइरहेछुः | **द्यौराली**,(वर्ष २, अङ्क २, श्रावण, २०२०, असार , २०२१), पृ. ७५ । |

| | |
|---|---|
| अपुरा सपना अधुरा विपनाः | **कविता**, (वर्ष १, अङ्क ३, २०२१) । |
| आफ्नै नापः | **फूलपाती**, (अङ्क १, २०२१ वैसाक-जेठ) पृ. २८-२९ । |
| चङ्गाः | **हिमानी**, (वर्ष १, अङ्क २, २०२१) । |
| पाँच त्यान्द्रः | **मुकुट**, (वर्ष ३, अङ्क ३ पु. १२, २०२२) पृ.४९ । |
| भष्म कुण्डः | **मुकुट**, (वर्ष ३, अङ्क ३, पु. १२, २०२२) पृ.४९ । |
| मेरा रात मेरा दिनः | **मगज**, २०२२ पृ. ५४ । |
| प्रकम्पित छ वायुमण्डलः | **नयाँ कविता**, (वर्ष १, अङ्क २, २०२२) । |
| सिङ्गो मान्छेको टुक्रिएको जीवनः | **फूलपाती**, वर्ष ७, २०२३ जेठ), पृ. १७८ । |
| एक जीवन चार रङ्गः | **प्रतिविम्ब** ,(वर्ष २, अङ्क २, २०२३) । |
| प्रेमको पहिलो संस्करणः | **संङ्गमसुधा**, २०२४ । |
| हिम शिखर चुमेर हिउँद आईः | **मधुपर्क**, (वर्ष १, अङ्क ९, २०२५) र |

ओढाएर धरतीलाई तुषाराका लुगाहरूः**मधुपर्क**, (वर्ष २, अङ्क ९, २०२५) पृ. ३७ ।

| | |
|---|---|
| व्यङ्गय चित्रः | **धुपी** (अङ्क १, २०२७) र |

जीवन एउटा टोचा लागेको हुलाक टिकटः **मधुपर्क**, (वर्ष ३,अङ्क २, २०२७), पृ.६०-६१

| | |
|---|---|
| आजको दिन पनि त्यसै वित्यो | **मधुपर्क**, (वर्ष ३, अङ्क ५, २०२७), पृ. ७४-७५ |
| एपोलो ११का छायाँमुनि बसेरः | **क्षितिज सामुहिक सङ्कलन** ३, २०२८ । |
| तीन कविताः | **पहाड** (वर्ष १, अङ्क १, २०३८) र |
| एक रात एकपागल एक प्रतापः | **गरिमा** (वर्ष १२, अङ्क ३ २०५०), पृ. १३५ । |

| | |
|---|---|
| निर्माणको भारी बोकेरः | **गोरखापत्र,** (जेठ ७, २०५१) । |
| काठमाडौंः | **नेपाली समकालीन कविता** (२०५५) पृ. १५६ , |
| एउटा भयानक सपनाः | **नेपाली समकालीन कविता** (२०५५) पृ. १५६ । |
| तुकबन्दी | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ५३ ।** |
| भए त ! | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ५४ ।** |
| स्वाद | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ५६ ।** |
| आँखामा काठमाडौं | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ५७ ।** |
| आजको साँझ | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ६२ ।** |
| यो मंसिर | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ६२ ।** |
| सम्बन्ध | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ६४ ।** |
| शब्दब्रह्म | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ६६ ।** |
| हाम्रो सपना | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ६७ ।** |
| प्रणय | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ६९ ।** |
| प्रतिघात | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ७० ।** |
| समय दौड | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ७२ ।** |
| धेरै धेरै पछि | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ७४ ।** |
| संस्कृति | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ७६ ।** |
| दोबाटोमा | **पुण्यप्रसाद सुवेदीका कविता, २०६१, पृ. ७७ ।** |

| | |
|---|---|
| कविता आउँदैन | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ७८ । |
| बैंस | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ७९ । |
| पुरानो चस्मा नयाँ कविता | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ८० । |
| अनुभुतिमा काठमाडौं | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. २० । |

## गीतहरू

| | |
|---|---|
| यो मन | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ८२ । |
| साँगुरी बारी नि | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ८२ । |
| शितलु माथि नि | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ८३ । |
| घुमाई घुमाई | **पुण्यप्रसाद सुवेदीका कविता**, २०६१, पृ. ८५ । |

यी माथिका कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भए पनि उनको स्मृतिमा स्थापित संस्था पुण्यप्रसाद सुवेदी स्मृति **समितिले** उनका यी कविताहरू **पुण्यप्रसाद सुवेदीका कतिवा** २०६१ मा सङ्ग्रहीत गरी प्रकाशन गरेको छ ।

## ३.१ कविताको विश्लेषण

कुनै पनि साहित्यिक विधा (कविता, नाटक, आख्यान र निबन्ध) को निर्माणका लागि निश्चित घटक वा अवयवको मेल हुनु आवश्यक छ ।[घट] कविता पनि साहित्यको एक विधा भएको कारणले यसका पनि संरचक घटकहरू रहेका हुन्छन् । डा. खगेन्द्रप्रसाद लुइटेलले **कविताको संरचनात्मक विश्लेषण** पुस्तकमा कविताका संरचक घटकहरूका बारेमा चर्चा गरेका छन् । तिनै संरचक घटकको आधारमा कविताको विशलेषण गर्न सकिन्छ :

[घट] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२) , पृ. २२७ ।

वस्तु

सहभागी

परिवेश

उद्देश्य

दृष्टिबिन्दु

भाषाशैलीय विन्यास

## ३.१.१ वस्तु

कृतिमा बाह्य सारभूत अंश वा सारतत्व तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ ।[घठ] यसले नै कृतिलाई अस्तित्व प्रदान गर्दछ । कृतिलाई आधार प्रदान गर्न मुख्य रूपमा विषय, सत्व, आधारतत्व र यथार्थको आवश्यकता पर्दछ । मुख्य रूपमा प्रतीतात्मक कवितामा भाव वा विचारतत्वको उपस्थिति भएको हुन्छ ।[घड] कविताको आधारभूत संरचक घटक मानिने भाव वा विचार कविताको मूलवस्तु वा मूलकथ्य हो र यो कार्यव्यवहारमा अन्तर्निहित हुन्छ । कविताको विषयवस्तुको प्राय: कविले आफ्नै वरिपरिको बातावरण, आफूले भोग्नु परेका समस्याहरूलाई अनुभूति र अनुभवलाई बढाउने गर्दछन् । कवि विषयवस्तुको छनोटमा पूर्णरूपमा स्वतन्त्र हुन्छ । यही स्वतन्त्रताका कारणले कवितामा अनेकरूपता वा विविधता पाइन्छ । कविता सिर्जनाको मूल आधार नै अनेक विषय नै हुन् । कवितालाई रागात्मक, सौन्दर्यमूलक, संवेदनायुक्त र रमणीय तुत्याउन सुन्दर भाव वा विचारको विन्यासमा विशेष ध्यान दिनुपर्दछ ।[घढ] सौन्दर्ययुक्त र रागात्मक कविताले मात्र पाठकको मन जित्न सक्छ । कविताको विषयवस्तुमा सामान्यरूपमा नभई कलात्मकरूपमा प्रस्तुत गर्नु पर्दछ ।

[घठ] ऐजन ।

[घड] ऐजन ।

[घढ] ऐजन ।

कविताको रचना गर्दा जीवन जगत्का समग्रमा विषयवस्तु र मानवीय चेतना वा मानव मनका अनुभूति एवम् अनुभवलाई एकीकृत गरिन्छ । यस्तो विषयवस्तुको प्रस्तुति विशिष्ट किसिमको भाषिक संयोजनद्वारा गरिन्छ। कविताको विषयवस्तु अमूर्त हुनाका साथै सूक्ष्म पनि हुन्छ । यही अमूर्तता र सूक्ष्मताका कारणले यसको केन्द्रीय भाव वा विचार सुस्पष्ट हुन पनि सक्छ र नहुन पनि सक्छ । यही अमूर्तता र सूक्ष्मताको कारणले कविता बुझ्नलाई कठिन पर्दछ । कविताभित्र अभिव्यञ्जित मूल कथन नै वस्तुविन्यासभित्र पर्दछ ।

## ३.१.१.१ पुण्यप्रसाद सुवेदीका कविताको मूलभाव

| **कविताको शीर्षक** | **मूलभाव** |
|---|---|
| १. स्मृति | प्रेमिकाको मृत्युमा शोधविवह्ल, मिलनमा भविष्य निर्माणको कल्पना र पहिलेको सुखद क्षणको स्मृति अभिव्यञ्जित । |
| २. अपूरा सपना अधूरा विपना | सपना र विपना दुबे बिग्रिएको र सबै प्रयासहरू व्यर्थ र निरर्थक बनेको अवस्थाको वर्णन । |
| ३. हिमशिखर चुमेर हिउँद आई | प्रकृतिको मानवीकरण गर्दै प्राकृतिक सौन्दर्यको वर्णन । |
| ४. काठमाडौं | उपत्यकामा प्रवेश गर्ने नवप्रवेशी मानिसहरूको पीडाजन्य अनुभूति अभिव्यञ्जित |
| ५. निर्माणको भारी बोकेर | एउटा प्रगतिशील मानिसको देश निर्माणको कल्पना र शान्तिको आकांक्षाको प्रस्तुति |
| ६. मेरा रात मेरा दिन | दिन र रात दुबै विग्रिएको अवस्था र कतै कुनै पनि समस्याको समाधान नभएको अवस्थाको वर्णन |
| ७. तीन कविता | |
| क) सरस्वती | विद्याकी देवी सरस्वतीको आगमनको अपेक्षा र त्यो आशा निराशामा परिणत |
| ख) भित्तो | सबै सजावटको सामग्रीबाट टाढिएको अवस्थाको वर्णन |
| ग) रमिता | यौवनमा उन्मत्त युवतीका क्रियाकलाप र त्यो क्रियाकलाप हेर्ने वाह्य मानिसको कथा |
| ८. एक रात, एक पागल, एक प्रलाप | स्वतः स्फूर्त र स्वाभिमान बेच्ने पशुरूपी मान्छेहरूप्रति व्यङ्ग्य |
| ९. प्रेमको पहिलो संस्करण | बालापनको सम्झना र पुनः बाल्यकाल फिर्ता होस् भन्ने चाहना |

| | |
|---|---|
| १०. ओढाएर धरतीलाई तुषराका लुगाहरू | प्रकृतिको मानवीकरण गर्दै प्रकृतिको सुन्दर परिवेशको वर्णन |
| ११. जीवन एउटा टाँचा लागेको हुलाक टिकट | अभिमानले मान्छे काम नलाग्ने हुन्छ त्यसकारण आफू जुन ठाउँमा छु त्यही अनुरूपको व्यवहार गर्नुपर्छ भन्ने सन्देश |
| १२. आजको दिन पनि त्यसै बित्यो | आफ्ना छोराछोरीको आवश्यकता पूरा गर्न नसक्ने मानिसको कथा |
| १३. कल्पना | प्रेमिकासँगको आरम्भिक मिलनको आकाँक्षा र चाहना, उनलाई कहिलेकाँही मात्र भएपनि भेट भन्ने आग्रह अभिव्यञ्जित |
| १४. बग्दाबग्दै हराइरहेछु | व्यर्थ, निःसार र निरर्थक जीवनबाट अस्तित्वको खोजी |
| १५. व्यङ्गयचित्र | हास्नकालागि विभिन्न व्यङ्गयचित्र हेर्दाहेर्दै कतै आफै त कसैको व्यङ्गयचित्र वनिदैन ? त्यसै प्रतिको सजगता |
| १६) आफ्नै नाप | वतंन्त्रता र स्वाभिमान गुमाएका चिडियाखानाका पशुहरूका माध्यमबाट मान्छेलाई तौलने प्रयास अभिव्यञ्जित |
| १७) पाँच त्यान्त्रा पहिलो | मान्छे मान्छेकै कारणले गर्दा पछाडि पर्दछ । |
| दोस्रो :- | कर्तव्यबाट विमुख मानिसलाई कर्मप्रति आकर्षण गरिएको |
| तेस्रो :- | जिन्दगीलाई विस्कुनसँग तुलना गरिएको जिन्दगीको परिभाषा |
| चौथो : | - प्रकृतिको मानवीकरणका माध्यमबाट वादल र छालाको साम्यता प्रस्तुत |
| पाँचौ | :- रुढीवादी देवीदेवताका भक्तजन र नवअवतारधारी कथित पण्डितहरूप्रति व्यङ्गय । |
| १८ भष्मकुण्ड | वैज्ञानिक उन्नतिलाई रुढिमान्यताले केही ओझेलमा पारेको दृष्यका माध्यमबाट मान्छेको यौनिक व्यवहारलाई सङ्केत गरिएको । |
| १९) एउटा अधवैसे भोगटेको रुख छेउमा | बैसले उन्मत्त युवतीको व्यवहारलाई भोगटेको रुखसँग तुलना गरिएको । |
| २०) सिङ्गो मान्छेको टुक्रिएको जीवन | आफ्नै पीडालाई आफै भित्र पिल्स्याएर राखेर बसेको मानिसको कथा जुन कतै अटाएको छैन् भन्ने भाव अभिव्यञ्जित । |
| २१) चैते झरीमा | प्रकृतिको सुन्दर, शान्त र रमणीय वातावरणको वर्णन |
| २२) मोजा | मोजा र मानिसका बीचको साभ्यता देखाँउदै मान्छेले |

| | |
|---|---|
| | मोजासरी भोगेका पीडाको प्रस्तुति । |
| २३) प्रकम्पित छ वायुमण्डल | संन्त्रासपूर्ण वातावरणमा वाच्न विबस मानिसको कथा |
| २४) तुकबन्दी | अनुभव र अनुभूतिले मात्र मान्छे कुनै पनि काममा सफलहुन्छ भन्ने मान्यता र त्यसको पुस्टिका लागि विभिन्न दृष्टान्त प्रस्तुत । |
| २५) भए त ! | अनुहार फेरिए पनि व्यवहार नफेरिएको तत्कालीन शासन व्यवस्था प्रति व्यङ्ग्य |
| २६) स्वाद | बर्गीय द्वन्द्वको प्रमुख कारण अपूर्णता र अभावता हो यो नै आन्दोलनको कारक तत्व हो भन्ने भाव अभिव्यञ्जित । |
| २७) आँखामा काठमाण्डू | राजधानी काठमाडौं भौतिक रूपले दिनदिनै परिवर्तन हुदै गएपनि यहाँका अधिकांश मानिसको पीडा यथास्थानमा रहेको छ भन्ने भावना अभिव्यञ्जित । |
| २८) एउटा सपना ! भयानक सपना ! | पीडा पिल्स्याएर बस्न वाध्य मानिसको कथा । |
| २९) शब्दमा काठमाडौ : | सामाजिक असमानता र वर्गीय द्वन्द्वका मुख्य कारकको खोजी । |
| ३०) आजको साँझ | सुखको आस गर्ने मान्छेले दुःखसँग डराउनु पर्दैन भन्ने भाव अभिव्यञ्जित । |
| ३१) यो मंसिर | भरिपूर्णताको प्रतीक सुन्दर महिना मंसिरको वर्णन |
| ३२) सम्बन्ध | असफलताका कारण हतासिएको मानिसको यथार्थता, र त्यस अवस्थामा जोड्न खोजेको सम्बन्ध अभिव्यञ्जित |
| ३३) शव्दब्रह्म | शब्दको महिमा गाइएको शब्दकै माध्यमबाट उत्कृष्ट बिचार जन्मने कुरा प्रति सङ्केत |
| ३४) हाम्रो सपना | मान्छेले मान्छे भएर बाच्न नपाएको अवस्था श्रमको अवमूल्यन, र मान्छेको प्रयास सिसिफसको कथा जस्तै बन्दै गएको अवस्थाको चित्रण |
| ३५) प्रणय | भित्री इच्छा पूरा नहुँदा देखापर्ने मानवीय चरित्रको रहस्योदत्घाटन् । |
| ३६) प्रतिघात | इच्छामा वाधा, प्रणयको इच्छा, मायाँमा धोका । |
| ३७) समय दौड | विकास निर्माणमा भौगोलिक सीमा मात्र हैन व्यवहारिक सीमा पनि हेर्नु पर्दछ भन्ने व्यवहारवादी दृष्टिकोण प्रस्तुत । |

| | |
|---|---|
| ३८) चङ्गा | अर्काको इशारामा नाच्ने चङ्गारूपी मान्छेप्रति व्यङ्गय |
| ३९) एपोलो ११ को छाँयामुनि बसेर | स्वतंत्रता र समानताको स्वर अभिब्यञ्जित, कालो शासनको (अन्धकारको जन्जिर ) तोड्न आव्हान |
| ४०) धेरै धेरै पछि | वैज्ञानिकम उन्नति, भविष्यको कल्पना, |
| ४१) संस्कृति | -'जसको जोत उसको पोत' भन्ने नारालाई सार्थकता दिन नसकेका अवस्था, क्षमको अव्मूल्यन, र आर्थिक शोषणको उदाहरण । |
| ४२) दोबाटोमा | प्रेमिकासँगको मिलनको आशा र भेटपछिको कल्पना । |
| ४३) कविता आँउदैन | केहीकाम गर्न खोजे पनि त्यसमा सफल नहुनु आवश्यक बस्तुको अभाव । |
| ४४) बैस | माँया गर्ने तरिका र इशारा अरु कसैले नवुझून भन्ने चाहना अभिव्यञ्जित । |
| ४५) पुरानो चस्माः नयाँ कविता | पुरानो प्रेमको स्मरणबाट नयाँ कविताको सिर्जना भएको अवस्था । |

यसरी पुनयप्रसाद सुवेदीका कविताहरूको मूलभावको बारेकमा चर्चा गरिसकेपछि विषयवस्तुका आधारमा उनका कविताहरूको व्याख्या विश्लेषण गर्न सकिन्छ ।

### ३.१.२ पुण्यप्रसाद सुवेदीका कविताको विषयवस्तुका आधारमा विश्लेषण

**[१]** कविका मनमा उनकी मृत्यु भैसकेकी प्रेमिकाको याद क्षण क्षणमा आउन थालेको छ । यसै क्रममा उनी विगतको विदनको क्षण सम्झन्छन् । त्यस समयमा उनी खुसी हुन्थे, मनमा उठेका सबै वोझहरू हलुका भएको महसुस गर्दथे । त्यो क्षणमा उनका लागि केही जितेको अनुभव हुन्थ्यो र। विजयी खेलाडीले खेल जित्दाको अवस्थाको अनुभूति हुन्थ्यो । सामिप्यमा उनी भविष्य निर्माणको कल्पनामा मग्न हुन्थे । विर्सन नसकिने तिनै प्रेमिकाको हाँसोको खोजिमा उनी निस्कन्छन तर उनको मृत्यू भएको कुरा कविले थाहा पाँउछन् । यही अवस्थामा उनी त्यो सुःखको क्षण हरेर लग्ने दैवी प्रकृति प्रति व्यङ्गय गरेका छन् । र आँफुलाई सून्यमानै धन्य भएको सम्झन्छन् । यस कवितामा कविको प्रेमानुभूति प्रकट भएको छ ।

**[२]** कविका सपना र विपना दुबै बिग्रिएका कारणले न उनलाई दिनमा आनन्द छ न रातमा नै आनन्द छ । उनी त्यो सपना र विपना विग्रिएको कुरा सपना सपेका

मानिसहरूलाई सम्बोधन गर्दै भन्दछन् । उनी आफ्ना पूर्खाका बहादुरीका कथाले धिक्कारी रहेको अनुभव गर्दछन् । उनका सबै प्रयासहरू निरर्थक र व्यर्थै बन्दै जान्छन् । यस्तो परिस्थितिमा उनी कविता लेख्न सक्दैनन् । केही काम गर्न खोज्दा शासकहरूले गर्ने वाधा नै यस कविताको विषयवस्तु रहको छ । उनी स्वतन्त्रताको आवाजलाई कडारूपमा उठाउन सक्दैनन् ।

**[३]** प्राकृतिक परिवेशको बर्णन गर्ने क्रममा कविले हिउँदको आगमनलाई यस कवितामा बर्णन गरेका छन् । हिउँदको आगमनबारे कसैलाई थाहा छैन् । उ आफ्नै सुरुमा कसैलाई वास्तै नगरी पृथ्वीमा आइरहेको छ । डाँडाघरकी काकी मैतालु आएको प्रसङ्गसँग हिउँदको आगमनलाई यस कवितामा तुलता गरिएको छ । मैतालु आउँदा काकाले काकीलाई गरेको चुम्वन जस्तै हिउँदले डाडाँलाई चुम्वन गर्दैछ । त्यहाँ कसैले देख्ने डरले हिउँदले सगरमाथासँग पछ्यौरा दाइजो मागेर आएको कुराको कल्पना यस कवितामा गरिएको छ । शान्त वातावरणको शान्तिपूर्ण आगमनलाई यस कविताको विषयवस्तु बनाइएको छ ।

**[४]** बढ्दो शहरीकरणसँगै राजधानी प्रवेश गर्नेको मात्रा अत्याधिक बढ्दै गएको अवस्थामा राजधानी भित्रका व्याथाका कथालाई यस कविताको विषयवस्तु बनाइएको छ । काठमाडौं प्रवेश गर्ने बित्तिकै उसलाई सबैभन्दा पहिले महंगीको समस्या आइ पर्दछ । मँहङ्गीले खुट्टादेखि जकेट्दै गएपछि उ विरामी पर्छ किनभने काठमाण्डौं भित्र बहने हावाँमा अभाव, पीर र निराशा भरिएको छ । मान्छेको राम्रो लगाउने र मीठो खाने सबै इच्छाहरू भातको गाँससंगै निलिन्छ । काठमाडौं भित्रका तल्ला वर्गको प्रतिनिधित्व यस कविताले गरेको छ ।

**[५]** जोश र जाँगर भएको एक शान्तिप्रिय, कर्मठ युवाको देश निर्माणको आकांक्षालाई यस कविताको विषयवस्तु बनाइएको छ । उसको इच्छा आधुनिक युगको सुत्रपात गर्ने रहेको छ । ऊ पसिनालाई आफन्त बनाउन चाहन्छ, जाँगरसँग मीत लगाउन चाहन्छ । उ भित्र कुनै छलकपटको भावना छैन् । उसले युगलाई साँची

राखेर कालो युगलाई फ्याक्ने कसम खाएको छ । निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धको बुलन्द आवाजका रूपमा यस कविताको विषयवस्तु सार्थक रहेको छ ।

**[६]** यस कवितामा कविका इच्छा आकांक्षा र भावनाहरू केही पनि पूरा भएका छैनन् । उनी सातो हराएको बालक जस्तौ केही थाहा नपाउने भएर टोलाई रहेका छन् । अर्थात उनी पानीभित्रको सालक जस्तै भएका छन् । आफ्ना इच्छाहरू सधैंभरि यस्तै हुन्छन् की भन्ने चिन्ता पनि उनमा रहेको छ । उनी आफूलाई हिस्सीबिनाकी तरुनी र उडिरहेको चङ्गासँग तुलना गर्दछन् । जसरी उनीहरूलाई भविष्यप्रतिको चिन्ता हुन्छ कविलाई पनि त्यही किसिमको चिन्ता रहेको छ । त्यसैले आफ्ना रातका सपना कुहुँदै गएको र दिन तुहुँदै गएको अनुभव उनलाई हुन्छ । असफलतामा आत्तिएको मानिसको कथाको प्रतितिधित्व यस कवितामा भएको छ ।

**[७]** तीनवटा बेग्लाबेग्लै शीर्षकका कविताहरू ल्याई एउटै शीर्षकमा प्रकाशित भएकोले यसलाई तीन कविता भनिएको छ । ती तीन छुट्टा छुट्टै कविताको वस्तु विन्यास यसप्रकार रहेको छः

**[क]** यस कवितामा विद्याकी देवी सरस्वतीको बर्णन गरिएको छ । सरस्वती खेत, बारी र फाँटमा डुलिरहेकी छन् । उनी हाँसमाथि बसेर हाँसिरहेकी छन् । तर सबैतिर धुम्न भ्याउने सरस्वती कविको निम्तामा अनुपस्थित भएकोमा उनी दुखित भएका छन् ।

**[ख]** कविले आफूलाई रङ्ग उडेको भित्तोसंग तुलना गरेका छन् । जिन्दगीका सबै रङ्गहरू कविबाट उडिसकेका छन् । सबैबाट एक्लिएका कवि आफूलाई आधुनिक सजावटको सजीव नमुना सम्झन्छन् । कवि जिन्दगीका रङ्गहरू उडेवापत मोडेन पेन्टिङ्को सजीव नमुना हुन पाएकोमा खुसी छन् ।

**[ग]** यौवनले उन्मत्त युवतीहरूको क्रियाकलावलाई यस कविताको विषय बनाइएको छ । ती युवतीका क्रियाकलाप हेर्नलाई सुपाडीको बोटरूपी कवि विबश छन् । उसलाई तिनीहरूको क्रियाकलाप रमिता भएको छ । हुनत कविलाई देखेपछि ती

युवतीहरू केही लजाउँछन् । तर पुनः त्यही क्रियाकलाप दोहोऱ्याउँछन् । कवि फेरि त्यही रमिता हेर्न बाध्य छन् ।

**[८]** एक रात कविले सम्झेको पागलपूर्ण व्यवहारको चित्रण नै यस कविताको मूल विषयवस्तु हो । यस कवितामा कविले रातलाई आफ्नो प्रेमिका सम्झेका छन् र तिनै रात्रीलाई सम्बोधन गदै यो कविता लेखिएको छ । प्रेमी प्रेमिकाका नाममा लेखिने राजा-महाराजाका इतिहासबाट कविले पहिलेका जस्ता लोभी, कपटी र अधर्मी राजा नबन्ने कुरा आफ्नी प्रेमिकालाई अवगत गराएका छन् । यस कवितामा आफ्नो स्वाभिमान बेच्न मानिसहरू प्रति व्यङ्गय पनि गरिएको छ । त्यसकारण विगतको गल्ती नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछन् ।

**[९]** कविले आफ्नो उमेरमा भएको पहिलो प्रेमको सम्झना गरेका छन् । उनी प्रेमको स्थायित्वका बगैचाभित्र रोपेका विरुवाहरू सम्झन्छन् , माया र चुम्बनका कुरा सम्झन्छन् । उनी प्रेमिकाको हसाँइमा सबै देवताहरू हास्ने र रुवाइमा पनि गन्धर्व गीत झल्किने कुराको आभास गर्दछन् । प्रेमको पहिलो सस्करणलई कवि आजसम्मको हाम्रो इतिहास भनी नामाकरण गर्दछन् । यो इतिहासभित्र निष्ठुरताको दाग भएको र त्यसलाई धुन कवि प्रेमिकालाई आग्रह गर्दछन् । कवि आफूले बालापनमा खेलेका खेलहरू सम्झन्छन् । उनका अगाडि एटमबम र हाइट्रोजन वम विश्वकै विलौना बन्छन तर उनी त्यसैलाई खेलौना सम्झेर खेल्न सक्ने कुरा प्रस्तुत गर्दछन् । कवि पुनः बालक बन्न चाहन्छन र तिनै पुतली र गुच्चा प्रेमिकासँग खेल्न चाहन्छन । जीवनको सबैभन्दा उत्तम समय बालापन नै हो भन्ने कविको निष्कर्ष रहेको छ ।

**[१०]** यस कवितामा प्रकृतिको मानवीकरण गरिएको छ । एउटी आमाले आफ्नो पहिलो सन्तानलाई गरेको माया र तुषाराले धरतीलाई गरेको मायामा साम्यता देखाइएको छ । एउटी आमाले नवजात शिशुलाई जसरी थाङ्नामा गुटुमुटु पारेर म्वाइ खान्छे त्यसै गरी हिउँद धरतीलाई म्वाइ खाइरहेको छ । विहानीको पहिलो घामका कारण उडिरहेको हुस्सुलाई स्वासप्रश्वासमा निस्किएको धुवाँसंग कविले तुलना गरेका

छन् । मानव र प्रकृतिको व्यवहारलाई साम्यता देखाइएको यो कवितामा प्रकृतिको सुन्दर परिवेशको वर्णन गरिएको छ ।

[११] मान्छेले यात्राको क्रममा अनेकौ पटक हन्डर खान्छ त्यो हण्डर खानुको मुख्य कारण ऊ भित्रको स्वार्थी प्रवृति हो । मान्छे आफूले टेकेको प्रत्येक पाइलाहरूलाई आफैभित्र समेटीराख्न लालाहित हुन्छ । ऊ भित्रका आकांक्षाहरू एक पछि अर्को गरी बढ्दै जान्छन् । ऊ भ्रष्ट हुदै जान्छ । ऊ पैसा कमाउन छिटो बाटो रोज्न पुग्छ । उसले आफूबाहेक केही सोच्दैन् । त्यसै अवस्थामा ऊ कामै नलाग्ने हुन्छ । जसरी एउटा हुलाक टिकट एकपटक टाँचा लागिसके पछि काम नलाग्ने हुन्छ त्यस्तै मान्छेको जीवनमा एकपटक गल्ती भएपछि ऊ कामै नलाग्ने हुन्छ । यस कुराको पुष्टिका लागि कविले छिटो पुग्न घोडाधनीले छिटोबाटो रोजेर भासमा भासिएको मिथकलाई प्रस्तुत गरेका छन् ।

[१२] एउटा बेरोजगार मानिसको कथालाई यस कवितामा प्रस्तुत गरिएको छ र उसको दिन सधै एकै किसिमले नै बितेको छ । ऊ भित्र रातभरि फूलेका आकांक्षाहरू दिन दिनै टुक्रिदै गएका छन् । उ आर्थिक अभावको कारणले आफ्नो कर्तव्यबाट विमुख भएको छ । उ आफ्नी छोरालाई पढाउनुको सट्टा तरकारी बेच्न पठाउँछ । उसले छोरीलाई किताव कापि किनीदिन सकेको छैन् । छोराले जितेर ल्याएको कप वेच्दा उसलाई आत्मग्लानी भएको छ । त्यो कुरा उसले छोरालाई भनेको छैन । यो सबै अवस्थाको बारेमा उ जानकार छ । तर पनि ऊ त्यसको समाधानको लागि केही पनि गर्न सक्दैन । उ सधै जसो नयाँ सडकको पीपलको वोटमुनि बसेको छ तर उसले त्यहाँ ज्ञान प्राप्त गर्न सकेको छैन । आर्थिक विपन्नता र त्यसले उब्जाएको समस्या नै यस कविताको विषयवस्तु हो ।

[१३] यस कवितामा कविले कल्पनालाई सम्बोधन गदै मायाँको भिख मागिरहेका छन् । उनी प्रेमिका साथमा हुँदा हिमाल विजय गर्ने, चन्द्रमामा वस्ती बसाउने र पृथ्वीलाई छोडेर जाने कुराको कल्पना गर्दछन । कवि प्रेमिकालाई स्पर्शको आग्रह गर्दछन् । उनी प्रेमिकाको मुस्कानमा नै लाख तारा गनी सक्ने, र एउटा

तारालई कुनै रुखमा उन्न सक्ने कल्पना गर्दछन् । कवि मायामा कर गर्दैनन् । इच्छा भएको समयमा मात्र भए पनि स्पर्श गरे आफूलाई धन्य सम्भन्छन् । त्यही उन्मत्त हातले अङ्गालेको समयलाई प्रेम भनौला भनेर उनी प्रेममा केही लचिला भएका छन् । कविको लचकतापूर्ण प्रेमको आग्रहलाई यस कविताको विषयवस्तु बनाइएको छ ।

**[१४]** यस कवितामा कविले आफूलाई कुनै पनि स्थानमा योग्य नभएको कुरालाई विभिन्न सन्दर्भमा नचढ्ने फूल, जुन फूललाई कसैले पत्याएका छैनन् । सिममा रहेको ढुङ्गो जो घाम तापेर दिन काटिरहेको छ र काली गण्डकीको वगरमा वर्षैपिच्छे वाढीले थिलथिलो पारेको बुङ्गोसँग तुलना गरेका छन् । अर्थात् सबै ठाउँमा कविका समस्या मात्र छन् तर समाधानका उपायहरू छैनन् । कवि लाटकोसेरो झैं दिनमा नै अन्धो बन्न बाध्य छन् । उनी वालुवा थुप्रिएको खोल्सो झैं हराइरहेछन् । उनी वालुवाको पेटक्षेत्र हराइरहेका छन् । अर्थात अभावता मा उनी हराउन वाध्य छन् । उनी विवशताको शिकार बनेका छन् ।

**[१५]** यस कवितामा कविले विभिन्न स्वभावका मानिसहरूलाई व्यङ्गयचित्र सम्झेका छन् । एउटा मान्छेको हसाँइलाई सिउनी खुस्किएको जुत्तासँग तुलना गरिएको छ भने अर्को मान्छेको हेराइलाई आँखको ज्योति नभएको मानिसले हरिरहेको अवस्थासँग तुलना गरिएको छ । त्यस्तै मान्छेको हात मिलाईलाई दिलमा ढुङ्गा राखेर हात मिलाएको सम्झेका छन् । यस्तो अवस्थामा, कविलाई उठ्न, वस्न र सुत्न मन छैन् । उनी स्यमं आफूलाई व्यङ्गयचित्र सम्झन्छन् र आफ्नो उपयोगिता अरुका लागि हास्न बाहेक केही नभएको कुरा कविले व्यक्त गरेका छन् ।

**[१६]** यस कवितामा कविको मन रमिता हेर्न पल्केको छ । यही रमिता हेर्ने क्रममा कवि चिडियाखानामा पुग्दछन् । त्यहाँ उनले बारमा सिगौरी खेलेर सिङबाट रगत आउदै गरेको हरिण, सिउर ठुगिरहेका मयुरहरूरू, अरुले दिएको आहार खाएर झोक्राएर बसिरहेको सिंह, कोठे जञ्जिरमा थुनिएको सारस, शहरको हावामा निस्सासिदै बाँचेको डाँफेलाई देख्छन् । यो दृश्यले कविलाई झस्काउँछ र

आफैलाई तुलना गर्दछन् । कतै यो सबै जनावारको प्रतिनिधि त म हैन् ? पञ्चायती व्यवस्थामा आफ्नै कारणले आफै दुःख पाउने मानिसहरू थुप्रै थिए, एक अर्काको डाह गर्ने मानिसहरू पनि थिए । जनताहरू अरुले जे दिन्छन त्यहि खाएर बस्न वाध्य थिए । स्वतन्त्रता र सार्वभौमिकताको अभावमा उनीहरू निस्सासिन पनि वाध्य थिए । त्यसकारण ती सबै जनवारको प्रतिनिधि पात्र पञ्चायतकालका जनता थिए जो शासकको पिजडामा थुनिएका थिए यही भाव यस कविताबाट अभिव्यञ्जित हुन्छ ।

**[१७]** पाँचवटा मुक्तक आकारका कविताहरूलाई एउटै शीर्षकमा प्रस्तुत गरिए पनि प्रत्येकको भाव भने फरक किसिमको रहेको छ ।

**[१]** मान्छे साँगुरिनुको कारण मान्छे स्वयम् हो । सीमाहीन स्वतंन्त्रताले मान्छेलाई स्वतन्त्र बनाउनुको सट्टा अराजक बनाउँछ । आँखै अगाडि आँखीझ्यालका बुट्टा राखेर आजको मान्छे साँगुरिदैछ भन्ने विषय यस मुक्तकको रहेको छ ।

**[२]** आफ्नो जिम्वेवारीबाट विमुख भएको मातृभूमिलाई यस मुक्तकको वस्तु बनाइएको छ । मातृभूमि कुनै वस्तुले जीउ छोपेर निदाएको छ । असंख्य छोराछोरी बोकेर माटो निदाएको छ तर हेरविचारको जिम्मा भने आकासलाई वुझाएको छ । आफ्नो जिम्मेवारीवाट पन्सने सबै अभिभावकीय सस्थाप्रति यस मुक्तकमा व्यङ्ग्य प्रहार गरिएको छ ।

**[३]** . यस मुक्तकमा जिन्दगीलाई विस्कुनसँग तुलना गरिएको छ । जिन्दगीमा कसैले स्याहार सुसार गर्छ, कसैले बन्देज लगाउँछ भने कसैले वास्तै गदैन भन्ने विचार यस कवितामा रहेको छ । जसरी विस्कुन एउटाले फिउँछ अर्कोले डालोले छोप्छ भने केही पोखिएर वाकी रहेको  हुन्छ । वास्तवमा यो नै जिन्दगी हो भनेर जिन्दगीलाई परिभाषित गरिएको छ ।

**[४]** आकाशमा वादलका भुवादारी लुगाहरू फोर जस्तो कविका छालाका भुवा पनि फाटेका छन् । त्यस्तो वेलामा आकाशको नाङ्गो रूप देखिएको छ र जुनले लामो रात काटेको प्रसङ्ग छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने आकाश र वादलले

गर्ने क्रियाकलापलाई मान्छे गर्ने यौनिक क्रियाकलापलाई यस कवितामा साम्यता देखाइएको छ ।

**[५]** यस मुक्तकमा भक्तजनहरू प्रति व्यङ्गय प्राहार गरिएको छ । तिलक र चरुको आहुति दिने भक्तजनहरू दिनदिनै वढ्दै गएका छन् । यो राम्रो कुरा होइन् । समाजमा रहेको अन्ध विश्वासका कारणले यो समस्या झन दिनदिनै वढ्दै भगवानका विभिन्न अवतारहरूको चर्तिकला पनि यहाँ प्रस्तुत गरिएको छ ।

**[१८]** यस कवितामा होमादी कार्य भने पुजारीहरूलाई व्यङ्ग्य गरिएको छ । होमादी कार्यलाई मान्छेको यौनिक क्रियाकलापसँग तुलना गरिएको छ । होमादी कार्यले वीउ, वीजन र अन्नको नास भएर गएर जान्छ भने छाडा यौनिक क्रियाकलावले मान्छेको उत्पादन क्षमताको ह्रस हुन्छ । तिनै पुजारीहरूले गर्ने काम, होमादी कार्य गर्न बनाएको यज्ञ मण्डव, अगेनु केराका स्वागद्वारा, पुजारीको माध्यमबाट सम्पूर्ण यौनिक क्रियामा फसेका मानिसलाई सम्बोधन गदै यस कवितामा नैतिक शिक्षा दिने प्रयास गरिएको छ ।

**[१९]** यस कवितामा एउटा भोगटेको रुख र बैसले उन्मत्त युवतीका बीचमा तुलना गरिएको छ । त्यो भोगटेले विभिन्न रङ्गमा आफ्नो आकृति देखाएको छ । त्यो आकृतिलाई युवतीको अनुहार र रुपरङ्गसँग तुलना गरिएको छ । जसरी रुखले धाम ताप्छ हाँगाविगा फैल्याएर त्यसैगरी एउटी युवती आफ्नो कपाल फिजाएर धाम तापिरहेकी छे । बैसका गाँजले उसको रुप असाध्यै कामुक भएको छ । एक इशारा वा आदेशमा उसले आफ्नो आकृतिलाई परिवर्तन गर्दछ । यही वैसले उन्मत्त तरुनीको क्रियाकलाप र चहलपहल भोगटेका रुखको माध्यमबाट कविले प्रस्तुत गरेका छन् ।

**[२०]** यस कविताम सिङ्गो मान्छेको कथा जुन कथा सिङ्गो भएर पनि कतै अटाएको छैन त्यही कथालाई प्रस्तुत गरिएको छ । त्यो मान्छे मान्छे भएर बाँच्न चाहन्छ तर ऊ त्यसमा सफल हुन् सकेको छैन् । उसका इच्छा र आकांक्षाका पर्खालहरू रातै पिच्छे भत्कदै छन् । स्वार्थी लोभी र चतुर मान्छेका कारणले नै उसले जीवनमा सफलता हासिल गर्न नसकेको हो । ऊ जीवनमा राम्रो काम गर्दछ तर पनि

त्यही काममा ऊ झस्कदै छ । ऊ भित्रको रहस्यलाई उसले मनभित्रै पिल्स्याउन बाध्य छ । उराठिएको मनलाई के साइत ? के कुसाइत ? उसलाई कुनै मतलव छैन । यही जीवन भोगाइको निरर्थक प्रयासको कथालाई कविले यस कवितामा प्रस्तुत गरेका छन् ।

**[२१]** झमझम बाहिर झरी परिरहेको छ । चैत्र महिनामा पानी परेको कारण धुवाँ धुलो सबै हराएको छ । प्राकृतिक बातावरण सुन्दर र स्वर्णिम बनेको छ । यही वातावरणको चित्रण नै यो कवितामा गरिएको छ । यही वातावरणमा कुन कुन मानिस के गर्दछन् ? त्यही अवस्थाको वर्णन यस कवितामा रहेको छ । त्यो झरीको स्वर्णिम समयमा पन्छीहरू गाँइरहेछन, किसानदाई खर्पनमा जिन्दगी राखेर हिडिरहेको छ, प्रेयसीलाई प्रेमी कुनै मेलामा चिहाइरहेको छ । यस्तै झरी फेरि फेरि वर्षियोस् र प्रेमिकाले आफ्नो कथा भनोस् भन्ने कविको चाहना रहेको छ ।

**[२२]** यस कवितामा कविले मान्छेको खुट्टामा चेपिन बाध्य मोजा र शासकको पैतालामा चेपिन बाध्य मानिसको व्यथालाई उस्तै भनी साम्यता देखाएका छन् । उनले मोजालाई  आफैसँग तुलना गरेका छन् । त्यो मोजा कवितको खुट्टामा टम्म मिलेको छ । उनले जति नै दु:ख सुको अनभव त्यस त्यस मोजाले गरेको छ । ताता र चिसा वाफ पिएर भए पनि मनमा तृप्तिको अनुभव र अनुभूति गरको छ । त्यही मोजा च्यातिदा कवि दु:खी बनेका छन् । मोजा फाटे पनि कविको मन फाटेके छैन । कवि आफ्नो सपना पूरा हुने आशामा छन् तर पूरा हुन सकेको छैन ।

**[२३]** यस कविताम कवि आफ्नै पैतालाको आवाजसँग तर्सनु पर्ने सन्नाटालाई चिर्ने पक्षमा छन् । देशको अवस्था ज्यादै नै दर्दनाक बनेको छ । सवै जनताहरू कसैलाई केही गरिदिन्छ कि भनेर पर्खेर बसेका छन् । यो आवस्थालाई यो उकुसमुकुसतालाई कसरी चिर्ने हो, त्यो प्रयत्नमा लाग्दछन् । कलियुगमा उनी कुनै भगवानलाई हैन सहिदहरूलाई सम्झनन्छन् । कवि न्याय, स्वतन्त्रता र समानताको पक्षमा रहेका छन् । जनतालाई छेक्ने विभिन्न ढिस्का र बारलाई उनी फ्याक्न चाहन्छन् । उनको

मन आन्दोलित भएको छ । तर पनि उनमा डर छ, कतै मै माथि त केही हुने हैन । उनी सचेत छन्, सबै अवस्था बिग्रिएको छ ।

**[२४]** आफ्नै अनुभव र अनुभूतिलाई कविले तर्कपूर्ण किसिमले यस कवितामा प्रस्तुत गरेका छन् । ती अनुभूतिका कुरामा सत्यता रहेको छ । जो मान्छेले जे कुराको अनुभव गर्छ ऊ त्यही कुरामा परिपक्व हुन्छ । जस्तैः जो बहेको छ, त्यसैलाई गतिको आभाष हुन्छ । त्यस्तै गरी कुँजिएकोलाई जमेको, उडेकोलाई हावाको बाहार, गुडेकोलाई अर्काको भार थाहा हुन्छ, भनेका छन् । त्यसैगरी क्रियाको प्रतिक्रिया अवश्य पनि प्राप्त हुने कुरा पनि कविले व्यक्त गरको छन् । जस्तै जहाँ युद्ध हुन्छ त्यहाँ शान्ति आउँछ, भेल आएको ठाउामा परिवर्तन हुन्छ रजीत भएको ठाउँमा हार हुन्छ, भन्ने भाव यस कविताको रहेको छ । यी यति उदाहरण हुँदाहुँदै सङ्लो पानीमा पनि कहिलेकाँही आँशुको जँघार मिसिएको हुन्छ भन्ने भाव यस कवितामा रहेको छ ।

**[२५]** उनले यो कविता पञ्चायतकालको पाँचौ वर्षमा लेखेका हुन् । पञ्चायतकालमा शासनसत्तामा रहेका नेताहरू परिवर्तन भए तर व्यवस्था परिवर्तन भएन भन्ने भाव व्यञ्जनात्मक रुपमा आएको छ भने अभिधामत्मक रुपमा हेर्दा प्रेमको पुनरावृत्तिमा प्रस्तुत गरिएको शासन सत्तामा परिवर्तन होस् भन्न कामना कविको रहेको छ ।

**[२६]** कविले यस कवितामा स्वादका कारण वर्गीयद्वन्द भएको कारणलाई प्रस्तुत गरेका छन् । कविका रहरहरू धेरै छन् तर पनि इच्छाहरूलाई रोक्नका लागि ऊ विवश छ । त्यही जिब्राले कविलाई नयाँ नयाँ कुरा ले भन्छ । उनलाई निदाउन पनि दिएको छैन । अल्छी मानेको नाकलाई नयाँ शिकारीको शिकार जस्तै भ्याइरहन्छ । मान्छेलाई आन्दोलित वा अभिप्रेरित बनाउने मुख्य कारक तत्व नै यहि जिब्रो हो । यही जिब्रेको कारणले नै आन्दोलन हुन्छ । वर्गीय द्वन्दको प्रमुख कारक तत्त्व पनि पूर्ण जिब्रो र अपूर्ण जिब्रो हो । कविको जिब्रोले भने नयाँ स्वाद पाउन सकेको छैन ।

**[२७]** यस कवितामा काठमाडौको वातावरणलाई प्रस्तुत गरिएको छ । काठमाडौं सहरमा धेरै ट्याक्सी, इँटै इँटाको घर गल्लीहरू छन् । ती सबै यहीको माटोबाट बनेका छन् । काठमाडौं सहर नयाँ वासिन्दाको वासस्थान हो । यहाँ नयाँ नयाँ घरहरू

निर्माण भइरहेका छन् । तर पनि कति मान्छेहरूले यहाँ वाँस पाएका छैनन् । सबैको सुख हराएको छ । कविलाई यही पुरानो काठमाडौं नयाँ लागेको छ । यही काठमाडौंभित्रको नवीनताको पीडालाई यस कविताको विषयवस्तु बनाइएको छ ।

**[२८]** कविले यो कविता **सिङ्गो मान्छेको टुक्रिएको जीवन** शीर्षकको कवितालाई केही परिवर्तन गरेर तयार पारेका छन् । यस कवितामा कविका इच्छा र आकाँक्षाका पर्खालहरू भत्कदैछन् । उनलाई सन्त्रासपूर्ण वातावरणका कारकले मृत्युको चिन्ता रहेको छ । आफ्नो पीडालाई पिल्स्याउन कवि बाध्य छन् । यो एउटा सिङ्गो मान्छेको कथा हो तर कसैले पनि सुनेको छैन । यही नै यस कविताको विषयवस्तु हो ।

**[२९]** यस कवितामा एउटा कालोबजारीया र एउटा श्रमजीवी किसानलाई एउटै सडकमा प्रस्तुत गरिएको छ । तिनीहरू दुवै जना एउटै सडकमा बस्छन् । एउटाले खर्पनमा तरकारी बेचेर पैसा कमाउँछ भने अर्काले कालो पदार्थ गाँजाको व्यापारबाट पैसा कमाउँछ । किसानको घर खरले छाएको झुप्रो छ, भने अर्काको भव्य महल रहेको छ । कालो बजारीयाको घरमा विदेशी भाषा, सभ्यता र विदेशी सुख सयल रहेको छ भने किसानको घर सुनसान रहको छ । किसानको घरमा छोराछोरीहरू एउटै चिज खान बाध्य छन् भने अर्काको महलमा कुनै पनि कुराको अभाव छैन । यही दुई वर्ग बीचको वास्तविक यथार्थतलाई यस कवितामा प्रस्तुत गरिएको छ । यो काठमाडौंको मात्र कथा होइन सम्पूर्ण विश्वकै कथा यस्तै छ भन्ने कुराको सङ्केत कविले यस कविताको माध्यमले प्रस्तुत गरेका छन् ।

**[३०]** साँझ आउनका लागि उज्यालोको अन्त्य हुनुपर्दछ । अर्थात् सुखपछि दुःख र दुःखपछि सुख प्राप्त हुन्छ । त्यस्तै खडेरी र वर्षाको मिलन कर्णप्रिय हुँदैन केही असहजताको अनुभव हन्छ । कविको आजको साँझ प्रेमिकाको प्रतीक्षामा बितेको छ । उनी निराश भएका छन् त्यही क्षणको अनुभवलाई कविले काल्पनिक रुपमा प्रस्तुत गरेका छन् । प्रकृतिका विभिन्न बिम्बका माध्यमले कविले आफ्नो प्रेमलाई प्रस्तुत गरेका छन् ।

**[३१]** यस कवितामा कविले मंसिर महिनाको वर्णन गरेका छन् । यो महिनामा तापु तापु लाग्ने घाम लागेका छन् । खेतभरि पहेंलै भएर धान झुलेको छ । यो महिनामा घामका किरणसँगै कविलाई छरिने मन छ । पानीका थोपाझैं भरिने मन छ । कविलाई कोशीको हावा, सल्लेरीको सुसाइ वैंसालु मन झैं खुसाउन मन लागेको छ । साथै उनी लेकका झर्नाझैं कलकलाउँदै झर्ने, जङ्गलका हरिणझैं लपलपाउँदै चर्न मन पराउँछन् । कविले यस क्रममा मंसिरलाई विभिन्न रुपमा चिनाएका छन् । जस्तैः पहेंलो महिना, सुन्तलाको दाना जस्तो महिना, माहुरीको चाकाजस्तो महिना आदि प्राकृतिक सौन्दर्यको वर्णन नै यस कविताको मूल वस्तु हो ।

**[३२]** यस कवितामा कविको प्रेमिकासँगको प्रेममा केही चिसो पसेको छ । त्यही अवस्थामा कविले यो कविता मार्फत् आफूहरूको सम्बन्धको वारेमा जानकारी दिएका छन् । उनीहरूको सम्बन्ध जुवा हारेको जुवाडे जस्तो मतीभ्रम भएको छ । त्यसैगरी मुद्दा हारेको झगडीया जस्तो होस हवास उडेको छ । उनीहरूभित्र निराशाका भावहरू पलाउँदै गएका छन् । गति र प्रगति ठप्प भएको छ । उनीहरूका उत्साह र उमङ्ग जाँचमा फेल भएको परीक्षार्थीको सपना जस्तै बगेर गएका छन् । उनीहरू आफ्नो भविष्यको बारेमा अनभिज्ञ छन् । उनीहरूको भविष्य निर्माणको केही ठेगाना छैन । यही अठेगानताको अवस्था नै यस कविताको विषयवस्तु हो ।

**[३३]** यस कवितामा कविले शब्दलाई नै सबै कुरा भनी प्रस्तुत गरेका छन् । तर कविले लेख्ने शब्द पाएका छनैन् । उनी लेख्न बस्छन् तर शब्द हराउँछन् । शब्दकै माध्यमबाट अर्न्तव्यथा अभिव्यक्त हुन्छ भनी यस कवितामा कविले शब्दको महिमा गाएका छन् । कविका लागि शब्द नै उसको प्राण हो ।

**[३४]** यस कवितामा कविले हाम्रो सपना भनेर सम्पूर्ण नेपालीहरूको सपनालाई सङ्केत गरेका छन् । हाम्रो सपना केवल एक छनक र एक आँतका लागि मात्र छ । हाम्रो डिग्रीको सार्टिफिकेट आफैमा पूर्ण छैन । हामी मालिकको इशारामा हिड्न बाध्य छौँ । हामी एक छाकको लागि विक्दछौँ । जसको कारणले हामी नै नाश हुदैंछौ । हाम्रा सवै प्रयासहरू सिसिफसको कथा जस्तै निरर्थक बन्दै गएका छन् । हामी एउटा मिठाइका

भरमा फकिन्छौ । हामी विद्रोहलाई भुलेर कसैको प्रलोभनमा पर्छौ र अर्केको इशारामा नाँचिरहन्छौ । यही सबैको वास्तविक यथार्थको कथा यस कवितामा प्रस्तुत छ ।

**[३५]** यस कवितामा कवि कसैको प्रतीक्षामा बसेका छन् । उनका मनभित्र अनेकौ किसिमका आकाङ्क्षाहरू रहेका छन् । कवि आफ्नो उमेरलाई सिर्जन सम्भन्छन् तर यो सिर्जन उमेरमा कसैको पनि आगमन भएको छैनन् । कविको मन सुख्खा हुँदै गएको छ । त्यहाँ कुनै सिंचाई भएको छैन । यही सुख्खा भएको ठाउँ कवि सङ्ला आँसुका थोपाले भिजाउँदैछन् । यस कवितामा कविको प्रतीक्षा र विछोडमा आत्मरोधन प्रकट भएको छ ।

**[३६]** छोटो मुक्तक आकारको यस कविताम कविले आफ्ना प्रणय चाहना र त्यसमाथि भएको विश्वासघातलाई प्रस्तुत गरेका छन् । जव कवि आँधी भए आउँछन्, तिनी बतासै बनेकी हुन्नन् । त्यस्तो अवस्थामा मिलनको कल्पना गर्नु व्यर्थ हुन्छ किनभने तिनले न त कविलाई बाह्यस्वरुपमा छोएकी छन् न त भित्री मुटुमा नै छोएकी छन् । यही कविको कामुक प्रकृतिमा प्रेमिकाको असहयोगलाई उनले प्रतिघातको संज्ञा दिएका छन् ।

**[३७]** कविले यस कवितामा नयाँ सडक नाप्ने साथीहरूलाई सम्वोधन गरेका छन् । नयाँ सडक निर्माणको क्रममा लम्वाइ, चौडाइ र उचाइ मात्र नाप्ने हैन , व्यवहारिक समस्यालाई पनि ध्यान दिनुपर्छ भन्ने व्यवहारपरक शिक्षालाई कविले यस कवितामार्फत प्रस्तुत गरेका छन् । कुनै पनि काम गर्दा देश, काल र वातावरण बुझेर गरिएको खण्डमा सफलता प्राप्त गर्न सकिने विचार यस कवितामा रहेको छ । त्यसकारण मान्छेले समय अनुसार दौडिनु पर्दछ भन्ने शिक्षा यस कविता मार्फत् प्रस्तुत भएको छ ।

**[३८]** कविले यो संसारलाई हावाको र यहाँ बस्ने मानिसहरूलाई चङ्गाको संज्ञा दिएका छन् । चङ्गा जस्तै अर्काको भरमा उड्ने मान्छेहरू सासै नभएका मूर्दा हुन् । ती अर्काको सहारामा बाँचेका छन् । तिनीहरूलाई अर्काको भरमा चल्ने भएकाले कहिले आकासिन्छन् त कहिले बतासिन्छन् । ती वस्तुहरू केवल शून्यमा परेड

खेलिरहेका छन् । यस कविताले राजनीतिक र कानुनी आधार नभएका नेताहरू र अर्काको इशारामा चल्ने मानिसहरूप्रति व्यङ्ग्य गरेको छ ।

**[३९]** एपोलो ११ का छायामुनि बसेर भन्ने शीर्षकका माध्यमबाट कविले आफ्नो वास्तविक अवस्थालाई प्रस्तुत गरेका छन् । अर्थात् कविमा कुनै पनि किसिमको स्वतन्त्रता छैन । कविका अगाडि यौवन खोज्ने बुढा र जीवन खोज्ने युवा पनि छैनन् । त्यो अन्धकार विभिन्नरुपमा बसेको छ, केवल रजाइ गरिरहेको छ । यो रात पक्षपातको विरामी झैं लम्पसार परेर सुतिरहेको छ । तर पनि कवि खुट्टा टेक्ने साहस गर्दछन् । त्यही रातका विरुद्ध कवि स्वतन्त्रता र समानताको आवज उठाउँदै छन् ।

**[४०]** कविले यस कवितामा भविष्यको प्रेमको कल्पना गरका छन् । कविको उमेर ढल्दै गएको अवस्थामा चन्द्रमा कसैको सुहागरात मनाउने ठाउँ हुन्छ । त्यस ठाउँमा रोमान्स र नखरा पार्ने दुईजना पात्र मात्र हुन्छन् । तिनीहरूको सुहागरातबाट नयाँ नयाँ आविष्कार हुन्छ, तिनै आविष्कारलाई आफ्नो लक्ष्य एपोलोको ११ मा सुम्पने कविको आकाङ्क्षा रहको छ । उनी संसार भरको सबैभन्दा महङ्गो उपहार दिन चाहन्छन् । त्यो उपहार सभ्यताको अपेक्षा गरेका छन् ।

**[४१]** श्रमको अवमूल्यन हुने संस्कारको वर्णन यस कविताको मूल विषय हो । जब जीवनमा कुनै कुराको अर्थ हुँदैन त्यसबेला केही हुनु या नहुनुले केही फरक पार्दैन । कविलाई यस समयमा यस्तै भएको छ । कविलाई उज्यालोको कुनै अर्थ छैन तर पनि घाम झुल्किएको छ । कविको श्रमबाट उब्जेको बाली पाकेको छ तर त्यसबाट उनलाई केही पनि आम्दानी हुँदैन । यहाँ पसिनाको कुनै मूल्य छैन । किनभने समयले नै साथ दिएको छैन । ऊ समय विघटनको शिकार भएको छ । श्रमको अवमूल्यन र यसले उत्पादकलाई पार्ने प्रभावलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

**[४२]** यस कवितामा कवि दोबाटोमा आफ्नो प्रेमिकाको प्रतीक्षामा बसेका छन् । तर पनि प्रेमिकाको उपस्थित त्यस ठाउँमा छैन । कविले मुटुभित्र तिनको तस्वीर राखेका छन् । उनले प्रेमिकालाई आउन आग्रह गरिरहेका छन् । उनको उपस्थितिले कवि

आफू नयाँ संसारमा पुग्ने कुरामा आशावादी रहेका छन् । कविले प्रेमिकाप्रतिको मिलनको आकाङ्क्षालाई शब्दको माध्यमले यस कवितामा प्रस्तुत गरेका छन् ।

**[४३]** कविका कविता लेख्ने शब्द हराएका छन् । उनी कविता कोर्न, हुलमा फूलमा र तुलमा शब्द खोज्न जान्छन् तर कतै पनि शब्द भेट्दैनन् । कविले यस कविताका माध्यमबाट कविता चाहेर लेखिने होइन यो त स्वतःस्फूर्तरुपमा लेख्ने कुरा हो । साहित्यको सिर्जना अभ्यासबाट होइन व्युत्पत्तिबाट हुनुपर्छ भन्ने लाक्षणिक अर्थ यस कवितामा अभिव्यञ्जित भएको छ ।

**[४४]** कविले बैंसमा गर्ने प्रेम र त्यसको तरिकालाई यस कविताको मूल विषय बनाएका छन् । उनकी प्रेमिकाले कविलाई सामुन्ने बसेर हेरिरहेकी छन् । तिनको आँखाको तीरले छातीमा तीर गाँडिन सक्ने । त्यसकारण त्यसरी नहेर्ने आग्रह गरेका छन् भने केशमा औंला बेरेर बस्दा तिमी भित्रको भावना बाहिर आउला भनेर कविले आफ्नी प्रेमिकालाई सजग बनएका छन् ।

**[४५]** कविले यस कवितामा प्रेमको स्मरण गरेका छन् । उनले पुरानो प्रेमको स्मृतिबाट नयाँ प्रेमको अवतरण हुन्छ, भनेका छन् । उनको पुरानो प्रेम उनकी प्रेमिका हुन भने अहिलेकी प्रेमिका कविता हुन् । तिनै पुराना प्रेमका उछिटिएका भावहरू **नयाँ प्रेमिका** कवितामा प्रस्तुत गरेका छन् । त्यस क्षणको सम्झना नै यसको विषय हो । त्यस समयको अवर्णनीय, अपूर्व र अविष्मरणीय क्षणको सम्झना यस कवितामा प्रस्तुत भएको छ ।

### ३.१.१.२ विषयवस्तुका आधारमा पुण्यप्रसाद सुवेदीका कविताको वर्गीकरण

पुण्यप्रसाद सुवेदीका कविताहरूको मूल भाव र विषयवस्तुको वर्णन, विषयवस्तुका आधारमा उनका कविताको वर्गीकरण र विश्लेषण गर्न सकिन्छ । सामान्यतया उनका कविताहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

१) सामाजिक विषयवस्तुका कविता

२) राजनैतिक विषयवस्तुका कविता

३) प्राकृतिक विषयवस्तुका कविता

४) प्रेमपरक विषयवस्तुका कविता

५) अन्य विषयवस्तुका कविता

यिनै कविताहरूको सोदाहरण परिचय तल प्रस्तुत गरिएको छ :

## १. सामाजिक विषयवस्तुका कविताहरू

समाजमा घटेका वा घट्न सक्ने घटनाहरू नै सामाजिक विषयवस्तुअन्र्तगत पर्दछन् । साहित्य हाम्रो जीवनको हरेक पक्षसँग अनुवन्धित साँस्कृतिक उपलब्धि हो, जसले मानव समाजका आधारभूत आवश्यकतालाई आफ्ना विषयमा समेट्ने गर्दछ । मानिसले अनुभव गरेको दुःख सुख र उसको समाजको दुःख सुखको प्रतिबिम्ब कुनै साहित्यिक कृतिमा कोरिएको हुन्छ । त्यस अनुभूतिलाई कलात्मक रुपमा पुनर्स्थापना गर्दा स्रष्टाले आफ्नो अनुभूतिलाई समाजसँग अन्वय गरी कृतिमा प्रस्तुत गरेको हुन्छ । आफ्ना युगका सामाजिक, आर्थिक र साँस्कृतिक उपलब्धिलाई साहित्यकारले भोगेको हुन्छ । यिनै जीवन भोगाइका यावत् अनुभव र अनुभूतिलाई कविले आफ्ना कवितामा प्रस्तुत गरेका हुन्छ । खासगरी पुण्यप्रसाद सुवेदीका कविताहरू समाजमा प्रचलित कु-प्रथाहरू, अन्धविश्वास, रुढि, वर्गीय शोषण र विभेद, जातिगत असमानता, बाह्य संस्कृतिको प्रभाव आदि विषयवस्तु समावेश गरिएको छ । यिनै विषयवस्तुका आधारमा उनका सामाजिक विषयका कवितालाई स्पष्ट गर्न सकिन्छ । उनका यस्ता विषयवस्तुका कविताहरूमा **अनुभूतिमा काठमाडौं**, **निर्माणको भारी बोकेर**, **रमिता**, **व्यङ्ग्यचित्र**, **भष्मकुण्ड**, **शब्दमा काठमाडौं**, **हाम्रो सपना**, **दौड**, **संस्कृति** शीर्षकका कविताहरू पर्दछन् । समाजको सामाजिक संरचना एकै प्रकारको नभएको कारण वर्गीय द्वन्दको अवस्थ सिर्जना हुन्छ । समाजमा घुसखोरी र भ्रष्टचारको जरो गाड्दै जान्छ । यही श्रमको अवमूल्यनको यथार्थतालाई कविले यसरी प्रस्तुत गरेका छन् :

एउटा ब्ल्याक मार्केटर
चरेश गाँजाको निर्यात
र एक खर्पन भारी
सिमी बोडी र मुन्टा बोक्ने ज्यापु
*एउटै सडकमा बस्छन् । (शब्दमा काठमाडौं, पृ. ६०)* ।

यही आर्थिक समस्यालाई प्रस्तुत गर्ने क्रममा बेरोजगारी र आर्थिक रुपमा कमजोर मानिसको यथार्थतालाई कविले यसरी प्रस्तुत गरेका छन् :

एउटा सानु कप
जो छोराले प्रतियोगतामा जितेर ल्याएको थियो
र विजयको अभिमानले शानले हाँसेर
मलाई राख्न दिएको थियो
मैले लिलाम गरिदिएँ उसलाई थाहै नदिएर
*(आजको दिनमा पनि यसै बित्यो, पृ. ३२)* ।

विदेशी सभ्यता र संस्कृतिको कारणले नेपालको सामाजिक सभ्यता र संस्कृतिमा परेको प्रभावलाई कविले यसरी प्रस्तुत गरेका छन् :

अगाडि आँगनमा
ढेडु र बाँदरका खेल सकिएपछि
मात्तिएका तरुनीहरू
अत्तास्सिएर अनायास भुइँ कोट्याउँछन् ।
हतासिएर एकाएक पर्दा छोट्याउँछन् ।
*(तीन कविता, पृ. २३) ।*

समाजभित्रका विभिन्न पुरातन मान्यताहरूलाई पनि कविले व्यङ्ग्य गरेका छन् । भगवानका नाममा ठगी खाने पुजारीहरूको वास्तविकतलाई कविले उजागर गर्दै वैज्ञानिक समाजनिर्माणको चाहना यसरी व्यक्त गरेका छन् :

ए पुजारीहरू !

कति छ होम गर्ने चरु ?

दुई थाम केराका स्वागतद्वारा

सुत्ला नङ्ग्याउँदै प्रवेश गर

बाटैमा असावधानसँग अतालिएर

बोकेका तीलनहरू नछर !

*(भष्मकुण्ड, पृ. ४३)*

गरिवीको रेखामुनि रहेका पक्षहरूको समस्यालाई कविले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । यसै क्रममा एउटा शिक्षित बेरोजगार र गरिव युवापुस्ताको सामाजिक समस्यालाई यसरी प्रस्तुत गरेका छन् :

हामी चाहन्छौ

नुन-तेल-दाल-भात

एकपेट

लोग्ने स्वास्नी र छोराछोरीसँग

एक भेट !

*(हाम्रो सपना, पृ. ६७) ।*

सामाजिक मूल्य र मान्यता ह्रास हुँदै गएको र मान्छेले मान्छेलाई गर्ने व्यवहार पशुसरह हुँदै गएको अवस्थालाई कविले यसरी प्रस्तुत गरको छन् ।

हाम्रो श्रम

एउटा कलिलो घोडाको पदचाप

मात्र मालिकका इशाराको सही छाप ।

*(हाम्रो सपना, पृ. ६७) ।*

समाजमा बढ्दै गएको श्रमको शोषण र विरक्तिएको श्रमिकको कथालाई कविले यसरी प्रस्तुत गरेका छन् :

किन बाली पाक्छ
मेरो पाखामा
जबकी पसिनाको कुनै मूल्य छैन ।

*(संस्कृति, पृ. ७६) ।*

यसरी उनले समाजमा तत्कालीन विकृति र विसङ्गतिलाई आफ्ना कविताका विषय बनाएका छन् । आर्थिक असमानताका कारण समाजमा बढ्दै गएको वर्गीय द्वन्द, रुढिवादी मान्यताले समाजमा पारेको प्रभाव, विदेशी संस्कृति र सभ्यताले उब्जाएका सामाजिक समस्या, सामाजिक कारणले विस्थापित भएका मानिसहरूको कथा व्यथा, ग्रामीण क्षेत्रका समस्याहरू, शिक्षा स्वास्थ्य र बेरोजगारी आदि कुरालाई पुण्यप्रसाद सुवेदीले आफ्ना कविताको विषयवस्तु बनाएका छन् ।

## २. राजनीतिक विषयवस्तुका कविताहरू

पुण्यप्रसाद सुवेदी राजनीतिक कार्यकर्ता पनि थिए । त्यसकारण राजनीतिक व्यवस्थामा देखापरेका समस्याहरूलाई एउटा सचेत स्रष्टाका रुपमा प्रस्तुत गरेका छन् । भू-राजनीति र अन्तर्राष्ट्रिय राजनीति उनका कविताका मुख्य विषय हुन् । उनी पञ्चायती व्यवस्थाको राजनीतिमा स्वतन्त्रता, समानता, आर्थिक न्याय र शान्तिका पक्षमा उभिएका छन् । तत्कालीन् शासकका निजी सचिव भएर काम गरे पनि त्यसका नराम्रा पक्षलाई कवि आफ्ना कवितामा प्रस्तुत गर्दथे । मूलतः उनका राजनीतिक विषयवस्तुका कविताहरूमा स्वतन्त्रता, समानता, न्याय, प्रजातन्त्र र शान्तिको चाहना प्रकट भएको छ । उनका यस किसिमका विषयवस्तु भएका कविताहरूमा **निर्माणको भारी बोकेर, आफ्नै नाप, सिङ्गो मान्छेको टुक्रिएको जीवन, प्रकम्पित छ वायुपण्डल चङ्गा, भए त ! स्वाद, शब्दब्रह्म** आदि पर्दछन् ।

राष्ट्र, राष्ट्रियता, स्वतन्त्रताको पक्षमा कविता लेख्ने कविले एउटा नव युवाको देशलाई नवनिर्माण गर्ने आकाङ्क्षालाई आफ्ना कवितामा यसरी प्रस्तुत गरेका छन् :

हृदयभरि उज्यालो बोकेर टाउकाभरि

युगका हाँक साँचेको छ ।

अन्धकारले कालो काँचुली फारेर

कर्म निष्ठ हुन बाँचेको छ ।

*(निर्माणको भारी बोकेर, पृ. २१) ।*

पञ्चायती व्यवस्थामा मानिसहरू आधारभूत अधिकारबाट वञ्चित थिए । बोल्ने, लेख्ने र छाप्ने स्वतन्त्रता थिएन । कसैले शासकको विरोध गरेमा ऊ सजायको भागी हन्थ्यो । त्यस्तो वातावरणलाई कविले चिडियाखानासँग तुलना गरेका छन् । मानिसलाई पशुसरह गर्ने व्यवहारलाई कविले व्यङ्ग्य गरेका छन्:

जस्तैः

म मलाई नै नाप्न पुग्छु ।
अनि एउटा कार्टून
टुलुटुलु देखिन लाग्छ
भाँचिएको सिङ् .........
कुँजिएका खुट्टा.........
हावा नकाट्ने पखेटा ................
सिउर नभएको टाउको .................
एउटा मूर्ति हाड र मासुको

*(आफ्नै नाप, पृ. ४६) ।*

कहालीलाग्दो तत्कालिन् शासन व्यवस्था विरुद्ध उठेको आवजलाई कविले यसरी प्रस्तुत गरको छन् :

म कस्तो सुनसान चिर्देछु

आफ्नै पैतालाका आवाजमा आफैं तर्सनुपर्छ

म कस्तो अभितय गर्दछ

आफ्नै पाइलाका गतिमा आफै झस्कनुपर्छ

*(प्रकम्पित छ वायुमण्डल, पृ. ५१)* ।

राजनीतिक विद्रोह र त्यसको परिणाम स्वाभाविक र शाश्वत हुन्छ भन्ने कुरा कविले यसरी प्रस्तुत गरको छन् :

जहाँ भेल आउँछ

परिवर्तन त्यहीँ लहराउँछ

र जहाँ युद्धको खेल आउँछ

शान्तिको झण्डा त्यही फहराउँछ

*(तुकबन्दी, पृ. ५३)* ।

विश्व राजनीतिमा देखापरेका उपनिवशवाद र नव-उपनिवेशवादको प्रभाव नेपालीहरूमा पनि अप्रत्यक्ष रुपमा पर्दै गएको कुराको सङ्केत कविले यसरी गरेका छन्:

हाम्रो श्रम

एउटा कलिला घोडाको पदचाप

मात्र मानिसका इशाराको सही छाप !

हाम्रो त्याग

विभीषण जस्तो खास

परिणाम

आफ्नै नाश !

*(हाम्रो सपना, पृ. ६७)* ।

उनले विश्व राजनीतिमा देखापरेका आणविक अस्त्रको संस्त्रासको अन्त्य हुनुपर्ने धारणा व्यक्त गरेका छन् । अब ती आणविक अस्त्र खेलौनामा परिणत हुनुपर्दछ भन्ने भावनालाई यसरी व्यक्त गरेका छन् ।

हाम्रा अगाडि एटम र हाइड्रोजन बम बन्छन् विलौनाहरू

यसका अगाडि हुन् ति गुच्चा र पुतली जस्तै खेलौनाहरू

*(प्रेमको पहिलो संस्करण, पृ. २७)* ।

यस कवितामार्फत् कविले विश्वप्रेमले आणविक संत्रासको वातावरणको अन्त्य हुने भाव प्रस्तुत गरेका छन् ।

यसरी समग्रमा उनका कवितामा दुई किसिमका राजनीतिक विषयवस्तु राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय राजनीति समावेश गरिएको छ । राष्ट्रिय राजनीतिमा तत्कालीन पञ्चायती व्यवस्था, त्यो व्यवस्थाका शासकहरू र तिनीहरूको भ्रष्ट प्रवृत्ति, न्याय, स्वतन्त्रता, समानता जस्ता कुरामा जोड दिँदै शासकहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

## ३. प्रेमपरक विषयवस्तुका कविताहरू

मान्छेले मान्छे र अन्य वस्तु वा चिजलाई गर्ने मायालाई नै प्रेम भनिन्छ । भनिन्छ, विश्व प्रेममा नै अडिएको छ । पुण्यप्रसाद सुवेदी पनि प्रेमबाट पृथक थिएनन् । जीवन भोगाइका क्रममा आइपरेको आत्मिक जीवनका प्रेम प्रसङ्गलाई कविले आफ्ना कवितामा प्रस्तुत गरका छन् । यस क्रममा आफ्ना जीवन भोगाइका दुःखद् र सुखद् क्षणको प्रस्तुतिलाई उनले सशक्त रुपमा प्रस्तुत गरेका छन् । उनले प्रेमपरक कवितामा वासना र आत्मिक दुवैलाई जोड्ने प्रयास गरको छन् । उनका यस्ता विषयवस्तु भएका कतिवाहरूमा **स्मृति, एक रातः एक पागलः एक प्रलाप, प्रेमको पहिलो संस्करण, कल्पना, आजको साझ सम्बन्ध, प्रणय, प्रतिघात, एपोलो ११**

**का छाँया मुनि बसेर, धेरै धेरै पछि, दोबाटोमा वैंस पुरानो चस्माः नयाँ कविता,** शीर्षकका कविताहरू रहेका छन् ।

कवि प्रेममा पागल बन्दछन् । जब आफ्नी प्रेमिकाको मुत्यु भएको कुरा थाहा पाउँछन् । उनी भगवानप्रति नै टिप्पणी गर्दछन् र धर्मलाई यसरी चुनौती दिन्छन् :

हुरुरु उडेर त्यो पुग्यो हो इन्द्रको फूलबारीमा
नत्र म देख्थेँ त्यो प्रियलाई हाम्रो आँगनाबारीमा
आँसु भएको हाँसो भएको मेरो पुरानो त्यो आकृति
छु शुन्यमा तर यहाँ छु धन्य ! धन्य ! दैवी प्रकृति ।

*(अपूरा सपनाः अधूरा विपना, पृ. १८)* । ।

कविले आफ्नो बाल्यपनको प्रेमको स्मरण यसरी व्यक्त गरेका छन् :

यो एउटा बगैंचाभित्र
रहरले रोपेको बोट
अनि हाम्रो मायाका फलैचाभित्र
साटेको हामीले ओठ

*(प्रेमको पहिलो संस्करण पृ. २६)* ।

कविले विछोडको पीडालाई प्रस्तुत गर्ने क्रममा वियोगान्त श्रृङ्गाररसको उद्बोधन हुन्छ । आफ्नो प्रेमिकाको प्रतिक्षामा बितेका दिनहरूलाई कविले यसरी प्रस्तुत गरेका छन्:

आज पनि समय बिताएँ
कोही आउँछ भनेर
आशा, उत्सुकता र प्रतीक्षामा
एउटा एउटा मिनेट गनेर

*(प्रणय, पृ. ६९)* ।

कविले वैंसमा होस गुमाएका छैनन् । बैंसमा प्रेम गर्नै प्रेमिकालाई कविले प्रेम गर्ने तरिका यसरी सिकाएका छन्:

सामने बसेर किन हेरेको
आँखाको तीरले छाती फुट्ला
केशमा औंला किन बेरेको
अन्तर हृदयको भाका टुट्ला

*(बै.स पृ. ७९) ।*

कविले प्रेमकै विषयवस्तुबाट आफूले कविता सिर्जना गरेको कुरालाई यसरी स्वीकार गरेका छन् ।

पुरानो चस्माबाट पनि
नयाँ प्रेम अनवरण भयो
र प्रेमका बाछिटाहरू
आए टाढाटाढा
मेरो कवितासम्म

*(पुरानो चस्मा: नयाँ कविता, पृ ८०) ।।*

यसरी समग्र रुपमा हेर्दा उनको प्रेम विषयक कविता ज्यादाजसो शृङ्गारिक विषयवस्तुसँग सम्बन्धित छन् । कुनै युवाले युवतीलाई गर्ने प्रेम र त्यसका समस्याहरू नै शृङ्गारिक विषयवस्तु कविताअन्तर्गत पर्दछन् । कविले संभोग र विप्रलम्भ दुबै किसिमका शृङ्गारिकताको प्रयोग गरका छन् । प्रेम विषयअन्तर्गत पर्ने राष्ट्रप्रेमको भावना कविताका कविताहरूमा छिटफुट रुपमा मात्र पाइन्छ । त्यस्तै ईश्वरीय प्रेमका कुराहरू उनका कवितामा पाइँदैन । त्यसकारण युवायुवतीका प्रेमलाई कविले आफ्नो कविताको विषयवस्तु बनाएको हुँदा प्रेमपरक कवितामा पनि शृङ्गारिकता पाइन्छ ।

### ४.प्रकृतिलाई विषयवस्तु बनाइएका कविता

कविले आफ्नो वरिपरिको वातावरणलाई हेरेर कविता सिर्जना गरेका छन् । सामान्यतया पुण्यप्रसाद सुवेदी नेपालकै भौगोलिक परिवेशमा हुर्किएका हुनाले उनले नेपाली प्रकृतिको वर्णन गरेका छन् । नेपालकै हरियाली, वनजङ्गल, हिमाल पहाड, पखेरा, बेसीको वर्णन नै उनका कविताका विषयवस्तुहरू हुन् । खासगरी हिमालयको प्राकृतिक सुन्दरतालाई कविले आफ्नो कवितामा विषयवस्तु बनाएका छन् । उनका प्रकृतिलाई विषयवस्तु बनाइएका कविताहरूमा **हिमशिखर चुमेर हिउँद आई, ओढाएर धरतीलाई तुषराका लुगाहरू, एउटा अधबैंसे भोगटेको रुख छेउमा, चैते झरीमा, यो मंसिर** आदि कविताहरू पर्दछन् ।

उनले प्रकृतिको वर्णन गर्ने क्रममा नेपालको प्राकृतिक रुपले सुन्दर मानिने हिमालको वर्णन गरेका छन् । त्यही हिमाल र हिउँदलाई कविले मानवीरकण गरको छन्, जस्तैः

यस साल पनि हिउँद आई
लाजै नमानी
डाँडाघरकी काकी मैतालु आए जस्तो गरेर
कसैलाई थाहै नदिई
कसैको चाहै नलिइ

*(हिमशिखर चुमेर हिउँद आई , पृ. १९) ।*

प्रकृतिको मानवीरकण गर्ने सिलसिलामा कविले कुनै आमाले बच्चालाई गर्ने चुम्बनलाई तुषारोले धर्तीलाई गर्ने मायासँग तुलना गरेका छन् :

पहिला बेते आमाले
नवजात शिशुलाई
थाङ्नामा गुटुमुटु पारेजस्तै
आढाएर धर्तीलाई तुषाराका लुगाहरू

श्वास प्रश्वासमा निस्केको हुस्सुले ढाकेर

हिउँद धर्तीलाई म्वाई खाइरहेछ ।

*(ओढाएर धरतीलाई तुषाराका लुगाहरू, पृ. २८) ॥*

चैतको समयमा परिरहेको चैतेझरीको वर्णन कविले गरेका छन् । वर्षात्को पानी परेका क्षण भन्दा चैतको झरी कविलाई मनमोहक लागेको छ । जस्तैः

चैतेझरीका झमझमतामा

हर्षोल्लासका ममतामा

प्रकृतिको सुन्दर क्षमतामा

मानो स्वर्णिम समतामा उडुवा पन्छी गाइरहेछ ।

*(चैतेझरीमा, पृ. ४८) ।।*

कविलाई अरु महिनाभन्दा मङ्सिर महिना राम्रो लागेको छ । मङ्सिर महिनाको भरिपूर्णता, पहेंलो धान, बारीमा फलेका सुन्तला आदि कारणले कविलाई मङ्सिर महिना राम्रो लागेको हो । यही मंसिर महिनाको वर्णन कविले यसरी गरेका छन् :

जति भेटिन्छ ।

त्यति नै प्यारो लाग्ने घाम

जति गरिन्छ ।

त्यति नै जाँगर लाग्ने काम

धानको बाला बोकेको

पहेंलो महिना मंसिर

*(यो मंसिर, पृ. ६२) ।*

यसरी समग्ररुपमा हेर्दा, प्रकृतिको वर्णन गर्ने सिलसिलामा कविले प्रकृतिको सौम्य र शान्त रुपमा वर्णन गरेका छन् । त्यसमध्ये पनि कञ्चन सेतो हिउँद, परिरहेको पानी र भरिपूर्ण महिना मङ्सिरको वर्णन नै कविको उत्कृष्ट प्रकृति

वर्णनको कविता हो । प्रकृतिमै हुर्केर प्रकृतिमा नै रमाउने कविले प्रकृतिको वर्णन सशक्त ढङ्गले गरेका छन् ।

## ५. विविध विषयवस्तुका कविताहरू

पुण्यप्रसाद सुवेदीले सामाजिक, राजनीतिक, प्राकृतिक र प्रेम विषयभन्दा केही पृथक विषयवस्तुका कविताहरू पनि लेखेका छन् । तिनीहरूलाई विविध विषयवस्तुका कविताहरूभित्र समावेश गर्न सकिन्छ । **अपूरा सपनाः अधूरा विपना** शीर्षकको कवितामा जीवनको निःसारतालाई विषयवस्तु बनाइएको छ । जीवनको निरर्थकता र निःसारतालाई कविले यसरी प्रस्तुत गरका छन् :

व्युँझदा भरेका सपनाले
निचोरी-निचोरी थुपार्छन् ।
सुत्दा सडेका विपनाले
चिथोरी चिथोरी उफार्छन् ।

*(अपूरा सपनाः अधूरा विपना, पृ. १७) ।*

जीवनको इच्छा आकाङ्क्षहरू सबै भताभुङ्ग भएपछि कविभित्र छटपटी झन बढ्दै जान्छ । यही छटपटाइका क्रममा कविले जीवन भोगाइका अनुभव र अनभूतिलाई पनि आफ्ना कविताको विषयवस्तु बनाएका छन् । जस्तैः

मेरा रात कुहुँदछन् ।

मेरा दिन तुहुँदैछन्

*(मेरा रात मेरा दिन, पृ. २२) ।*

कविले कविता लेख्ने क्रममा जिन्दगीको परिभाषा दिने प्रयास पनि गरेका छन् । जीवन बिग्रिएपछि के हुन्छन् ? भन्ने कुराको उत्तर खोज्ने प्रयास कविको रहेको छ, जस्तै :

मानिस खोजी गर्छ र
खोज्दा-खोज्दै प्वाल खोज्न पुग्छ
प्रत्येक पाइला प्वालमा पर्दा पनि
प्वाल खाजिरहन्छ ।

*(जीवनः एउटा टाँचा लागेको हुलाक टिकट, पृ. २९) । ।*

यसरी जीवन भोगाइका यावत् अनुभूतिलाई कविले जस्ताको त्यस्तै रुपमा प्रस्तुत गरका छन् । जीवन भोगाइका क्रममा आइपर्ने समस्याहरू, जीवनका लागि गरिने मेहनत, परिश्रम र उपलब्धिविहीन कार्यले मानिसलाई कर्मबाट विमुख गराउँछ भन्ने किसिमका विषयवस्तुलाई उनका कविताका विविध विषयवस्तुभित्र समावेश गर्न सकिन्छ ।

यसरी पुण्यप्रसाद सुवेदीका कविताहरूको विश्लेषण र वर्गीकरणबाट के कुरा स्पष्ट हुन्छ भने उनी यथार्थवादी कवि हुन् । जीवन भोगाइका क्रमा अनुभव गरेका कुराहरूलाई उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । खासगरी यथार्थवादी विषयवस्तुभित्र सामाजिक, आर्थिक, राजनैतिक यथार्थतलाई कविले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । प्रकृति र प्रेमलाई विषयवस्तु बनाइएका कविताहरूमा केही काल्पनिकता पाइन्छ । यसरी समग्ररूपमा के भन्न सकिन्छ भने पुण्यप्रसद सुवेदीका कवितामा यथार्थ अनुभूति र काल्पनिकताको संयोग रहेको छ ।

### ३.१.२ सहभागी

कुनै पनि वस्तु वा घटनालाई अगाडि बढाउन कृतिभित्र सहभागी पात्रहरूको आवश्यकता पर्दछ । साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण, कार्यव्यापार र तिनले घटनावलीमा गर्ने कार्यको आधारमा निर्धारण हुन्छ । [४०] कथालाई गतिशीलता प्रदान गर्न सहभागीहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सहभागीले नै कृतिलाई जीवन्त र गतिशील तुल्याउँछ । प्रगीतात्मक कवितामा

[४०] ऐजन्, पृ. २२८ ।

सहभागीहरू कविताभित्र नै समाहित भएर आएका हुन्छन् । सामान्यतया कवितका अनुभव र अनुभूतिलाई अभिव्यक्त गर्ने क्रममा यी पात्रहरूको उपस्थिति भएको हुन्छ । तिनीहरूले कुनै खास ठूलो भूमिका नखेले तापनि यिनिहरूको उपस्थिति अनिवार्य हुन्छ । [४१]

पुण्यप्रसाद सुवेदीका कवितामा विभन्नि किसिमका सहभागी पात्रहरू रहेका छन् । ती पात्रहरूको विवरण निम्नानुसार उल्लेख गर्न सकिन्छः-

| **क्र.स.** | **कविताको शीर्षक** | **सहभागी** |
|---|---|---|
| १. | स्मृति | म, प्रेमिका र इन्द्र |
| २. | अपूरा सपना अधुरा विपना | म र मानिसहरू |
| ३. | हिम शिखरहरू चुमेर हिउँद आई | हिउँद |
| ४. | अनुभूतिमा काठमाडौं | मानिसहरू |
| ५. | निर्माणको भारी बोकेर | भरिया |
| ६. | मेरा रात मेरा दिन | म |
| ७. | तीन कविता | म र सरस्वती |
| | क.सरस्वती | ---- |
| | ख. भित्तो | म र भित्तो |
| | ग. रमिता | म, तरुनीहरू, सुपारीको बोट |
| ८. | एक रात एक पागल एक प्रलाप | म र रात |
| ९. | प्रेमको पहिलो संस्करण | म र प्रेमिका |
| १०. | ओढाएर धर्तीलाई तुषाराका लुगाहरू | हिउँद र तुसारो |
| ११. | जीवन एउटा टाँचा लागेको हुलाक टिकट | मानिस र हुलाक टिकट |
| १२. | आजको दिन पनि त्यसै बित्यो | म, छोरा र छोरी |
| १३. | कल्पना | म र प्रेमिका (कल्पना) |
| १४. | बग्दा बग्दै हराइरहेछु | म |
| १५. | व्यङ्ग्यचित्र | मानिसहरू |
| १६. | आफ्नै नाप | म, जनावर र पंक्षीहरू |
| १७. | पाँच त्यान्द्रा | म |
| १८. | भष्म कुण्ड | म र पुजारी |
| १९. | एउटा अधबैंसे भोगटेको रुख छेउमा | भोगटेको रुख |
| २०. | सिङ्गो मान्छेको टुक्रिएको जीवन | मानिस |
| २१. | चैते झरीमा | म, चराहरू, किसान र प्रेमिका |

[४१] ऐजन् ।

| | | |
|---|---|---|
| २२. | मोजा | म र मोजा |
| २३ | तुकबन्दी | |
| २४. | भए त ! | ऊ र म |
| २५. | स्वाद | म र जिब्रो |
| २६. | आँखामा काठमाडौं | काठमाडौं सहर |
| २७. | आजको साँझ | म, भ्यागुता, जुनकिरी र चराचुरुङ्गी |
| २८. | यो मंसिर | मंसिर |
| २९. | सम्बन्ध | म, जुवाडे, झगडीया, विद्यार्थी नेता र युवती |
| ३०. | शब्द ब्रह्म | म र शब्द |
| ३१. | हाम्रो सपना | म र बेराजगारवर्ग |
| ३२. | प्रणय | म र प्रेमिका |
| ३४ | समय दौड | म र प्रेमिका |
| ३५. | च्याङ्गा | मान्छे र चङ्गा |
| ३६. | एपोलो ११ का छाँयामुनि बसेर | म |
| ३७. | धेरै धेरै पछि | म, प्रेमिका र छोराछोरीहरू |
| ३८. | संस्कृति | म |
| ३९. | दोबाटोमा | म र प्रेमिका |
| ४०. | कविता आउँदैन | म |
| ४१. | बैंस | म र प्रेमिका |
| ४२. | पुरानो चम्मा नयाँ कविता | म र प्रेमिका |

माथि उल्लिखित पात्रहरूको विवरणका आधारमा उनका कवितामा सहभागी भएका पात्रहरू छुट्टै कुनै विशिष्ट स्थान लिएर देखपरेका छैनन् । कविले आफ्ना जीवनका अनुभव र अनुभूतिलाई प्रस्तुत गर्ने क्रममा यी पात्रहरू भावगत रुपमा सहभागी भएका छन् । कविले अधिकांश कवितामा 'म' पात्रको प्रयोग गरेका छन् । कवितामा प्रयुक्त क्रियापदको आधारमा 'म' पात्र पुरुष पात्रको रुपमा देखापरेको छ । कविले आफ्ना अनुभवहरूलाई म पात्रका माध्यमबाट व्यक्त गरेका छन् । यस क्रममा भावगत रुपमा अन्य पात्रहरूलाई पनि समावेश गरेका छन् । उनी शोषित र पीडित पात्रका समर्थक बेनका छन् । उनीहरूको पीर, व्यथा र वेदनासँग घुलेर कविले कविताको रचना गरेका छन् । कविताका भावसँग समाहित हुने क्रममा मानवेत्तर पात्रहरू पनि समावेश गरका छन् । प्रकृतिका विभिन्न रुपहरूलाई कविले मानवीकरण गर्दै मानव व्यवहारसँग तुलना गरेका छन् । त्यही प्रकृतिलाई मानव व्यवहार गर्ने

क्रममा कविले हिउँदको आगमनलाई डाँडाधरकी काकी मैतालु आएको घटनासँग यसरी तुलना गरेका छन् ।

यस साल पनि हिउँद आई
लाजै नमानी
डाँडाघरकी काकी मैतालु आए जस्तो गरेर
कसैलाई थाहै नदिइ
कसैको चाहै नलिइ

*(हिमशिखर चुमेर हिउँद आई, पृ. १९) ॥*

यस कवितामा प्रकृतिको नियमित आगमनलाई कविले मानव आगमनसँग तुलना गरेको छन् । यही प्रकृतिको मानवीकरण गर्न सक्नु कविको वैशिष्ट्य हो ।

यसरी समग्रमा 'म' पात्रका अनुभव र अनुभुतिलाई प्रस्तुत गर्ने क्रममा पुण्यप्रसाद सुवेदीका कवितामा अन्य पात्रहरूको भावगत उपस्थिति पाइन्छ । ती पात्रहरूको कुनै विशिष्ट भूमिका पाइँदैन । ती पात्रहरू निश्चित कुराहरू प्रस्तुत गर्न आउँछन् र आफै हराउँछन् । प्रत्येक कवितामा तिनीहरू कुनै न कुनै रुपमा उपस्थित भएका छन् तर उनका कवितामा 'म' पात्रको भूमिका नै प्रमुख रुपमा रहेको छ ।

## ३.१.३ परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ ।[४२] कुनै पनि घटना कहिले कहाँ घट्यो र त्यसले अनुभूतिमा के कस्तो प्रभाव पार्‍यो भन्ने कुरा परिवेश अनुसार अध्ययन गर्न सकिन्छ । यसै आधारमा परिवेशअन्तर्गत तीनवटा कुराहरू समावेश गर्न सकिन्छः

क) स्थानसूचक परिवेश

[४२] ऐजन, पृ. १०३ ।

ख) समयसूचक परिवेश

ग) वातावरण परिवेश [४३]

कुनै घटना घटित हुने वा चरित्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ विशेषलाई स्थानसूचक परिवेश भनिन्छ । यस्तो स्थान सामान्य र विशिष्ट दुई किसिमको हुन्छ ।[४४]

घटना घटित भएको वा कार्यव्यापार सम्पन्न भएको काल वा बेलालाई समयसूचक परिवेश भनिन्छ । यस्तो समयसूचक परिवेश पनि सामान्य र विशिष्ट दुवै किसिमको हुन्छ ।[४५] कार्यव्यापारबाट उत्पन्न हुने पाठकीइ प्रभावलाई वातावरण भनिन्छ । यो पाठकको मानसिक अवस्थासँग सम्बन्धित छ ।

यिनै तीनवटा परिवेशहरू स्थान, समय र वातावरणसूचक परिवेशका आधारमा पुण्यप्रसाद सुवेदीका कविताहरूको विश्लेषण गर्न सकिन्छ ।

| **क्र.स.** | **कवितको शीर्षक** | **स्थान** | **समय** | **वातावरण** |
|---|---|---|---|---|
| १ | स्मृति | आँगन | - | दु:खद |
| २ | अपूरा सपना अधूरा विपना | कोठा | रात र दिन | दु:खद |
| ३ | हिम शिखरहरू चुमेर हिउँद आई | नेपालकै हिमाली क्षेत्र | हिउँद | सुखद |
| ४ | अनुभूतिमा काठमाडौं | काठमाडौं | - | दु:खद |
| ५ | निर्माणको भारी बोकेर | विश्व | | दु:खद |
| ६. | मेरा रात मेरा दिन | कविकै कोठा | रात र दिन दुवै | दु:खद |
| ७ | तीन कविता | | | |
| | क.सरस्वती | आँगन | - | दु:खद |
| | ख भित्तो | भित्तो | - | दु:खद |
| | ग. रमिता | छेउको आँगन | - | दु:खद |

---

[४३] ऐजन्, पृ. १०४ ।

[४४] ऐजन् ।

[४५] ऐजन्, ।

| | | | | |
|---|---|---|---|---|
| ८ | एक रातः एक पागल एक प्रलाप | कुनै बगैंचा | रातको समय पञ्चायती शासन | दुःखद |
| ९. | प्रेमको पहिलो संस्करण | - | - | सुखद |
| १० | ओढाएर धर्तीलाई तुषराका लुगाहरू | - | हिउँद | सुखद |
| ११ | जीवन एउटा टाँचा लागेको हुलाक टिकट | - | - | दुःखद |
| १२ | आजको दिन पनि त्यसै बित्यो | - | दिन | दुःखद |
| १३ | कल्पना | - | दिन र रात | दुःखद |
| १४. | बग्दा बग्दै हराइरहेछु | कुनै मन्दिर र चिडियाखाना | | दुःखद |
| १५. | व्यङ्ग्यचित्र | | राणाशासनको समय | दुःखद |
| १६. | आफ्नै नाप | | | दुःखद |
| १७. | पाँच त्यान्द्रा | | | दुःखद |
| १८. | भष्म कुण्ड | | | दुःखद |
| १९. | एउटा अधवैसे भोगटेको रुख छेउमा | | ीदिन | सुखद |
| २० | सिङ्गो मान्छेको टुक्रिएको जीवन | | रातको समय | दुःखद |
| २१. | च्वैते भरीमा | | चैत महिना | सुखद |
| २२. | मोजा | | | दुःखद |
| २२. | प्रकम्पित छ वायुमण्डल | | | दुःखद |
| २३. | तुकबन्दी | | | |
| २४. | भए त ! | | पञ्चायती व्यवस्था | दुःखद |
| २५. | स्वाद | | | दुःखद |
| २६ | आँखामा काठमाडौं | काठमाडौं | | दुःखद |
| २७ | एउटा सपना भयानक सपना | | रात | दुःखद |
| २८ | शब्दमा काठमाडौं | काठमाडौंको कुनै गल्ली | | |
| २९ | आजको साँझ | | साँझ | दुःखद |
| ३० | यो मंसिर | | मंसिर महिना | सुखद |
| ३१ | सम्बन्ध | | | दुःखद |
| ३२ | शब्द ब्रह्म | | | दुःखद |
| ३३ | हाम्रो सपना | | | दुःखद |

| | | | | |
|---|---|---|---|---|
| ३४ | प्रणय | | | दुःखद |
| ३५ | प्रतिघात | | | दुःखद |
| ३६ | समय दौड | नयाँ सडक | - | - |
| ३७ | चङ्गा | | | दुःखद |
| ३८ | एपोलो ११ का छाँयामुनि बसेर | | रात दिन | सुखद |
| ३९ | धेरै धेरै पछि | | | सुखद |
| ४० | सस्कृति | | | दुःखद |
| ४१. | दोबाटोमा | | | दुःखद |
| ४२. | कविता आउँदैन | | | दुःखद |
| ४३. | बैंस | | | सुखद |
| ४४ | पुरानो चस्मा नयाँ कविता | | | सुखद |

पुण्यप्रसाद सुवेदीका कविताहरूमा प्रयुक्त परिवेशलाई हेर्दा कुनै किसिमको महत्वपूर्ण वा विशिष्ट परिवेशको चर्चा गरेको पाइँदैन । कविले कविता प्रस्तुत गर्ने क्रममा स्थानसूचक परिवेशको रुपमा आफ्नै घर वरिपरिको वातावरण जस्तैः घर, आँगन, खेत वारी, खोलानाला, बनजङ्गल आदिको प्रयोग गरेका छन् । ती ठाउँहरूको कुनै स्थानिक महत्व छैन । नेपालकै राजधानी काठमाडौं, सर्वोच्च शिखर सगरमाथा र अन्य हिमालयको दृष्यलाई पनि कविले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । यिनीहरूको ऐतिहासिक सन्दर्भमा महत्त्व वा विशिष्ट स्थान रहेको छ । स्थानसूचक परिवेशको रुपमा आएका सामान्य तथा विशिष्ट दुवै परिवेशको चित्रण कविले सहज रुपमा प्रस्तुत गरेका छन् । समयसूचक परिवेशको सिर्जना गर्ने कुनै यकिन समयको प्रस्तुति उनका कवितामा पाइँदैन । दिन रातको समय वा कुनै महिनाको वा कुनै ऋतुको वर्णन गरिए पनि कुनै तिथिमितिको उल्लेख गरिएको पाइँदैन । उनका कवितामा प्रस्तुत अधिकांश समयसूचक परिवेश सामान्य किसिमका छन् । कुनै कुनै कतिवाहरूमा पञ्चायतकालीन् तथा राणाकालीन्, परिवेशको चित्रण पाइन्छ । यी परिवेशहरूको ऐतहिासिक रुपले विशिष्ट स्थान रहेका छ । यी सामान्य र विशिष्ट समयसूचक परिवेशकै कृतिमा महत्त्वपूर्ण भूमिका रहेको छ । यसरी उनका अधिकाँश कृतिहरूमा स्थान र समय, सूचक परिवेशमा मानसिक र भौगोलिक परिवेश सर्वस्थानिक र सार्वकालिक रहेका छ । वर्तमान युग र समय सान्दर्भिक कवितामा

कविले पीडादायी, उराठिलो, निरशाजनक, निस्सासिँदो र कहाली लाग्दो वातावरणको चित्रण गरेका छन् । तत्कालीन समयमा जनताले भोग्नुपरेका पीडा र त्यसले जनतामा सिर्जना गरेको नैराश्यतापूर्ण स्थितिलाई कविले प्रस्तुत गरेका छन् । जनताको पक्षमा लेखिएका कविताहरूमा पञ्चायतकालीन झलक पाइन्छन् । त्यस्तै कविको जीवनमा देखपरेका विभिन्न उतारचढावका कारण उनका अधिकांश प्रेम कविताहरू पनि निराशपूर्ण छन् । ती कविताहरूको माध्यमबाट कारुणिक स्थितिको सिर्जना भएको छ र पाठकमा दुःखद प्रभाव पारेको छ । त्यही दुःखद कारुणिक स्थितिलाई कलिले यसरी प्रस्तुत गरेका छन् :

विर्सिन सकिनँ अहर्निश नै उसको मधुमय मुस्कान
हृदय सधैं विचलित पार्ने जादु उसको शान
हाँसि मनको दुःख बिसाउन भेट्न गएँ उसलाई
निराश भएँ भेटिन अनि तर गाएँ मन रुवाई

*(स्मृति, पृ. १५-१६) ।*

यसरी समग्ररुपमा हेर्दा पुण्यप्रसाद सुवेदीका कविताहरूमा सर्वकालिक, सर्वस्थानिक र कारुणिक वातावरणको चित्रण गरिएको पाइन्छ । उनका कविताभित्रको परिवेशले सहभागी र वस्तुलाई गतिशील र जीवन्त तुत्याउने आधार प्रदान गरेका छन् । कृतिभित्र परिवेशको निर्माण स्वभाविक र विश्वसनीय ढङ्गले गरिएको छ । विशिष्ट परिवेश सिर्जना भएको स्थानमा स्थानकि रङ्ग वा आञ्चलिकता पैदा भएको छ । उनका सबै कविताहरू प्रगीतात्मक भएको कारणले परिवेश सङ्क्षिप्त , सङ्केतात्मक र सूत्रात्मक प्रस्तुति पाइन्छ ।

### ३.१.४ उद्देश्य

हरेक विधाका साहित्यिक कृतिहरूको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्यिक सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्षरुपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । बिना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिएमा त्यो सार्थक नभई निरर्थक कार्य हुन्छ । कविता सिर्जनाको उद्देश्य प्राप्तिका लागि त्यसको

वस्तु, सहभागीहरूलगायत अन्य संरचक घटकहरको पनि महत्वपूर्ण भूमिका रहन्छ ।[४६]

साहित्य सिर्जना गर्ने उद्देश्यका सम्बन्धमा पूर्व र पश्चिममा बेग्लाबेग्लै मत पाइन्छ । तर पनि दुवैतर्फका सिद्धान्तहरूलाई समेटेर एउटा निष्कर्ष निकाल्न सकिन्छ । पूर्व र पश्चिम दुवैतिर साहित्य सिर्जनाका उद्देश्य यसप्रकार छन् ।

१. मनोरञ्जन

२. शिक्षा

३. आनन्द

४. लोक कल्याण

५) यथार्थको प्रकटीकरण [४७]

यी मध्ये आधुनिक कविता लेखनको सर्वप्रमुख उद्देश्य यर्थाथको प्रकटीकरण रहेको पाइन्छ । [४८] यसरी समग्रमा कुनै पनि साहित्यिक कृतिको निश्चित उद्देश्य रहेको हुन्छ । त्यसैअनुरुप पुण्यप्रसाद सुवेदीको कविताको उद्देश्यलाई यसप्रकार चर्चा गर्न सकिन्छ ।

पुण्यप्रसाद सुवेदीका सबै कविताहरूको उद्देश्य यथार्थको प्रकटीकरण रहको छ । तत्कालीन् अवस्थामा देखापरेका सामाजिक तथा राजनीतिक यथार्थलाई प्रस्तुत गर्नु नै उनको कविता लेखनको मूल उद्देश्य हो । कविले देखेका-सुनेका कुराहरूलाई कवितामा प्रस्तुत गरेका छन् । उनले तत्कालीन् समयमा तत्कालीन शासन व्यवस्थाले गरेका अमानवीय तथा पशुवत् चरित्रलाई व्यक्त गरेका छन् :

---

[४६] ऐजन्, पृ. २३५ ।

[४७] ऐजन्, पृ. २३७ ।

[४८] ऐजन् ।

कोठे जन्जीरमा थुनिएको चिनियाँ सारस

जाउलाखेलको हावामा निसासिँदै बाँचेको डाँफे

जालीभित्र खर्किएका ढुकुर

म रमिता हेर्छुः

*(आफ्नै नाप, पृ. ४०)* ॥

गरिब, मजदुर र किसानहरूको आ-आफ्नै समस्याहरू रहेका छन् तर तिनीहरूको समस्या समाधानका लागि प्रयास भएका छैनन् । माग पूरा गर्ने कुरा त बाहिरकै भयो उनीहरूले समस्यालाई प्रस्तुत गर्नसमेत पाएका छैनन् । तिनीहरूको कथाले तत्कालीन् राजनैतिक तथा सामाजिक यथार्थतालाई प्रस्तुत गरेको छ, जस्तैः

यो एउटा सिङ्गो मान्छेको कथा

जो सिङ्गो भएर कतै पनि अटाउँदैन

टुक्रिन्छ . . . बेला टाउको छुट्याउँछ

र खुट्टा उखेलेर फ्याक्छ ।

*(सिङ्गो मान्छेको टुक्रिएको जीवन, पृ. ४६)* ।

तत्कालीन शासकका यथार्थता मात्र हैन जनताका इच्छा र चाहनालाई पनि कविले यथार्थरुपमा प्रस्तुत गरेका छन् जस्तै

हावासँग बहन चाहन्छु उन्मुक्त भएर

हावासँग बग्न चाहन्छु कतै पनि नरोकिएर

यो नमिलेको ढिस्को र बार फोरेर

आफ्नै गतिमा मुटुभित्रका धुन गुनगुनाएर ।

(प्रकम्पित छ वायुमण्डल, पृ. ५१) ।

प्रकृतिको विश्वव्यापी नियमलाई कविले युद्धको विश्वव्यापी नियमसँग यसरी तुलना गरेका छन् :

जहाँ भेल आउँछ

परिवर्तन त्यहीँ लहराउँछ

र जहाँ युद्धको खेल आउँछ

शान्तिको झण्डा त्यहीँ फहराउँछ ।

*(तुकबन्धदी, पृ. ५३)* ।

हाम्रा सम्पूर्ण प्रयासहरू सिसिफसको मिथकजस्तै बन्दै गएको यथार्थलाई कविले यसरी प्रस्तुत गरको छन् ।

हाम्रो वर्तमान

मात्र एउटा सिसिफस

जो सधैं ठाउँको ठाउँमै मात्र

भइरहन्छ ।

*(हाम्रो सपना, पृ. ६८)* ॥

कविले सामाजिक समस्याको रुपमा रहेका गरिवी र त्यसले जन्माएका समस्याहरूलाई यथार्थरुपमा यसरी प्रस्तुत गरको छन्:

एउटा सानु झोला

जसमा छोरीले पुस्तक र पेन्सिल राख्थी

मैले भन्टा, प्याज र गट्टा राखिदिएँ

जसको सम्झना उसलाई भइरहन्छ . . .।

*(आजको दिन पनि त्यसै वित्यो , पृ. ३१)* ।

उपर्युक्त उदाहरणलाई हेर्दा पुण्यप्रसाद सुवेदी युगीन यथार्थसम्बन्धी वस्तु ( भाव, विचर वा घटनालाई अत्यन्त सरल र सहज ढङ्गले अभिव्यक्त गर्ने कविका रुपमा देखिन्छन् । उनका कवितामा समाज, राजनीति र प्रेमपरक यथार्थताको सजीव

चित्रण पाइन्छ । त्यसकारण पुण्यप्रसाद सुवेदीको कतिवाको मुख्य उद्देश्य यथार्थको प्रकटीकरण हो ।

## ३.१.५ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । सामान्यतया हेराइको कोण वा परिप्रेक्ष्यलाई जनाउने दृष्टिबिन्दु कृतिको प्रस्तुतीकरणसँग सम्बन्धित संरचक घटक हो ।[४९] दृष्टिबिन्दुले रचनाकार र पाठकको सम्बन्ध स्थापित गर्ने काम गर्छ । कृतिमा म पात्रको केन्द्रीयतामा कुनै वस्तुको वर्णन गरिएको छ भने त्यसलाई प्रथमपुरुष दृष्टिबिन्दु भनिन्छ भने 'ऊ' वा अन्य कुनै पात्रको केन्द्रीयतामा कृति तयार गरिएको छ भने त्यहाँ तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको हुन्छ ।

कविका भाव, अनुभूति, विचार र संवेदना आदिलाई पाठक समक्ष प्रस्तुत गर्ने तरिकालाई दृष्टिबिन्दु भनिन्छ ।[५०] म पात्रको केन्द्रीयतामा कृति लेखिएमा प्रथम पुरुष दृष्टिबिन्दु र अन्यपात्रको केन्द्रीयतामा लेखिएका तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ ।

पुण्यप्रसाद सुवेदीले आफ्ना रचनाहरूमा प्रथमपुरुष तथा तृतीयपुरुष दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । उनले कविताहरू पाठक समक्ष उपस्थापन गर्दा दुईवटा पद्धतिलाई अबलम्बन गरेका छन् । रचनाकार र पाठकका बीचमा सम्बन्ध स्थापित गर्ने क्रममा उनले प्रथमपुरुष दृष्टिबिन्दु र तुतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । कवितका भाव, विचार, अनुभूति, संवेदना आदिलाई अभिव्यक्ति गरी पाठक समक्ष पुऱ्याउने क्रममा उनले 'म' पात्रका माध्यमबाट प्रथम पुरुषात्मक शैली प्रस्तुत गरको छन् भने 'ऊ' वा अन्य कुनै पात्रको माध्यमबाट तृतीयपुरुष शैली प्रस्तुत गरेका छन् । उनले **हिशिखरहरू चुमेर हिउँद आई, अनुभूतिमा काठमाडौं, निर्माणको भारी बोकेर, ओढाएर धरतीलाई तुषाराका लुगाहरू, जीवन एउटा टाँचा**

---

[४९] ऐजन् ।

[५०] ऐजन्, पृ. २३८ ।

**लागेको हुलाक टिकट, एउटा अधवैंसे भोगटेको रुख छेऊमा, सिङ्गो मान्छेको टुक्रिएको जीवन, यो मंसिर, चङ्गा** शीर्षकमा कविताहरूमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने अन्य कतिवाहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

पुण्यप्रसाद सुवेदीका अधिकांश कतिवाहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ । जीवनमा भोगेका अनुभव र अनुभूतिलाई प्रस्तुत गर्ने क्रममा उनले आफूलाई नै समाख्याता बनाएका छन् । 'म' पात्रका अनुभव र अनुभूतिमा विश्वसनीयता पाइन्छ । कविले प्रथम पुरुष दृष्टिविन्दुलाई म पात्रका माधयमले यसरी प्रस्तुत गरेका छन् :

म कस्तो सुनसान चिर्दैछु
आफ्नै पाइलका गतिमा आफै झस्कनुपर्छ ।

यस श्लोकमा कविले आफ्नै जीवनका भोगाइका अनुभव र अनुभूतिलाई प्रस्तुत गरेका छ ।

त्यस्तै एउटा भरियाको अनुभव र अनुभूतिलाई कविले तृतीय पुरुषात्मक शैलीमा यसरी प्रस्तुत गरको छन् :

निर्माणको भारी बोकेर
हिडिरहेको एउटा भरिया
शान्तिको घारी उड्दा उड्दै
छिचोली नसकेको एउटा परेवा
आधुनिक युगको सूत्रपात गर्न
एउटा गीत गाउँदैन

(निर्माणको भारी बोकेर, पृ. २७) ।

यसरी उनका कवितामा दुवै दृष्टिबिन्दुको प्रयोग भए पनि मुख्यतः प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग नै बढी मात्रामा पाइन्छ ।

## ३.६.१ भाषाशैलीय विन्यास

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो भने विन्यास भन्नाले सुव्यवस्थित ढङ्गले क्रमबद्धरुपमा राख्ने काम भन्ने बुझिन्छ । त्यसकारण अनुभव र अनुभूतिलाई ठीक ढङ्गले ठीक ठाउँमा राख्ने तरिकालाई भाषाशैलीय विन्यास भनिन्छ । कृतिको संरचक घटकका सन्दर्भमा भाषाशैली (साङ्केतिक) शैली, अग्रभूमीकरण ( विचलन र समानान्तरत) बिम्ब, प्रतीक लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । [५१]

## ३.१.६.१ भाषा

कविता विशिष्ट शब्द र शब्दावलीयुक्त पङ्क्ति तथा पङ्क्तिपुन्जमा उत्तरोत्तर विकसित गरिन कलात्मक अभिव्यक्ति हो र यसको भाषामा कलात्मकता, लयात्मकता, रागात्मकता जस्ता विशिष्ट अभिलक्षण हुन्छन् ।[५२] मानकभाषा प्रचलित व्याकरण अनुसार हुन्छ भने काव्य भाषा सार्थक र विचलन युक्त हुन्छ ।[५३] त्यसकारण काव्यिक भाषा सामान्य भाषाभन्दा विशिष्ट, विचलनयुक्त र कलात्मक हुन्छ ।

पुण्यप्रसाद सुवेदीका कतिवाका वाक्यगठन सहज र स्वभाविक किसिमको रहेको छ । उनको भाषा व्याकरणका नियमानुसार नबाधिई विचलनयुक्त बनेको छ, जस्तैः

मरो रङ्ग उडेको भित्तो
म जस्तै
मोर्डन पेन्टिङको
सजीव नमुना

*(भित्तो, पृ. २३) ।*

---

[५१] ऐजन्, पृ. २४५ ।

[५२] ऐजन् ।

[५३] ऐजन्, पृ. १४८ ।

यस श्लोकमा मेरो रङ्ग उडेको भित्तो वाक्यमा विचलन पाइन्छ । वाक्यमा व्याकरणका नियमअनुसार कर्ता, कर्म र क्रियापदको आवश्यकता पर्दछ तर यस श्लोकमा क्रिया पदको प्रयोग गरिएको छैन । उनका कवितामा प्रायः तत्सम र तद्भव शब्दको प्रयोग गरिएको छ भने **मोर्डन पेन्टिङ**, **लिलाम**, **टाँचा टिकट**, **एटम**, **हाइट्रोजन**, **कारावास**, **ट्याक्सी**, **व्यालमार्केटर टेष्ट डिग्री**, **मिनेट**, **खरिद**, **रोमान्स** जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग गरेका छन् । त्यस्तै उनले **सल्यात्त**, **छप्ल्याक**, **गुन्गुन् ढुकढुक**, **फिस्स**, **कुक्कु**, **ढुकढुक** जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग गरेका गरेका छन् ।

### ३.१.६.२ शैली

कुनै पनि कुरालाई अभिव्यक्त गर्ने तरिकालाई शैली भनिन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो ।[५४] कृतिगत सन्देशमा हेर्ने हो भने लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ । शैलीअन्तर्गत चयन, अग्रभूमीकरण (विचलन र समानान्तर) तथा प्रयुक्ति विविधता आउँछन् । र यिनले शैलीको निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछन् ।[५५] विकल्पहरूको अनिवार्यता नै चयन हो । पुण्यप्रसाद सुवेदीका कवितामा शब्दका तहमा पर्यायवाची चयन बढी मात्रामा पाइन्छ । यी पर्यायवाची विभिन्न विकल्पहरूमध्ये उनले आवश्यकताअनुसार चयन वा छनोट गर्दै कवितामा शब्द प्रयोग गरको छन् । उनका कतिवामा ध्वनिगत, वाक्यगत, अर्थगत, एवम् व्यवहारिक चयनमा सचेतता पाइन्छ । उनको यही कवितात्मक शैलीमा अग्रभूमीकरण र विचलनता पनि पाइन्छ; जस्तै

खोजीबस्छ शब्दहरू
हुलमा फूलमा
अनि आफूलाई

---

५४ ऐजन्, पृ. २५२ ।

५५ ऐजन्, पृ. २५५ ।

ढाकेर वसेका

तूलमा तर अपसोच !

शब्द नै बसेको छैन

उसलाई ओताउने

बोटबृक्षमा मूलमा

*(कविता आउँदैन, पृ. ७८)* ।

यसरी समग्ररुपमा पुण्यप्रसाद सुवेदीका कवितामा कुनै चमत्कारपूर्ण शैली पाइँदैन तर पनि सबै व्यक्तिहरूको आ-आफ्नै शैली हुन्छ । त्यसकारण उनको शैलीलाई आफ्नो ठाउँमा विशिष्ट मान्न सकिन्छ ।

### ३.१.६.३ बिम्ब र बिम्बविधान

बिम्ब भनेको कुनै दृष्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र हो । कवितामा कविले सोझो रुपमा नभएर कलात्मक रुपमा बिम्बका माध्यमाट आफ्ना विचारहरू कसरी अभिव्यक्त गरेको छ भन्ने कुरा उसले छनोट गरको शब्द, वाक्य र समग्र कविताबाट थाहा पाउन सकिन्छ । कुनै पनि वस्तुको स्वरुपलाई जनाउने मानसिक चित्र, वा मानसपटलमा उत्पन्न हुने वस्तु बारेका अवधारणा एवम् आकृति जनाउने भाषिक विधान बिम्ब हो ।[५६] कविताको भाषा र त्यसबाट उत्पन्न प्रभावका बीच सम्बन्ध स्थापित गराउने काम बिम्बले गर्दछ ।

पुण्यप्रसाद सुवेदी बिम्बबिधानमा त्यति सचेत देखिदैनन् । उनले आफ्ना कवितमा शाब्दिक र आलङ्कारिक बिम्बको प्रयोग कुनै कुनै रुपमा प्रयोग गरेका छन् । उनले आफ्ना कविताम प्रस्तुत गरको आलङ्कारिक बिम्बलाई यस प्रकार चर्चा गर्न सकिन्छः

**पानीभित्रको सालक, मान्छेबेच्ने मान्छेहरू र आत्मा बेच्ने आत्माहरू बाट जीवन एउटा टाचा लागेको टिकट** उनका कविताहरूभित्र प्रयोग गरिएका बिम्ब हुन् ।

---

[५६] ऐजन, पृ. २६४ ।

यसरी समग्रमा बिम्बहरूको शाब्दिक र आलङ्कारिक प्रयोग उनका कवितामा पाइन्छ ।

### ३.१.६.४ प्रतीक

कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव र निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । अर्थात् कुनै चिजलाई सङ्केत गर्ने वस्तुलाई प्रतीक भनिन्छ ।[५७] अभिधेयार्थ र वाच्यार्थभन्दा भिन्न लक्ष्यार्थ र व्यङ्ग्यार्थलाई प्रतीकात्मक अर्थ मानिन्छ ।[५८] सामान्यता प्रतीकहरूलाई तीन भागमा विभाजन गर्न सकिन्छ :

क. परम्परागत प्रतीक

ख. वैयक्तिक प्रतीक

ग. प्राकृतिक प्रतीक

पुण्यप्रसाद सुवेदीका कवितामा परम्परित र नवनिर्मित दुवै किसिमका प्रतीकको प्रयोग पाइन्छ । उनका कवितामा **भेडी गोठलाका कथा**, **पूर्खाका गाथा**, **ओढार मुनि गाएका गीत**, **सगरमाथा**, **परेवा**, **काचुली**, **सरस्वती ढेडु बाादर**, **राजा–रानी**, **एटम**, **हाइड्रोजन**, **गन्धर्व गीत सिसाकलम**, **थोत्रो जुत्ता**, **चिडियाखाना**, **पूजारीहरू**, **ब्ल्याकमार्केटर विभिषण**, **खडेरी**, **चङ्गा** जस्ता परम्परागत प्रतीकहरू पाइन्छन् । त्यस्तै **एपोलो ११**, **डिग्री ओडिएको सार्टिफिकेट**, **मिथक**, **जिब्रो यज्ञकुण्ड**, **मोजा**, **एघारौं अवतार**, **भोगटेको रुख**, **चन्द्रमाको आवदी**, **हुलाक टिकट** जस्ता आधुनिक वा नवनिर्मित प्रतीकको प्रयोग पनि गरेका छन् ।

यसरी समग्रमा उनका कवितामा परम्परागत र नवनिर्मित दुवै किसिमका प्रतीकको प्रयोग पाइन्छ । यी प्रतीकहरूले नै उनका कविताहरू उत्कृष्ट बनेका छन् ।

---

[५७] ऐजन्, पृ. २६५ ।

[५८] ऐजन्, पृ. २६६ ।

### ३.१.६.५ लय/छन्द

कुनै पनि कवितामा सहज, स्वभाविक र स्वःस्फूर्त ढङ्गले अनुप्रासिक विन्यास भएमा त्यसलाई लयात्मक कविता भनिन्छ । लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँछ । लयको उत्पत्ति प्रवाह, गति, यति, विराम, उपाधान आदिको परस्पर क्रमिक मेलबाट हुन्छ । [छढ]

'पुण्यप्रसाद सुवेदीका कविता' कविता सङ्ग्रहका ४५ वटै कविताहरू मुक्त छन्दमा रचिएका छन् । उनका कवितामा अन्त्यानुप्रासको सहज विन्यास पाइन्छ, जस्तै :

चैते झरी यो बर्षिरहोस्
सुकिलो जीवन सलल बहोस्
मैलो खालो कहीँ नहोस्
प्रेयसी मेरो कथा कहोस्
झमझम पानी परिरहोस्

*(चैते झरीमा, पृ. ४९)* ।

यो श्लोकमा 'रहोस्' 'कहोस्' जस्ता शब्दहरूले अन्त्यानुप्रासको सहज विन्यास गरिएको छ । यी अन्त्यानुप्रासको कारणले कविता गेयात्मक मानिन्छ । उनका कवितामा सहज, स्वाभाविक र स्वतःस्फूर्त ढङ्गले अनुप्रासिक विन्यास गरिएकाले कविता लयात्मक बन्न पुगेका छन् । उनका कवितामा कतै सम जोडी र कतै विषम विजोडी पङ्क्तिका बीच आनुप्रासिक संयोजन र समानान्तरताको स्वभाविक प्रयोगका कारण यिनका कविता लयात्मक बन्न पुगेका हुन् ।

समग्रमा पुण्यप्रसाद सुवेदीका कविताहरू मुक्त छन्दमा रचना गरिएका छन् । उनका सवै कविताहरूमा अन्त्यानुप्रासको सहज र स्वभाविक विन्यास गरिएको छ ।

---

[छढ] ऐजन् ,

### ३.१.६.६ अलङ्कार

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण हो । भाषाको अलङ्कार मानिने अलङ्कारले कविताको सौन्दर्य बढाउने काम गर्दछ । अलङ्कारले कवितालाई चमत्कृत, सौन्दर्यपूर्ण, आकर्षण र प्रभावशाली तुल्याउने काम गर्दछ ।[६०] शब्द र अर्थगत सौन्दर्य एवम् चमत्कारका आधारमा अलङ्कार शब्दालङ्कार र अर्थालङ्कार गरी दुई प्रकारका हुन्छन् । शब्दालङ्कारअन्तर्गत अनुप्रास, यमक, श्लेष जस्ता अलङ्कारहरू पर्दछन् भने अर्थालङ्कारमा उपमा, रुपक, उत्प्रेंक्षा, समासोक्ति, दृष्टान्त, दीपक, स्मरण, सङ्कर आदि अलङ्कारहरू पर्दछन् ।

पुण्यप्रसाद सुवेदीका कवितामा विभिन्न प्रकारका अलङ्कारहरूको प्रयोग पाइन्छ । तिनीहरूको बारेमा निम्नानुसार चर्चा गर्न सकिन्छः

**१) अनुप्रास अलङ्कार**

सपना सप्रैकासँग सुटुक्क भन्छु

मलाई त सपनाको शोक परेको छ ।

यस श्लोकमा सपना सप्रेका र सुटुक्क र शोकमा 'स' वर्णको आवृत्ति भएको छ । त्यसकारण छेकानुप्रास अलङ्कारको प्रयोग गरिएको छ । त्यस्तै

यस्ता ऐठनका सपनाहरू

मलाई रात दिन कक्रयाउँछन्

जम्दै खुम्चेका पिनाहरू

मलाई रातदिन ढक्र्याउँछन् ।

यहाँ सपनाहरू, विपनाहरू, कक्रयाउँछ र ढक्रयाउँछन् जस्ता शब्दहरूको कारण सहज अन्त्यानुप्रासको प्रयोग पाइन्छ ।

---

[६०] ऐजन् ,

उनका कवितामा अर्थालङ्कारको पनि प्रयोग पाइन्छ । जस्तै

२) **उपमा**

लेकका झर्ना झैं
कलकलाउँदै झरिरहुँ जस्तो
जङ्गलका हरिण झै
लपलपाउँदै चरिरहुँ जस्तो
जुरामा तोरीका फूल सिउरेका
पँहेलै पँहेलो मङ्सिर ।

*(यो मंसीर, पृ. ६२) ।*

यस श्लोकमा लेकका झर्ना झरेको र जङ्गलका हरिण चरेको उपमेयसँग मङ्सिर उपमान दुईवटा समान गुण वा धर्म हुने वस्तुका बीच समानता देखाउने झै जस्तो बाचक शब्दको कारण यो उपमा अलङ्कारका उत्कृष्ट उदाहरण बनेको छ । त्यस्तै उपमा अलङ्कारको अर्को उदाहरण:

मध्यरातमा जरो झैं
कुक्कु कुक्कु कराइरहेछु
बालुवामा थुप्रिएको खोल्सा झैं
बग्दाबग्दै हराइरहेछु

*(बग्दाबग्दै हराइरहेछु पृ. ३६) ।*

**३) दृष्टान्त**

बिम्ब प्रतिबिम्वस्वरुप दुईवटा स्वतन्त्र वाक्य आएमा दृष्टान्त अलङ्कार हुन्छ ।

जहाँ मैल आउँछ परिवर्तन त्यही लहराउँछ
र जहाँ युद्धको खेल आउँछ शक्तिको झण्डा त्यहीँ फहराउँछन्

*(तुकबन्दी, पृ. ५३) ।*

**४) रूपक**

उपमेयमा उपमानको आरोप गरिएमा रुपक अलङ्कार हुन्छ ।

हाम्रो
डिग्री ओडिएको नाम
एक युद्ध कालको जेट

*(हाम्रो सपना, पृ. ६७) ॥*

**५) विषम**

विषम अलङ्कार नमिल्दा वा परस्पपर विपरीत दुईवटाको मिलन भएमा विषम अलङ्कार हुन्छ ।

हाँसी मनको दुःख बिसाउने भेट्न गएँ उसलाई
निराश भएँ भेटिन, गाएँ मन रुवाई

*(स्मृति, पृ. १६)* ।

**६) सम्भवाना**

भविष्यको कल्पना गरिएको अलङ्कारलाई सम्भावना अलङ्कार भनिन्छ ।

धेरै धेरे पछि
जब हामी उकालो लाग्छौ उमेरको
त्यसबेला कसैका लागि
चन्द्रलोक
सुवागरात मनाउने ठाउँ होला

*(धेरै धेरै पछि पृ. ४७) ।*

यसरी समग्ररुपमा पुण्यप्रसाद सुवेदकि कवितामा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ । शब्दालङ्कारमा छेकानुप्रास र अन्त्यानुप्रासको प्रयोग छ भने अर्थालङ्कारमा उपमा, रुपक, स्मरण, सम्भावना आदि अलङ्कारको प्रयोग रहेको छ ।

यसरी पुण्यप्रसाद सुवेदीका कविताभित्र प्रयुक्त भाषाशैलीय विन्यासलाई हेर्दा उनका कविताहरू सरल भाषा प्रायः वर्णनात्मक तथा केही सम्बोधनात्मक शैलीमा सिर्जना गरिएका छन् । उनका कवितामा प्रयुक्त बिम्ब र प्रतकिका कारणले कविता उत्कृष्ट बनेका छन् । कवितामा प्रयुक्त कतिपय बिम्ब-प्रतीक र अलङ्कार सरल, सहज स्वभाविक र सुबोध छन् । मुक्त छन्दमा रचित सुवेदीका सबेजसौ कविता लयात्मक गुणले ओतप्रोत छन् । कतै सम र कतै विषम पङ्क्तिका बीच आननुप्रासिक संयोजन र समानान्तरताको स्वभाविक प्रयोगका कारण यिनका कविता लयात्मक बन्न पुगेका हुन् ।

# चौथो परिच्छेद

## पुण्यप्रसाद सुवेदीका गीतहरूको विश्लेषण

गीतको विश्लेषण गर्दा बस्तु (भाव, विचार वा घटना), पर्याधार ढाँचा, भाषाशैलीय विन्यास आदिलाई विशेष ध्यान दिएर यसै प्रारुपका आधारमा गरिन्छ । यसै प्रारुपका आधारमा पुण्यप्रसाद सुवेदीका गीतहरूको पनि विश्लेषण गर्न सकिन्छ ।

### ४.१ वस्तु

गीतको वस्तुले भाव, विचार वा घटना यसको मुलवस्तु, मूलकथ्य वा बीजविचारलाई बुझ्काउँछ । यो अनेक प्रकारको भए पनि यसलाई मूलतः प्रेमप्रणयमूलक रागात्मक प्रणेतर र रागेतर गरी दुई भागमा बाँड्न सकिन्छ ।[टज्ञ] पुण्यप्रसाद सुवेदकिा कवितासङ्ग्रहमा सङ्ग्रहित गीतहरूको मूलभावलाई यसप्रकार चर्चा गर्न सकिन्छः

| शीर्षक | मूलभाव |
|---|---|
| यो मन | मन ढलपल हुन, कसैबाट धोका हुनु, एक्लो जीवनको तिक्तता अभिव्यञ्जित |
| साँगुरी बारी | प्रेमिका खसमको प्रतीक्षामा माइतबस्दा वाक्क भएपछि अमालाई सम्झाउँदै आफ्नै घरतर्फ लाग्ने विचार |
| शितलुमाथि नि | एक्लो जीवनमा कसैको साथको अपेक्षा तर पूरा नभएको भाव अभिव्यञ्जित |
| घुमाइ घुमाइ | प्रेमी प्रेमिकाको प्रेममय वार्तालाप आशा र निराशा दुवै भाव अभिवयञ्जित |

यसरी पुण्यप्रसाद सुवेदीका सबै गीतहरूमा ‘प्रेम’ लाई विषयवस्तु बनाइएको छ । मुलतः प्रणयमूलक प्रेम, मिलन, वियोग  वेदनाजस्ता मानवीय सम्बन्धमा उनका गीतहरू केन्द्रित रहेका छन् यिनै गीतहरूमा प्रस्तुत घटनाहरूलाई यसप्रकार चर्चा गर्न सकिन्छः

---

[टज्ञ] हरिभक्त बुढाथोकी, **हाम्रो देश हाम्रो भविष्य** काठमाडौंः विराज बुढाथोकी, २०६२, पृ. ५ ।

१) यस गीतमा गीतकारको मन एकठाउँमा छैन । कता जाने भन्ने विषयमा मन केन्द्रित भएको छैन । उनको जीवनमा वसन्तको समयमा बहार आएको छैन, बर्षात्को समयमा पानी परेको छैन । गीतकारले आफ्नो जीवनलाई वसन्तको सम्मुखमा भएको फागुन महिनासँग तुलना गरेका छन् । उनलाई कसैबाट धोका भएको छ । उनी विगनतको स्मृतिमा डुबिरहेका छन् । केही हुन्छ भन्ने उनको इच्छा अझै मरेको छैन ।

२) यस गीतमा पूर्वी पहाडी भागको लोकसभामा समेटिएको छ । माइतीघरमा बसेकी एउटी तरुनी युवतीको कथालाई यस गीतमा प्रस्तुत गरिएको छ । उसको प्रेमीको सम्झनाले त्यो युवती सताइएकी छे । प्रत्येक लाहुरेको आगमनलाई ऊ आफ्नो प्रेमी हो कि भन्ने अनुमान गर्दछे । लेकमा फुलेको लालीगुराँसलाई टाउकोमा लगाउँदै झर्दै जाने उसको इच्छा छ । मायाको तीर बोकेर आउने प्रत्येक लाहुरेको तीरले उक्त युवतीको मन घोचेको छ ।

३) एउटा एक्लो जीवन विताइरहेको युवकको गाथालाई गीतकारले पूर्वेली भाकामा यो गीत प्रस्तुत गरेका छन् । मौरी फूलमा रसको मायाले घुमेजस्तै गीतकार मायाको आशले घुमिरहेका छन् । गीतकार सबैको जोडी देख्दा आफू एक्लो भएकोमा खिन्नता व्यक्त गर्दछन् । उनी माया लाउने मायालु नभेट्टाएकोमा विरक्तिएका छन् । फूलबारीबाट कविले पूल्क टिपेर ल्याए पनि लगाइदिन मान्छे भेट्टाएका छैनन् । उनका जीवनमा केही गर्नसक्ने आशा मरिसकेको छ । उनी फेरि मायालुसँग भेट हुने आशा व्यक्त गर्दछन् ।

४) यस गीतमा सम्वादात्मक अभिव्यक्ति रहेको छ । घुम बुन्ने मान्छे र अन्तरीका बीचमा भएको संवाद नै यस गीतको विषयवस्तु हो । आज सुदिनले हो या कुदिनले भेट भएको हो, घुमबुन्ने मान्छेलाई शङ्का छ । लुकीचोरी लगाएको मायाले एक्कासी ठूलो भएकोमा दुवैजना छक्क परेका छन् । खास विषयवस्तु यस गीतको संबादमा पाइँदैन ।

यसरी पुण्यप्रसाद सुवेदीका गीतहरूको प्रेमलाई मूलभाव, विचार र घटना बनाएको छ, रागात्मक प्रेम प्रणयमूलक गीतहरूले मिलन र विछोड जस्ता विषयलाई समेटेको छ ।

## ४.२ पर्याधार

पर्याधार भनेको विषयवस्तुको फैल हो । यो बैयक्तिक र सामाजिक दुई गरी किसिमको हुन्छ । व्यक्तिको प्रयोधरमा आत्मकेन्द्रित अन्तर्मुखी अनुभूतिको भावनात्मक अभिव्यक्ति हुन्छ भन्ने सामाजिक पर्याधारमा बहिर्मुखी अनुभूति र मानवीय जीवन वा समाजका मार्मिक पक्षको प्रस्तुति हुन्छ । पुण्यप्रसाद सुवेदीका गीतहरूका दुवै पर्याधारहरूको समावेश पाइन्छ । यो मन शीर्षकको गीतमा आत्मकेन्द्रित रहेको छ । यसमा गीतकारका आफ्ना मनभित्र कुण्ठित भएको धारणालाई यसरी प्रस्तुत गरेका छन्ः

'यो मन मन चुकेको छ चिरा परेर
विगत जीवनका स्मृतिले कुटेर

*(यो मन, पृ. ८) ।*

'**शितलुमाथि शितलु**' शीर्षकको गीतमा गीतकार र सामाजिक पर्याधारमा बर्हिमुखी अनुभूति र मनवीय जीवन वा समाजका मार्मिक पक्षलाई यसरी प्रस्तुत गरेका छन् ।

गोठालादाइको गोठैमा आज
भुँनेमा मोइ छैन
फूलबारी गएँ फूल टिपी ल्याए
लाईदिने कोही छैन ।

(शितलु माथि, पृ. ८३)

यसरी पुण्यप्रसाद सुवेदीका व्यक्तिगत र सामाजिक दुवै पर्याधारका गीत रहेका छन् ।

## ४.३ ढाँचा

गीतको ढाँचा भनेको यसको स्वरुपगत बुनौट हो । यो बृत्तात्मक र चक्रात्मक हुन्छ । केन्द्रीय भाव वा विचारको पुनरावृत्तीय विस्तार गरी उही भावमा गरिएको ढाँचा वृत्तात्मक हुन्छ भने गीतको भाव वा विचारको विस्तार नामावली ढङ्गमा हुने गीतको ढाँचा चक्रात्मक हुन्छ ।[६२] पुण्यप्रसाद सुवेदीका सबै गीतहरूको ढाँचा वृत्तात्मक रहेको छ । उनका सबै गीतहरू मुख्य भावमा नै पुनरावृत्त हुँदै घुमेका छन् । '**यो मन**' शीर्षकको गीतमा कसैबाट विछोडिएको मानिसको भावहरू बारम्बार दोहोरिएका छन् । उसका आफ्ना मनका अनुभव र अनुभूति वेग्लाबेग्लै शब्द तथा एउटै अर्थमा आएका छन् ।

## ४.४ भाषाशैलीय विन्यास

गीतको भाषाशैलीय विन्यास अन्तर्गत अभिव्यक्तिको माध्यमबाट गीतको वर्णन गरिनु वा अभिव्यक्त गरिनु हो । यो एकालापीय र सम्वादात्मक हुन्छ ।[६३] पुण्यप्रसाद सुवेदीका कवितामा एकालापीय र संवादात्मक दुवै किसिमको भाषिक प्रयोग पाइन्छ । उनका गीतमा सम्बादात्मक शैलीको गीतलाई प्रयोग गरिएको छ । सम्बादात्मक शैलीको गीतलाई उनले केटा र केटीको संवादलाई यसरी प्रस्तुत गरेका छन् ।

केटीः घुमाइमा घुमाइ घुम बुन्ने दाजु लौ लौ हजुर बुन्दछ छपनि
केटाः सुदिनले हाकि कुदिनले हो कि लौ लौ हजुर देख्दछु सपनि

उनले एउटै पात्र वा वर्णनकर्ता वा सम्बोधकबाट अभिव्यक्ति गरिने प्रथमपुरुषप्रधान गीतलाई प्रस्तुत गर्ने क्रममा यसरी प्रस्तुत गरेका छन्ः

यो मन उडेको छ आकासिएर
ढलपल ढलपल भई बतासिएर
परेन पानी चैते खडेरीमा

---

[६२] ऐजन् ।

[६३] ऐजन ।

रसिएन जीवन बसन्तका माझमा

(यो मन, पृ. ८१)

उनका गीतहरू वक्तव्यपरक सम्बोधात्मक दुवै किसिमका रहेका छन् उनको वक्तव्यपरक गीतमा यो मन र सितलु माथि नि शीर्षकका गीतमा गीतकारले आफ्ना अनुभूतिको अभिव्यक्ति वक्तव्यका रुपमा प्रस्तुत गरेका छन् भने **साँगुरी वारि नि, घुमाइमा घुमाई** शीर्षकका गीतमा सहभागीलाई सम्बोधन गरेर गीत प्रस्तुत गरिएको छ। यी दुईवटा गीतमा पात्रका माध्यमबाट गीतलाई प्रस्तुत गरिएको छ।

पुण्यप्रसाद सुवेदीका गीतहरूमा खासै बिम्ब तथा प्रतीकको प्रयोग गरिएको पाइँदैन। उनका चारवटा गीतहरूमध्ये तीनवटा गीतमा नेपालको पूर्वी पहाडी भेगमा प्रचलित लोकभाकाहरू प्रस्तुत गरिएको छ। सबै गीतहरूमा अन्त्यानुप्रास मिलेको पाइन्छ। अन्त्यानुप्रासको सहज आयोजनाका कारण उनका गीतहरू लयात्मक र गेयात्मक बनेका छन्। गीतलाई गेयात्मक बनाउन उनले '**नि हो**' '**लौ लौ वरै**', '**लौ लौ वरै**' जस्ता निपातहरूलाई थेगाको रुपमा प्रयोग गरका छन्। उनका गीतहरूमा भाषाको प्रयोगमा अग्रभूमीकरण र विचलन दुवै पाइन्छ। यसरी प्रयोग भएको भाषिक विचलन र अग्रभूमीकरणको कारण गीत झनै उत्कृष्ट बन्न पुगेका छन्।

यसरी पुण्यप्रसाद सुवेदीका गीतमा अति सरल र प्राञ्जल भाषाको प्रयोग पाइन्छ। पूर्वेली भाषिकाको प्रभाव उनका कवितामा पाइए पनि त्यो सहज र स्वभाविक किसिमको पाइन्छ। प्राय: वर्णनात्मक शैलीमा लेखिएका गीतहरूमा भाषिक शिल्पगत परिष्कारपमिार्जन पाइँदैन। प्रतीकात्मक संरचनामा आबद्ध उनका गीतहरूमा शीर्षक सङ्केतात्मक एवम् प्रतीकात्मक नभई भावअनुरुप सोझै सामञ्यस्यमूलक छन् र शीर्षकबाटै तिनको केन्द्रीय भाव बुझ्न सकिन्छ।

# पाँचौ परिच्छेद

# पुण्यप्रसाद सुवेदीको काव्यप्रवृत्ति

## ५.१ परिचय

पूर्वी पहाडी जिल्ला तेह्रथुमको ग्रामीण परिवेशमा जन्मिएका पुण्यप्रसाद सुवेदी सानै उमेरदेखि भावुक र कल्पनाशलि प्रकृतिका थिए । उनले विद्यालयीय जीवनदेखि नै कविताहरूको रचना गर्ने तथा वाचन प्रतियोगतामा भाग लिने गर्दथे । उनले आफ्नो जन्मस्थल, खेले हुर्केको ठाउँ, प्राकृतिक सौन्दर्य भौगोलिक विविधता, आफूले देखे भोगेका अनुभूतिजन्य कथाव्यथा, आफ्नो राष्ट्र , राष्ट्रियता, विश्वका समसामयिक सन्दर्भ र समस्या आजको विडम्बनापूर्ण परिस्थिति विकृति, विसङ्गति, पीडाजनक जीवन भोगाइका अनुभुति प्रेम, मिलन, मानवीय संवेदना, स्वतन्त्रताको चाहना, व्यङ्ग्य विद्रोह आदि जस्ता कुरालाई आफ्ना कविताको विषय बनाएका छन् । सर्वप्रथम २०४१ सालमा सङ्गिनी नामक एक समीक्षात्मक लेखमार्फत् नेपाली साहित्यमा देखापरेका पुण्यप्रसाद सेवेदी त्यसपछि कथा विधा हुँदै २०१८ सालमा कल्पना शीर्षकको कविता लिएर नेपाली कविताको क्षेत्रमा देखापरेका हुन् । सुवेदीले आफूले देखेका कविताहरू तत्कालीन समयका साहित्यिक पत्रिकाहरू **झ्यौराली**, **रुपरेखा**, **फूलपाती**, **प्रज्ञा**, **मधुपर्क** जस्ता पत्रिकामा प्रकाशित भएका छन् । यिनै विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कविताहरू र अन्य अप्रकाशित कविताहरू समावेश गरेर उनको मृत्यु भएको २० वर्ष पछाडि पुण्यप्रसाद सुवेदी स्मृति समितिले पुण्यप्रसाद सुवेदीका कविता (२०६१) प्रकाशन गरेको छ । यस कविता सङ्ग्रहभित्र जम्मा ४५ वटा कविताहरू र ४ वटा गीतहरू सङ्ग्रहित रहेका छन् । यसरी २०१४ सालदेखि नेपाली साहित्यमा समालोचनात्मक लेखमार्फत देखापरेका सुवेदीको कवितायात्रा प्रकाशनको हिसाबले (२०१८-२०६१) सालसम्म देखिन्छ । उनको

यसै समयावधिमा प्रकाशित भएका कविताहरूको आधारमा उनको प्रवृत्तिहरूको चर्चा गर्न सकिन्छः

## ५.२ काव्यप्रवृत्तिहरू

पुण्यप्रसाद सुवेदी आधुनिक नेपाली कविताको प्रयोगवादी धाराको सुरुवातसँगै नेपाली कविताको इतिहासमा देखापरेका हुन् । नेपाली प्रयोगवादी कविता धाराका मुख्य विशेषता सामूहिक अवचेतनद्वारा स्वचालित लेखन, विश्रृङ्खलित अनुभूतिको अभिव्यक्ति, क्लिष्टता, दुरुहता, दूर्बोध्य आदिको विपरीत नेपाली प्रयोगवादी धाराको मूल्य र मान्यतामा रहेर उनले आफ्ना अभिव्यक्तिहरू प्रस्तुत गरेका छन् । नयाँ छिमलका कवि पुण्यप्रसाद सुवेदी वि.सं. २००७ पछि कवि भीमदर्शन रोक्काले सुरु गरेको रुमानी शैलीका कविताका नजिक-नजिक र कवि भूपि शेरचनका काव्यात्मक अभिव्यञ्जना शैलीसँग पनि जोडिन पुगेका देखिन्छन् ।[६४] यसरी नेपाली कविताको प्रयागवादी धारामा खेखापरेका पुण्यप्रसाद सुवेदी प्रयोगवादी धारामा लेखिएका प्रवृत्तिहरूमा संलग्न रहेका छन् ।

उनलाई धारागत प्रवृत्तिका अतिरिक्तस्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक प्रवृत्तिका समन्वयनका रुपमा पनि लिन सकिन्छ । उनका कविताभित्र अभिव्यक्त अनुभव र अनुभूतिगत प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### १. प्रकृतिचित्रण

पुण्यप्रसाद सुवेदीले आफ्ना कवितामा प्रकृतिको सुन्दर चित्रण गरेका छन् । उनको जन्म र जीवनको लामो समय नेपालको पहाडी भू-भाग तेह्रथुममा नै बितेको थियो । त्यही पहाडी भू-भागमा हुर्किएका कारण उनका कवितामा पहाडी तथा हिमाली प्रकृतिको प्रेम स्वच्छ तरिकाले व्यक्त भएको छ , नेपालको ग्रामीण भू-भाग, त्यहाँ बग्ने नदीनाला, पहाडका थुम्का र त्यहाँबाट देखिने हिमालयसँगको साक्षात्कार

---

[६४] शिव रेग्मी, 'अभिव्यञ्जननावदी कवि पुण्यप्रसाद सुवेदी', **मुधपर्क,** (वर्ष ७, अङ्क ३६, २०५७०, पृ. ३६ ।

गरेका हुनाले उनका कवितामा पनि त्यसको सुन्दरता र त्यसको अनुपमाप्रति गहिरो मोह पाइन्छ । उनका यस्ता प्रवृत्ति बोकेका कविताहरूमा **हिमशिखर चुमेर हिउँद आइ, यो मंसिर, ओढाएर धरतीलाई तुषाराका लुगाहरू, चैते झरीमा** आदि पर्दछन् । उनका कवितामा उकातिर हिमाली, पहाडी प्रकृतिको चोखो वर्णन पाइन्छ भने अर्कातिर प्रकृतिको प्रेमप्रणयमूलक भावना पनि पाइन्छ । उनले प्रकृतिलाई उद्दीपन विभावका रुपमा लिएको भेटिन्छ । चैतले झरी शीर्षकको कवितामा कविले झमझम चैतमा परेको पानीले मानिसभित्र रहेको **कल्मस** र कलुषित भावनालाई पखाल्दै आत्मालाई शान्त र सुन्दर राख्न चाहेको भावना प्राकृतिवर्णन मार्फत गरेका छन् । त्यस्तै उनले प्रकृतिका क्रियाकलापलाई काल्पनिक रुपमा मानिसका क्रियाकलापसँग तुलना गरेका छन् । त्यस्तै उनका कवितामा देशीय र विश्वजनीन प्रकृतिलाई पनि विषयवस्तुका रुपमा प्रस्तुत गरिएको छ । समग्रमा उनको प्राकृतिक चेत प्रगतिमूलक र स्वच्छन्द दुवै किसिमको रहेको छ ।

### २. प्रेमपरकता

पुण्यप्रसाद सुवेदीले आफ्ना कवितामा प्रेमका विभिन्न रुपहरूको चित्रण सुन्दर ढङ्गले गरेका छन् । जीवन भोगाइका क्रममा मान्छे कुनै न कुनै रुपमा केही चिजलाई प्रेम गर्दछ । प्रेम अन्तर्गत मूलतः तीन कुराहरू पर्दछ । मान्छेले मान्छेलाई अन्य वस्तुहरूलाई गर्ने प्रेम, मान्छेले गर्ने प्रेम र मान्छेले ईश्वरलाई गर्ने प्रेम, प्रेमअन्तर्गत बढीमात्रामा शृङ्गारिक विषयवस्तुको प्रयोग गरेको पाइन्छ । थोरै मात्रामा मानवीय प्रेम पाइन्छ । जीवन भोगाइका क्रममा यौवनमा कविले समालेका अनुभव र अनुभूतिलाई आफ्ना कवितामा प्रस्तुत गरेका छन् । उनले वासनात्मक प्रेमभन्दा भावनात्मक प्रेमलाई बढी महत्त्व दिएका छन् । निस्वार्थ रुपमा लिने प्रेममा नै जीवनको सार्थकता पाइन्छ भन्ने उनको धारणा रहेको छ । **स्मृति, प्रेमको पहिलो संस्करण, तीन कविता, सम्बन्ध, हाम्रो सपना, प्रणय, दोबाटोमा, बैंस** जस्ता कतिवाहरू प्रेमसम्बन्धी विषयवस्तुमा आधारित भएर लेखिएका छन् । यी कवितामा प्रणयमूलकता भन्दा बढी भावनात्मकता पाइन्छ । त्यस्तै मानिसले देशप्रति गर्ने मायालाई राष्ट्रप्रेम भनिन्छ । देश र जनतलाई एकजुट हुन, जनतलाई कर्मशील

भएर देश र जनताको पक्षमा केही गर्न आह्वान गरिएका उनका कवताहरू संस्कृति, सवाद, निर्माणको भारी बोकेर आफ्नै नाप जस्ता कवितामा देशप्रेम र राष्ट्रप्रेमको भावना पाइन्छ । त्यस्तै ईश्वरलाई आराधना गरिएका कवितामा ईश्वरीय प्रेम प्रकट भएको हुन्छ । उनको यस्तो भावना प्रकट भएको कविता सरस्वती हो उनले यस कवितामा सरस्वतीको आराधना गरेका छन् । यसरी समग्रमा उनका प्रेमपरक कवितामा ईश्वरीय र राष्ट्र प्रेमका कविताभन्दा मानवीय प्रेमका कविताहरू बढीमात्रामा रहेका छन् ।

## ३. प्रगतिवादी विचार

पुण्यप्रसाद सुवेदीले आफ्ना कवितामा श्रमिक, शोषित, पीडित र अन्यायमा परेका मानिसहरूको आवाजलाई प्रस्तुत गरेका छन् । उनी भाग्यमा नभई कर्ममा विश्वास गर्दछन् । उनले **निर्माणको भारी बोकेर चैते झरीमा, आफ्नै नाप, प्रकम्पित छ वायुमण्डल, शब्दमा काठमाडौं** जस्ता कवितामा प्रगतिवादी विचार प्रकट भएको छ । उनमा समाजमा केही गर्नु पर्दछ र सबैले समान अधिकार पाउनु पर्दछ भन्ने प्रगतिशील विचार रहेको छ । हामी अर्काको इशारामा चल्न बाध्य छौं तर पनि त्यसका विरुद्ध आवाज उठाउन सक्दैनौ । यही सामाजिक यथार्थतालाई उनले आफ्ना कविताको विषय बनाएका छन् । हाम्रो समाजका धनी र गरिबका बीचको दुरी लामो छ । त्यसको अन्त्य हुनुको सट्टा त्यो दुरी झन्झन् बढ्दै गएको छ । उनी त्यसको अन्त्य हुनुपर्दछ भन्ने विचार प्रकट गर्दछन् । वर्ष दिनसम्म खेती कमाई गर्ने किसानको घरमा बाली पाके पनि भित्रिने सम्भावन छैन । यिनै पीडित किसान, मजदुर र निम्नवर्गका मानिसको समस्यालाई प्रस्तुत गर्दै उनले त्यसको अन्त्य हुनुपर्दछ भन्ने प्रगतिवादी विचार व्यक्त गरेका छन् । समग्रमा गरिब जनताका पिल्सिएका आवाज नै उनका कविता बनेका छन् ।

### ४. राष्ट्र निर्माणको भावना

पुण्यप्रसाद सुवेदी श्रमको सम्मान गर्दथे । उनमा भ्रष्ट शासकहरूको शासनको अन्त्य र समुन्नत नेपालको निर्माण हुनपर्दछ भन्ने निर्माणको चेतना र राष्ट्रिय संस्कृतिप्रतिको आस्था रहेको पाइन्छ । राष्ट्रिय निर्माणको चाहना बोकेका सुबेदी आफू सीप, जाँगर श्रम र इमान्दारितासँग मित लगाउँछन् । अल्छी, आलस्य, देशद्रोहजस्ता बाधक तत्वलाई दुर राखी राष्ट्रनिर्माण तथा देश निर्माणमा समर्पित देखिन्छन् । उनी विदेशीको नोकर बन्न चाहदैनन् । देशभित्र नै विकासको मुल फुटाउन चाहन्छन् । उनी आफ्नै उत्पादनको सदुपयोग गरी आत्मनिर्भर बन्न चाहन्छन् । विदेशी सभ्यता र संस्कृतिले नेपाली संस्कृतिमा पारेको प्रभावप्रति उनी चिन्तित बनेका छन् । अर्काको इशारामा चल्नुपर्ने हाम्रो बाध्यतालाई विदेशीले उपहास गरेको र त्यही उपहासमा हामीले स्वअस्तित्व र स्वाभिमान गुमाउँदै गएकोमा उनी दुःखी छन् । विश्व आणविक शस्त्रअस्त्रको होडमा छ, ती अस्त्रशस्त्रहरूको अन्त्य प्रेममा मात्र सम्भव छ र प्रेमले नै बम बारुदको अन्त्य हुने गौतमबुद्धको सन्देशलाई उनले अझ अगाडि बढाएका छन् । विदेशी भाषा, संस्कृति, सभ्यता, भेषभुषा र रहनसहनले नेपाली समाजमा विकृति बढ्दै गरिएकोमा उनी चिन्तित बनेका छन् । यसरी अप्रत्यक्षरुपमा विदेशीले सिर्जना गरेको उपनिवेशको विरुद्ध उनी चर्को स्वर प्रस्तुत गर्दछन् र त्यसप्रति व्यङ्ग्य गर्दछन् । समग्रमा शान्ति, विश्वबन्धुत्व र नेपाली कला र संस्कृतिप्रति आस्थावान सुवेदीमा राष्ट्र निर्माणको चाहना रहेको छ ।

## ५. मानवतावादी चेतना

मानवले मानवलाई मानवको रुपमा गर्ने व्यवहारलाई मानवतावाद भनिन्छ । कविले समाजको यथार्थता प्रस्तुत गर्ने क्रममा त्यो समाजभित्रका विकृति र विसङ्गतिलाई प्रस्तुत गरेका छन् । यहाँका धनी मानिसहरूले गरिब मान्छेहरूप्रति गर्ने अमानवीय व्यवहारलाई कविले व्यङ्ग्य गरको छन् । बर्गीय असमानताले मानवीय अस्तित्व खतरा पर्दै गएको र त्यसले मानवीय अस्तित्वमाथि पार्दै गएको

प्रभावलाई कविले प्रस्तुत गरेका छन् । सहरिया धनाढ्य व्यक्तिहरूले गाउँले अशिक्षितहरूप्रति गर्ने व्यवहारलाई व्यङ्ग्य गरेका छन् । यसरी विखण्डित हुन लागेको मानवताको संरक्षणका लागि मानव मूल्यको खोजी नै उनका कवितामा पाइन्छ ।

## ६. राजनैतिक सामाजिक चेतना

पुण्यप्रसाद सुवेदीका कवितामा राजनीतिक तथा सामाजिक सचेतना पाइन्छ । समाजमा विद्यमान वर्गीय द्वन्द्व र त्यसले सिर्जना गरको समस्या देशको राजनीतिक व्यवस्था, त्यसभित्र देखापरेका विकृतिहरू, भ्रष्ट शासकहरूको आचरण, विदेशीसामु झुक्नुपर्ने नेपालीका विवशता, वेरोजगारी समस्या जस्ता कुराहरूलाई उनले आफ्ना कवितामा समेट्ने प्रयास गरेका छन् । समाजमा रहेको अन्धविश्वास विदेशी संस्कृति र सभ्यताको प्रभाव आदि कुरालाई पनि उनले आफ्ना कवितामा समावेश गरेका छन् । यी समस्यालाई उनले प्रस्तुतमात्र गरका छैनन् । त्यसमाथि सचेततापूर्वक व्यङ्ग्य पनि गरेका छन् । तत्कालीन राजनीतिक तथा समाजिक क्षेत्रका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्नु पुण्यप्रसाद सेवेदीको राजनैतिक तथा सामाजिक चेतना हो ।

६. उनलेसमाजमा रहेको विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरेका छन् । धार्मिक अन्धविश्वासका कारण समाजमा बढ्दै गएको विकृति, भ्रष्ट शासकहरूको भ्रष्ट चरित्र, नेताहरूको चरित्रहीनता, आदि कुराहरूलाई कविले व्यङ्ग्य गरेका छन् । साथै तिनै विकृतिहरूका विरुद्ध विद्रोहको स्वर प्रस्तुत गरेका छन् । उनमा समानता, स्वतन्त्रता, भातृत्व र विश्व बन्धुत्वको भावना रहेको छ । सधैं उनी यसैका पक्षमा रहेका छन् । समानता र स्वतन्त्रताका खातिर उनी युगको हाँक साँचेर अगाडि बढेका छन् । राजनीतिमा देखिएको विकृति, विदेशी सभ्यता र सँस्कृतिको प्रभाव, उपनिवेश र नव उपनिवेशवादको प्रभाव र त्यसका विकृत र त्यसमाथिको विद्रोह पाइन्छ ।

उनी शान्ति र कर्मको पक्षमा रहेका छन् । समग्रमा उनी समाज र राजनीतिका क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्न सफल भएका छन् ।

## ८. निराशावादी जीवन दृष्टि

पुण्यप्रसाद सुवेदीका कवितामा जीवनका निस्सार र निराशापन प्रस्तुत भएका छन् । मान्छेभित्रका इच्छा र चाहनाले मात्र यथार्थलाई निर्देशित गर्न नसक्ने हुनाले कतिपय अवस्थामा मान्छेको जीवनमा अनुकूल अवस्थामात्र सिर्जना हुँदैन । जब मान्छेका इच्छा र आकाङ्क्षाभित्र प्रतिकूल प्रभाव पर्दछ । उ निराश हुन्छ । उनका काव्यिक जीवनमा निराशाले पनि प्रशस्तै ठाउँ लिएको छ । उनले आफ्ना जीवनका तितानुभूतिलाई कवितामार्फत् प्रस्तुत गरेका छन् । आफ्ना इच्छा र आकाङ्क्षाहरू प्रेमिका र शासकहरूबाट पूरा नभएको भावना उनले प्रस्तुत गरका छन् । उनले मान्छेको जीवनलाई **पोखिएको विस्कुन, टाचा लागेको हुलाक टिकट, खोलमा बग्दै गएको केराको बुङ्गो, पानीभत्रको साइकल** आदिसँग तुलना गरेका छन् । केही सीमित नवधनाढ्य परिवारले गरिब वर्गमाथि गर्ने शोषणप्रति कवि निराश बनेका छन् । आफ्ना मनभित्रका व्यथा र कथालाई यथार्थरुपले प्रस्तुत गर्ने पुण्यप्रसाद सुवेदीका कवितामा निराशाबोध पाइन्छ ।

## ९. बिम्ब प्रतीक र मिथकको प्रयोगकर्ता ।

पुण्यप्रसाद सुवेदीले आफ्ना कवितमा आफ्नै जीवनसँग सम्बन्धित विभिन्न कुराहरूलाई विभिन्न बिम्ब र प्रतीकको माध्यमले प्रस्तुत गरेका छन् । उनले कवितामा दृश्य, श्रुति चेतना आदि बिम्बको प्रयोग गरेका छन् । उनले आफ्ना कवितामा दुरुह र दुर्बोध्य बिम्ब तथा प्रतीकको प्रयोग नगरी आफ्नै गाउँघरका जान पहिचानका देशीय प्राकृतिक बिम्ब र प्रतीकको प्रयोग गरेका छन् । उनका आफ्ना सुन्दर कल्पनाशील बिम्बहरूका सहायताले आफ्ना अनुभव र अनाुभूतिहरू पाठकसमक्ष प्रस्तुत गरेका छन् । उनले व्यङ्ग्य र विद्रोहलाई पनि विभिन्न प्रतीकको

माध्यमले प्रस्तुत गरेका छन् । अस्तित्वादी चिन्तकहरूले प्रस्तुत गर्ने सिसिफसको मिथकलाई पनि कविले कवितामा समावेश गरेका छन् । समग्रमा उनका कवितामा विभिन्न बिम्ब प्रतीकहरू र मिथकको सहज र सन्तुलित विन्यास पाइन्छ ।

## १०. भाषशैलीगत प्रवृत्ति

पुण्यप्रसाद सुवेदीका कवितामा प्रयुक्त भाषा सरल छ । जटिल, क्लिष्ट र दुर्बोध्य भाषाशैलीको प्रयोग उनका कवितामा पाइँदैन । उनका कतिवामा तत्सम, तद्भव तथा आगन्तुक तिनै किसिमका शब्दको प्रयोग पाइन्छ । उनका कवितामा प्रयुक्त भाषिक विचलनले कविताहरू आलङ्कारिक र काव्यिक बनेका छन् । उनले आफ्ना अनुभव र अनुभूतिलाई आरम्भदेखि सिलसिलाबद्धरुपमा अन्त्यसम्म प्रस्तुत गरेका छन् । उनका कवितामा जबरजस्तीको परिष्कार पाइँदैन । उनका मुक्त छन्दमा रचित सबैजसो कविताहरू लयात्मक बनेका छन् । समग्रमा उनको शैली अत्यन्त सरल, आकर्षक, रोचक तर गम्भीर प्रकृतिको रहेको छ ।

समग्रमा पुण्यप्रसाद सुवेदी आधुनिक नेपाली कविताका क्षेत्रमा समयसापेक्ष मार्मिक, हृदयस्पर्शी कविता लेख्ने कवि हुन् । उनका कवितामा हरेक नेपाली ढुकढुकी बोलिरहेको हुन्छ । हरेका मानिसका व्यथा, समसामयिक समस्या र वेदनालई उनका कविताले समेटेको छ । कल्पनाशक्ति, भावुकता, वैचारिकता, संवेदनशीलता, आदर्शवादी, अकाङ्क्षा अभिव्यक्तिको अद्भुतता मैलिकता उनका कविताको विशेषता हो । साथै उनका कवितामा प्रयुक्त आलङ्कारिक प्रतीकात्मक र बिम्बात्मक शैलीका कारणले कविताहरू उत्कृष्ट छन् । उनको भाषामा परिमार्जन पाइँदैन ।

# छैटौं परिच्छेद

# उपसंहार र निष्कर्ष

## ६.१ उपसंहार

पुण्यप्रसाद सुवेदी ग्रामीण परिवेशमा परम्परावादी सोच भएका परिवारमा जन्मिए पनि आफ्नो अध्ययनलाई विभिन्न समस्याहरूका बाबजुद पनि अगाडि बढाएको देखिन्छ । सानै उमेरमा विवाहबन्धनमा बाँधिएका सुवेदीका पारिवारिक जिम्मेवारी स्कुल प्रवेश नगरिकनै थपिएको थियो । त्यसकारण पनि पढाइलाई निरन्तरता दिन उनलाई समस्या परेको थियो । घरायसी जिम्मेवारीलाई चटक्कै छोडेर आफ्नो जीवनलाई सम्पूर्ण रुपमा अध्ययन कार्यमा समर्पित गरेका सुवेदीले चाँडै नै शैक्षिक सफलता प्राप्त गरेको देखिन्छ ।

साब्लाको सम्पन्न परिवारमा जन्मेका पुण्यप्रसाद सुवेदी आफ्नो जीवनकालमा साहित्य, समाजसेवा, शिक्षण र राजनीतिमा संलग्न भएको पाइन्छ । अध्ययन अध्यापनको क्रममा चाँडै नै सफलता प्राप्त गरे पनि उनले राजनीतिमा भने सफल नेतृत्व दिन सकेनन् । केही गम्भीर प्रकृतिका सुवेदीको जीवनी व्यक्तित्वका पाटाहरू एकै साथ अगाडि बढेको छ ।

शारीरिक बनावटका आधारमा हेर्दा उनी सामन्य नेपाली नागरिकहरूभन्दा केही अग्ला थिए । बोल्दा हाँसेर बोल्ने सुबेदी सबैलाई केही गर्न प्रेरणा दिन्थे र उनको स्वभाव शान्त, निश्चल, स्थिर, विनयशील र क्षमाशिल थियो । उनी जीवनकालमा, समाजसेवा, शिक्षण र राजनीतिमा संलग्न रहेका थिए र समाजमा विकास निर्माणका कार्यमा उनी अग्रपङ्क्तिमा देखिन्थे । आफ्नो कामभन्दा उनी समाजको कामलाई बढी महत्व दिन्थे । सामाजिक व्यक्तित्वका आधारमा उनी जातपातमा विश्वास गर्दैनथे । उनमा स्वार्थको भावना थिएन । उनी जीवनकालमा राजनीतिमा पनि सक्रियातका साथ संलग्न थिए । उनी राष्ट्रिय एकता र शान्तिको पक्षमा थिए । शिक्षण पेसामा पनि संलग्न रहेका सुवेदीमा असल शिक्षकमा हुने गुण थियो ।

उनको साहित्यिक संलग्नता कथा, कविता, समालोचना र गीतका क्षेत्रमा थियो । नेपाली कथा परम्परामा यथार्थ र मनोविज्ञानको बीच धारमा रहेर उनले कथा सिर्जना गरेका छन् । उनका कवितामा स्वच्छन्दतावादी प्रगतिवादी स्वर पाइन्छ भने समालोचनामा प्रभावपरक समालोचक र गीति क्षेत्रमा लोगगीतको सङ्कलनका रुपमा पुण्यप्रसाद सुवेदीलाई चिन्न सकिन्छ ।

पुण्यप्रसाद सुवेदीको साहित्यिक यात्रा २०१४ सालदेखि सुरु भएको हो । सर्वप्रथम उनले नेपालको पूर्वी पहाडी भू-भागमा प्रचलिन सङ्गिनी नाच र त्यसमा गाउने गीतलाई लेखका माध्यमाट प्रस्तुत गरेका थिए । त्यसपछि पूर्वी पहाडी भेगमा प्रचलित लोकगीतहरूलाई सङ्कलन गरेर उनले समीक्षा र व्याख्यासहित प्रस्तुत गरेका थिए । दलमुखी शीर्षकको कथाका माध्यमबाट नेपाली कथा परम्परामा प्रवेश गरको सुवेदीका हालसम्म १० वटा कथाहरू प्रकाशित भइसकेका छन् । तिनै कथाहरूको सङ्ग्रह धुँवाका चक्काहरू (२०२८) हो । यस कथा सङ्ग्रहमा नौ वटा कथाहरू सङ्गृहित रहेका छन् । मूलतः सामाजिक यथार्थ र राजनीतिक यथार्थलाई नै कथाकारले आफ्नो कथाको विषयवस्तु बनाएका छन् । समाजमा निम्नवर्गमाथि हुने थिचोमिचो तिनीहरूको समस्या र पीडालाई उनले आफ्ना कथामा प्रस्तुत गरेका छन् । उनी यथार्थवादी कथाकार हुन् उनले समाज र मनोविज्ञानलाई एकैसाथ अगाडि बढाएका छन् । यसरी २०१४ सालदेखि आफ्नो सिर्जनायात्रा प्रारम्भ गरेका सुवेदीका २०२८ सालसम्म ३ वटा समालोचनात्मक लेख र ११ वटा कथाहरू नेपाली साहित्यमा प्रस्तुत छन् । २०२८ सालमा प्रकाशित **धुँवाका चक्काहरू** कथा सङ्ग्रहका पछाडि कथा र समालोचनामा उनले कलम चलाउन छोडेको पाइन्छ । यी समालोचनात्मक लेख र कथाहरूको आधारमा उनी प्रभावपरक समालोचक र यथार्थवादी कथाकार हुन् ।

पुण्यप्रसाद सुवेदी नेपाल साहित्यमा **कल्पना** शीर्षकको कविताबाट कविताक्षेत्रमा प्रवेश गरेका हुन् । उनका विभिन्न समयमा प्रकाशित कविताहरू सङ्कलन **पुण्यप्रसाद सुवेदीका कविता** (२०६१) पुण्यप्रसाद सेवेदी स्मृति समितिले प्रकाशन गरेको छ । यस कविता सङ्ग्रहभित्र

४९ वटा कविता तथा गीतहरू सङ्गृहित रहका छन् । ४५ वटा कविता र ४ वटा गीत समावेश गरेको यो सङ्ग्रह कविता र गीतको सङ्ग्रह हो ।

## ६.२ निष्कर्ष

पुण्यप्रसाद सुवेदीका कविता सङ्ग्रहभित्र सङ्गृहित कविताहरूले विभिन्न विषयवस्तुलाई समावेश गरिएको छ । सामाजिक, राजनीतिक, प्रेम, प्रकृति र समसामयिक विषयवस्तुलाई नै उनका कविताको विषय बनाइएको छ । सामाजिक विषयवस्तु अन्तर्गत वर्गीय द्वन्द्व निम्नआर्थिक अवस्थाका समस्या, समाजमा बाह्य संस्कृति र सभ्यताको प्रभाव, अन्धविश्वास र कुरीतिहरूलाई नै उनले विषयवस्तु बनाएका छन् भने राजनीतिक विषयवस्तुका कवितामा आन्तरिक र बाह्य दुवै अवस्थाप्रति व्यङ्ग्य र विद्रोहको स्वर प्रस्तुत गरेका छन् । बाह्य हस्तक्षेप, नव उपनिवेशवाद, आदि विषयलाई अन्तर्राष्ट्रिय राजनीतिक विषयमा समावेश गरिएको छ भने आन्तरिक राजनीतिमा तत्कालीन शासक र तिनीहरूले जनतालाई गर्ने व्यवहार, जनविद्रोह, राष्ट्रनिर्माण तथा शान्तिको चाहना, समानता, स्वतन्त्रता र भातृत्वको भावना आदि पर्दछन् । यसैगरी इश्वरीय प्रेमलाई पनि समावेश गरिएको छ । ती मध्ये शृङ्गारिक अर्थात् प्रणयमूलक प्रेमलाई नै उनले आफ्नो कविताको मुख्य विषयवस्तु बनाएका छन् । समसामयिक घटनाहरूलाई पनि कविले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । आफूभित्र रहेका नैरास्यता, कुण्ठा र पीडालाई उनले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । प्रकृतिको चित्रण गरिएका कवितामा नेपालकै गाउँघर, नदीनाला, खोला बनजङ्गल हिमाल, आदिलाई समावेश गरेको छन् । उनले प्रकृतिको विभिन्न ऋृतुहरू र महिनालाई पनि आफ्ना कवितामा समावेश गरेका छन् । यस क्रममा उनले प्रकृतिको मानवीकरण गरेका छन् । उनका अधिकांश कवितामा 'म' पात्रको प्रयोग पाइन्छ । 'म' पात्रमा साहयक पात्रको पनि उनका कवितामा उपस्थिति भए पनि ती पात्रहरू 'म' मात्रकै भावभित्र समाहित भएका छन् । उनका कतिवाको परिवेश सार्वकालिक र सर्वदेशीय रहेको छ । हाम्रो गाउँ, घर, छरछिमेक, समाज लगायत अन्तर्राष्ट्रिजगत्मा घट्ने र घटिरहेका घटनालाई कविताको परिवेशका रुपमा प्रस्तुत गरिएको छ । उनका सबै कतिवाहरूको यथार्थको प्रकटीकरण रहेको छ ।

उनले आफ्ना अधिकाँश कविता म पात्रका केन्द्रीयतामा लेखिएका छन् । त्यसकारण उनका कवितामा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ । उनका कविताको भाषाशैली सहज, स्वभाविक र सरस छ । अधिकांश कविताहरूमा समानुपातिक अन्त्यानुप्रासको योजना भएकाले कविताहरू लयात्ममक र गेयात्मक ठानेका छन् । बिम्ब तथा प्रतीकहरूका ज्यादा प्रयोग नपाइने उनका कवितामा बढीमात्रामा उपमा, रुपक र स्मरण अलङ्कारको प्रयोग पाइन्छ । भाषिक विचलन र अग्रभूमीकरणका कारणले कवितामा मीठास थपिएको छ । उनका कवितामा तत्सम, तद्भव, आगन्तुक शब्द, झर्रा, नेपाली शब्द तथा अनुकरणात्मक शब्दको पनि प्रयोग पाइन्छ । वर्णनात्मक शैलीमा लेखिएका उनका कवितामा परिष्कार र परिमार्जन पाइँदैन । प्रतीगात्मक नभई भावअनुरुप सोझै सामाञ्जस्यमूलक छन् । शीर्षकाबाटै तिनको केन्द्रीय भाव बुझ्न सकिन्छ । यसरी उनलाई नेपाली कविता परम्परामा स्वच्छन्दतावादी कविका रुपमा चिनाउन सकिन्छ ।

पुण्यप्रसाद सुवेदीका हालसम्म ४ वटा गीतहरू प्रकाशित भएका छन् । ती गीतहरूले प्रेमप्रणयलाई गीतको विषयवस्तु बनाएको छ । प्रेमको दुई अवस्थाहरू वियोग र संयोग दुवैलाई उनले आफ्ना कविताा विषय बनाएका छन् । पर्याधारका दृष्टिले उनका गीतहरू झट्ट हेर्दा सामाजिक जस्ता देखिए पनि सबै जसो वैयक्तिक छन् । सबै गीतहरूको ढाँचा कलात्मक छन् । उनका गीतहरूको भाषा सरल सहज र स्वभाविक किसिमको रहेको छ । उनको गीतमा एकालापीय र संवादात्मक दुवै अभिव्यक्ति पाइन्छ । उनको प्रस्तुति बक्तव्यपरक र सम्बोधनात्मक दुवै किसिमको रहेको छ । उनका गीतमा बिम्ब र प्रतीकको खासै आयोजना पाइँदैन । अन्त्यानुप्रासको सहज विन्यासको कारणले उनका गीतहरू लयात्मक, गेयात्मक र सङ्गीतात्मक बनेका छन् । उनका गीतहरूमा भाषिक विचलन र अग्रभूमीकरणको सफल प्रयोग गरिएको छ । समग्रमा पुण्यप्रसाद सुवेदी पूर्वी पहाडी भू-भागमा जन्मिएका बहुमुखी प्रतिभा हुन् । उनी साहित्यिक संलग्नता अतिरिक्त राजनीति, समाजसेवा र शिक्षण पेशामा समेत संलग्त रहेको थिए । उनी नेपाली साहित्यको कविता, कथा, गीत र समालोचनाको क्षेत्रमा संलग्न रहेको

पाइन्छ । समालोचना र गीतको क्षेत्रमा त्यति सफल नभए पनि कथा र कविता विधामा उनी सफल देखिन्छन् । उनलाई नेपाली कविताको क्षेत्रमा स्वछन्दतावादी कविका कित्तामा लिन सकिन्छ । उनका कविताहरू ज्यादै मार्मिक हृदयस्पर्शी, आकर्षक र राम्रा खालका रहेका छन् । उनका कवितामा रहेको मानवको ढुकढुकी बोलिरहेको अनुभव हुन्छ । हरेक मानवको व्यथा, समसामयिक समस्या र वेदना रोइरहेको पाइन्छ । उनको कल्पना, शक्ति, भावुकता वैचारिक संवेदनशीलता, आदर्शको आकांक्षा, अभिव्यक्तिको अद्‌भूतता र मौलिकताका कारण उनका कविताहरू उत्कृष्ट बनेका छन् । सुवेदी समसायिक समस्या र जटिलताको अनुभूतिलाई सम्प्रेषण गर्दछन् । यही नै उनको काव्य वैशिष्ट्य हो । सुवेदीले आफ्ना कवितामा स्थानीय तथा कथ्य भाषाले ठेट नेपालीको परिचय दिँदै कवित्वलाई सजीवता प्रदान गरेका छन् ।

# सन्दर्भसूची


बुढाथोकी, हरिभक्त, **हाम्रो देश हाम्रो भविष्य**, काठमाडौंः विराज बुढाथोकी, २०६२ ।

बोगटी, रामबहादुर, **बल्लभमणि दाहालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरः २०६० ।

भोजपुरे, हिरण्यलाल, **लेकाली सङ्गीतयात्रा,** काठमाडौंः लेकाली नेपाल, २०५८ ।

लम्जेल, रविमान, **कोशी अञ्चलको साहित्यिक इतिहास,** काठमाडौंः रत्नमाया दलिल, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडोंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७ ।

---------------------, **कविता सिद्धान्त र नेपाली कतिवाको इतिहास,** कामाडौंः ने.रा.प्र.प्र., २०६० ।

------------------**कविताको संरचनात्मक विश्लेषण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** (पाँ.सं.), काठमाडौं अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडोंः ने.रा.प्र.प्र., २०५७ ।

सिवाकोटी, देवीमाया, **पुण्यप्रसाद सुवेदीको जीवनी व्यक्तित्व**, **कृतित्वको अध्ययन**, अप्रकाशित शोधपत्र, विराटनागरः स्नातकोत्तर क्याम्पस, २०६१ ।

सुवेदी, अभि, **पाश्चात्य काव्य सिद्धान्त,** काठमाडौंः साभा प्रकाशन, २०५४ ।

सुवेदी, पुण्यप्रसाद, **धुँवाका चक्काहरू** काठमाडौंः साभा प्रकाशन, २०२० ।

--------------**पुण्यप्रसाद सुवेदीका कविता**, मोरङः पुण्यप्रसाद सुवेदी स्मृति समिति, २०६२ ।

सुवेदी, सूर्य, (संम्पा) **पुण्यप्रसाद सुवेदी स्मृति ग्रन्थ**, मोरङः पुण्यप्रसाद सुवेदी स्मृति समिति, २०६२ ।

**पत्रपत्रिकासूची**

रेग्मी, शिव, **अभिव्यञ्जनाका कवि पुण्यप्रसाद सुवेदी**, मधुपर्क, वर्ष ३३, अङ्क, ४ पृ. ४१ ।

सुवेदी, अभि, **नयाँ सडक रश्मि र साहित्य**, कान्तिपुर, २०५९ असोज १५, पृ. ७ ।

सुवेदी, दधिराज, **पूर्वाञ्चलमा नेपाली साहित्यको गतिविधि**, प्रतिभा स्मारिका, २०५८ ।

सुवेदी, पुण्यप्रसाद (सम्पादकीय) **वर्तमान नेपाली साहित्य**, द्योराली, वर्ष १, अङ्क १ २०१८ ।

---------------(सम्पादकीय) **आफ्नै समस्या,** द्योराली, वर्ष २, अङ् २, २०१९ ।

सुवेदी रोशन, **बिर्सिएका साहित्यकार स्व. पुण्यप्रसाद सुवेदी एक शब्दचित्र**, कान्तिपुर, २०५८ वैशाख १५, पृ. ४ ।